महिलाहरू माथिको उत्पीडन विरूद्ध
महिलाहरूकै पहल आवश्यक

उत्पीडित महिला मंच

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्युचाटार, काठमाण्डौ, नेपाल

महिलाहरू माथिको उत्पीडन विरूद्ध
महिलाहरूकै पहल आवश्यक

उत्पीडित महिला मंच

फागुन १-४, २०४९
नेपालगंजको

प्रतिवेदन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पत्र मञ्जुषा २७२६, काठमाण्डौ, नेपाल
फोन २७०७७०, फ्याक्स : ९९७-१-२२६८२०

महिलाहरू माथिको उत्पीडन विरूद्ध महिलाहरूकै पहल आवश्यक

उत्पीडित महिला मंच

फागुन १-४, २०४९
नेपालगंज

सर्वाधिकार
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मा सुरक्षित

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कम्प्युटर डिजाइन
किरण माली / इन्सेक

टाइप सेटिंग
जगदीश दाहाल / इन्सेक

मूल्य : रू. १०

Digitized By: Bimal Chandra Sharma

मुद्रक
अल्फा अफसेट प्रेस, कुपण्डोल, ललितपुर

आयोजकहरुका तर्फबाट

उत्पीडित महिला मञ्च : अवधारणा र केही कुरा

"उत्पीडित महिला मञ्च"" को आयोजना गर्ने विषयमा हामीले प्रकाश काफ्लेको उपस्थितिमा नै निकै छलफल गरेका थियौं । विविध क्षेत्रमा उत्पीडित महिलाहरूको समस्यालाई जनसमक्ष उजागर गर्ने वा उनीहरूका समस्यालाई सहयोगी संघ-संस्था एवं दातृ संस्थाहरूको आँखा अगाडि पनि छर्लङ्ग तुल्याइदिने उद्देश्यका साथ सुरू गरिएको अभियानको दिशामा नेपालगञ्जको कार्यक्रमद्वारा हामीले सानो पाइलों अघि सारेका छौं ।

यो तथ्य कसैबाट छिपेको छैन कि विश्वका अन्य भागहरूमा झैं नेपालमा पनि महिलाहरू हरेक क्षेत्रमा पिछडिएका छन् । हाम्रा सबै राजनेता एवं बुद्धिजिवीहरूको मुखबाट हामीले उपरोक्त कुरा धेरै चोटी सुनेका छौं । तर महिला उत्पीडनका तथ्यहरूलाई केलाएर महिलाहरूको समस्या पन्छाउन ठोस कदम चालिएको छ भन्ने अवसर चाहि हामीले अहिलेसम्म कमै मात्र पाएका छौं ।

चालीस प्रतिशत नेपाली बालिकाहरूको चौध वर्ष पुग्दा नपुग्दै विवाह हुने गर्दछ । यस मामिलामा नेपाल दक्षिण एशियाली राष्ट्रहरूमा पहिलो नम्बरमा आउँदछ । हाम्रो परम्परागत संस्कार र मान्यताका कारण यस्ता कलिला उमेरका विवाहित महिलाहरूले कठोर बुर्हातन खप्नु पर्दछ । तिनीहरूको दुःखको श्रृङ्खला अनन्त छ ।

हाम्रा परम्परागत मान्यताहरूले पनि जारी प्रथा चलाएर अप्रत्यक्ष रूपमा महिलाहरूको किनबेच गर्ने चलन स्थापित मात्र गरेको छैन; देवताहरूलाई कन्याकुमारी चढाउने देउकीहरूको प्रचलन सुरू गरेर महिलाहरूको यौन शोषणको मार्ग खोलेको छ ।

आर्थिक विपन्नताका कारण पनि महिला माथिको उत्पीडनले प्रश्रय पाएको छ । विदेशमा ग्रामीण इलाकाबाट अर्थोपार्जनकै लोभमा महिलाहरूलाई देहव्यापारकालागि लैजाने क्रम जारी छ । एक तथ्याङ्क अनुसार भारतका वेश्यालयहरूमा नेपाली चेलीबेटीको संख्या झण्डै दुई लाख पुगि सक्यो । भारतका कूल वेश्याहरू मध्ये पचास प्रतिशत नेपालीहरू नै रहेका छन् । र भनिन्छ तिनीहरू मध्ये चालीस प्रतिशत एड्सको जिवाणुद्वारा प्रभावित भई सकेका छन् । केही दिन अघि मात्र भारतको स्वयंसेवी संस्था "सावधान"" का सचिव विनोद गुप्ताले काठमाण्डौंसम्म आएर बताएका थिए- "बम्बईमा मात्र पच्चीस हजार नेपाली चलिबेटीहरू वेश्यावृतिमा संलग्न रहेका छन् ।"

वेश्यावृति र वलात्कार देश भित्रै पनि तीव्र रूपमा बढी रहेको छ । भनिन्छ काठमाडौंमा मात्र पाँच हजार आइमाईहरू वेश्यावृतिमा संलग्न छन् ।

देह व्यापारको खाडलमा नराम्रोसंग फसिसकेका नेपालगञ्ज स्थित गगनगञ्जका वादी महिलाहरू पनि उपयुक्त रोजगारीको आशा गरिरहेका छन् । तर बर्तमान प्रजातान्त्रिक प्रशासनले पनि त्यहाँ विगतमा स्थापित गरिएको वेश्यावृतिको प्रचलनलाई विस्थापित गर्ने यथोचित कदम चाल्न सकेको

छैन । वेश्यावृत्तिलाई मुढेबलको प्रयोग गरेर नियन्त्रण गर्न सकिदैन । त्यस पेशामा संलग्न महिलाहरूलाई उचित रोजगारको अवसर प्रदान गरेर मात्र देहव्यापारलाई विस्थापित गर्न सकिन्छ । तर केन्द्रिय र स्थानीय प्रशासनको असक्षमताका कारण बाबुको नाम नभएका वादी-बालिकाहरू दिनहुँ वेश्याबृतिको यातना भोगिरहेकै छन् ।

वादीहरू आफ्नो मूल थलो सल्यानको फलबाङ भएको बताउँछन् । उनीहरू भन्दछन् - "सुरूवातमा हामीहरू सल्यानी राजाको दरवारमा नाच्ने गाउँने गर्दथे र बकसीस आदिबाट जिविका चलाउथे । कालान्तरमा राजा रजौटाहरूको उन्मूलनसगै उनीहरू पनि देशका विभिन्न ठाउँहरूमा छरिन पुग्गे । अहिले नेपालमा बाँके, बर्दिया, दाङ, कैलाली, सुर्खेत र रूकुममा गरि कूल दुई लाख भन्दा बढी वादीहरू रहेको अनुमान गरिन्छ । नाच गान गर्ने गर्दा गर्दै वादी महिलाहरू बाबुको नाम नभएका छोरा छोरीहरू जन्मन थाले पछि र उनीहरू स्वतः वेश्यावृतिमा संलग्न गराइन थाले । देशको अन्य भागका वादीहरू यस्तो पेशामा संलग्न छैनन । तर गगनगञ्जका वादी समूदायलाई वेश्यावृतिको पर्यावाचीको रूपमा नै लिएको समेत पाइन्छ । तर यो एकदम गलत कुरो हो र सम्बन्धित निकायले मुजुरा देखाउँदा देखाउँदै यही समाजले वेश्या बन्न बाध्य गराएका वादी महिलाहरूलाई वेश्याबृतिको खाड्लबाट उन्मुक्ति प्रदान गर्नु पर्दछ ।

नेपालको एकिकरण हुनु भन्दा अघि डोटीमा एक जना शक्तिशाली राजा थिए-नागि मल्ल । त्यही क्षेत्र अर्थात हालको डडेलधुरामा भागेश्वर नामक देवता पनि रहन्थे भन्ने किम्बदन्ती पाइन्छ । समयान्तरमा नागिमल्लले भागेश्वरको अपमान गर्न थाले पश्चात डोटी-डडेलधुरामा अनेकौ प्रलय हुन थाल्यो र त्यही समय देखि नागिमल्लले भागेश्वरको श्रुश्रुसा निम्ति कन्या केटी चढाउने प्रचलन सुरू गरेका हुन भन्ने अवधारणा पाइन्छ । आजभोलि सूदुर पश्चिमाञ्चलको बैतडी लगायत केही जिल्लाहरूमा आफ्नो मनोकामना पूरा गराउनका लागि मानिसहरू आफ्ना कुमारी छोरी वा पैसा तिरेर अरूको छोरी सानै उमेरमा देवता कहाँ चढाउने गर्दछन् । यस्ता केटीहरूले उमेर पुगेपछि पनि बैवाहिक जीवन यापन गर्न पाउदैनन् । तर उनीहरूको यौन शोषण यति ठूलो मात्रामा हुने गर्दछ कि कतिपय देउकीहरू वेश्याकै थान्कामा राखिएका हुन्छन् । खासगरि नायक, नेगी, राउत, धामी वा देवाकस जातिका केटीहरूलाई देउकीको रूपमा चढाइन्छ । देउकीका रूपमा चढाइने केटीहरू प्रायस बैतडीको मेलौली गा. वि. स. मा दस हजार भन्दा बढीमा खरिद गरिने गरेको पाइन्छ । त्यसरी चढाइने गरिएका केटीहरूको उमेर ६ देखि ९ वर्षको मात्र हन्छ । र अधिकांशले आफू बेचिएको वा चढाइएको कुरा ठूलो भएपछि मात्र थाहा पाउँछन् ।

महिला उत्पीडनलाई प्रश्रय दिने हाम्रो परम्परागत प्रथा मध्ये जारी तिर्ने चलन पनि एउटा उल्लेख्य प्रथा हो । यस प्रथा अन्तर्गत कुनै आईमाईले राजीखुसी आफ्नो लोग्नेलाई छोडि अर्को लोग्नेमानिससंग विवाह गरी भने उसको नयाँ पतिले पहिलेको पतिले तोके बमोजिमको विगो तिर्नु पर्दछ । उक्त आइमाईले पहिलेको पतिसंग विवाह गर्दा जम्मा भएका समपूर्ण लत्ता कपडा पनि फिर्ता गर्नु पर्दछ । जुम्ला जिल्लाको चन्द्रनाथ गा. वि. स. का एकजना कृषकले एक प्रहरी हवल्दारद्वारा तेह्र वर्षसम्म परितक्त्या भई सकेकी महिलासंग विवाह गर्दा २०४९ साउनमा वाइस हजार जारी रकम ती हवल्दारलाई बुझाउनु परेको थियो । यसबाट प्रमाणित हुन्छ यो प्रथाले खासगरी कर्णाली अञ्चलमा आजसम्म पनि नराम्रोसंग जरो गाडेको छ । देशका अन्य ग्रामिण इलाकाहरूमा पनि छिटफूट रूपमा जारी प्रथा देख्ने पाइन्छ ।

उद्योग धन्धा र शहरीकरणबाट पनि महिलाहरू निकै उत्पीडित भएका छन् । सन् १९७४ मा जमर्नी सहयोगद्वारा काठमाडौंको चोभार गा. वि. स. मा स्थापित सिमेन्ट कारखानाले त्यहाँको वातावरणमा प्रतिकूल असर पारेको छ । र त्यहाँको सम्पूर्ण जनसंख्या कारखानाले श्रृजना गरेको प्रतिकूलताहरूबाट दुष्प्रभावित भएको छ । झण्डै सय परिवार नराम्रोसंग ग्रसित छन् । तर त्यहाँका महिलाहरूको पीडा पुरूषहरूको भन्दा पनि एक तह माथि रहेको छ ।

केही वर्ष यता विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत बन्न पुगेको कार्पेट उद्योगमा संलग्न महिलाहरूको पीडा झन अनन्त छ । बालिकाहरू समेत उक्त उद्योगमा विधमान विसंगतिहरूबाट पीडित त छदैछन् , उमेर पुगेका आइमाईहरू समेत अपर्याप्त ज्यालाका कारण मात्र होइन यौन शोषणका कारण पनि आक्रान्त छन् । बाल मजदूर सरोकार केन्द्रले हालै गरेको एक सर्भेक्षणका अनुसार कार्पेट कारखानाहरूमा काम गर्ने कूल महिलाहरू मध्ये पैतालीस प्रतिशत महिलाहरू कार्य स्थलमै यौन अत्याचारहरूको शिकार बन्दछन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०४८-२०४९ मा करिब एघार महिनासम्म गरेको अध्ययन अनुसार बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूमा रहेका करिब अठार हजार कमैयाहरू मध्ये एकतीस प्रतिशतले सौंकी वा श्रृण लिएका छन् र त्यसैले हाम्रो देशका पाँचहजार भन्दा बढी कमैयाहरू पशुतुल्य जीवन ज्यून बाध्य बनाइएका छन् । स्वतन्त्रता कुन चरीको नाम हो कमैयाहरूलाई थाहा छैन । कमैयाले आफ्नी नव विवाहिता पत्नी पनि सर्वप्रथम मालिकलाई चढाउनु पर्ने मात्र देखिएको छैन मालिकले गर्भधारण गराएका कतिपय सोझी थरूनी केटीहरूलाई पनि कमैयाले चुपचाप स्वीकार गर्नु परेको पनि देखिएको छ । कमैयाकी सुत्केरीले पनि दस-बाह्र दिन विदा पाई भने धेरै आराम गरेको ठहरिन्छ । दिन रात काम गरेर पनि मानवोचित जीवन यापन गर्न नपाउनु कमैयाहरूका लागि सामान्य कुरो झैं भइ सक्यो । बर्दिया जिल्लाको कनरामा सुकुम्बासी जीवन यापन गरिरहेका कमैयाहरूलाई गएर हेरियो भने उनीहरूको समस्याको झलक धेरै हदसम्म पाउन सकिन्छ ।

छयालीसको जनआन्दोलनको अन्तीम धक्काले नै तत्कालिन पञ्चायत व्यवस्थालाई ढालेको थियो । त्यस अघि पनि पञ्चायत विरोधी अभियानमा थुप्रै योद्धाहरूले ज्यू ज्यानको समेत बलिदान गरेका थिए । तर आज शहिद आश्रित महिला वा शहीद पत्नीहरू राजनेताहरू कृतध्नताको मार्गमा अघि बढी रहेको दावी गर्दैछन् । हामीलाई लाग्छ- नेपालगञ्जको कार्यक्रममा देशका अत्यन्त चर्चित शहीदकी पत्नीले व्यक्त गरेको धारणाले अवश्य पनि हाम्रा राजनेताहरूलाई निधार खुम्च्याएर सोच्न बाध्य तुलयाउने छ ।

यस देशमा महिला उत्पीडनका अन्य थुप्रै माध्यमहरू रहेका छन् । तर सुरूवातमा हामीले उल्लेखित क्षेत्रहरूलाई मात्र समेटेका छौं । हामी केवल सर्भेक्षण र अनुसंन्धानमा मात्र सिमित रहेनौं । बरू त्यस परम्परागत शैली भन्दा केही पृथक रहेर हामीले उत्पीडितहरूलाई नै कार्यक्रमको केन्द्रविन्दूमा राख्यौं । यस प्रतिवेदनमा स्वयं उत्पीडित महिलाहरूकै विवरण वा भनाईहरूलाई सकेसम्म जस्ताको त्यस्तै प्रस्तुत गरेका छौं ।

हामीले परम्परगत मान्यताहरूद्वारा उत्पीडित महिलाहरूमा जारी, देउकी एवं कुमारी प्रथाबाट पीडित पहिलाहरूका साथै वादीमहिलाहरूलाई कार्यक्रममा समावेश गर्ने सोचाई बनाएका थियौं । त्यस्तै सामाजिक अन्यायको शिकार भएका कमैया महिला एवं आर्थिक दुरावस्था अनि शहरीकरणका शिकार

भएका वेश्यावृति गर्न वाध्य तुल्याइएकी महिला, एड्स पीडित र कार्पेट उद्योगमा काम गर्ने महिलाहरू पनि सहभागी बनाउने योजना बनाएका थियौं। विकाश निर्माणका कामहरू का साथै वातावरणीय ह्रासद्वारा उत्पीडित महिलाहरूको प्रतिनिधित्व हामीले चोभारको सिमेन्ट कारखानाका दुष्प्रभावहरूद्वारा उत्पीडित महिलाहरूलाई पनि उपस्थित गराउने योजना बनाएका थियौं।

हामीले विविध कारणवशः कुमारी एवं एड्स पीडित महिलाको प्रतिनिधित्व गराउन नसके पनि अन्य क्षेत्रका महिलाहरूके सक्रिय सहमागतिले भने हामीलाई उत्साहित बनाएको छ।

मानव अधिकार संघ-संस्थाहरूले उजागर गरिदिएका तथ्यहरूलाई सम्बन्धित निकायले उपयोग गर्न सके मात्र ती संस्थाहरूले आफ्नो प्रयास सफल भएको ठान्नु पर्दछ। यहाँ नेर हामीले पनि भन्नै पर्ने हुन्छ-उत्पीडित महिलाहरूकै सक्रियतामा संचालित कार्यक्रमद्वारा उनीहरूले पेश गरेका सुझावहरूलाई हामीले त लिखित रूपमा प्रस्तुत गरिदिएका छौं। र अव भने हामी सरकारी र गैर सरकारी दुवै क्षेत्रबाट भविष्यामा चालिने कदमको व्यग्रता साथ प्रतिक्ष गर्नेछौं। हामीले गरेको काममा प्रसस्त त्रुटीहरू होलान्। तर हाम्रो पाइलो सही दिशा तर्फ नै उन्मुख छ भन्न हामीलाई कुनै हिचकिचाहट छैन।

"उत्पीडित महिला मञ्च" ले गरेको थालनीलाई भविष्यमा कसरी अघि बढाउने भन्ने विषयमा धेरै कुराहरू तय गर्न बाँकी छ। र ती कुराहरू यस प्रतिबेदनले उव्जाउने सवाल वा कौतुहलतामा निर्भर गर्ने छ भन्ने हाम्रो धारणा रहेको छ। तर नेपालगञ्जको कार्यक्रम सम्पन्न भएकोमा मैले केही साथीहरूलाई धन्यवाद दिनै पर्छ र उनीहरूको उललेख गर्नै पर्छ। प्रकाश हुँदा देखि नै कार्यक्रमको तयारी क्रममा उत्सुकता दर्शाउने र लागि पर्ने मिना शर्मा विशेष धन्यवाद की पात्र हुनु हुन्छ। कार्यक्रममका विभिन्न समूहहरूको छलफलको प्रतिबेदन तयार गरी मूल प्रतिवेदनकालागि सघाउ पुऱ्याउने रेणु उप्रेती, शान्ति चौधरी, पार्वति पाण्डे, गंगा कसजु, लता प्याकुरेल, मञ्जु थापा, शिसम मिश्र आदि एवं व्यवस्थापन पक्षलाई सबलतापूर्वक सम्हाल्ने रमेश बौंनियालाई पनि विशेष धन्यवाद दिनै पर्छ। त्यस्तै कार्यक्रममा सहभागिता जनाइदिने सबै उत्पीडित महिला एवं अन्य महानुभावहरू धन्यावादका पात्रहरू पनि हुनुहन्छ।

सहआयोजक सोसल एवेरनेश फर एजुकेशनको सक्रियताको पनि सहाहना गर्नै पर्ने ठान्दछु। त्यस संस्थाका दिलिप परियारको सहयोगका कारण कार्यक्रम सफल तुल्याउन निकै सघाउ पुग्यो। त्यस्तै कार्यक्रमको पूर्वतयारकि लागि योगदान दिने कविता अर्याल पनि धन्यवादकी पात्र हुनुहुन्छ। साथै नेदरल्याण्ड नागरिक हाडवीक भ्यानक्यामपेन प्रति पनि हार्दीक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, सम्पूर्ण समूहगत प्रतवेदनहरूको सम्पादन गरि मूल प्रतिवेदनको संयोजन एवं परिमार्जन गर्ने पत्रकार कुन्दन अर्याललाई पनि धन्यवाद प्रदान गर्दछु।

सुशील प्याकुरेल
संयोजक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

उत्पीडित महिला मंचको पूर्व तयारी

उत्पीडित महिला मंच अर्थात पीडित महिलाहरूको जमघटको आयोजना गर्ने योजना ०४८ साल मै भएको थियो । इन्सेकले महिला सम्वन्धी कार्यक्रममा पनि संलग्न हुने विचारका साथ उक्त कार्यक्रमको स्वरूप तयार गरेको थियो । कार्यक्रम २०४९ सालको शुरूवातमा नै सम्पन्न गर्ने योजना राखिएको थियो । तर विभिन्न कारणहरूले गर्दा कार्यक्रम पूर्वनिर्धारित समयमा हुन सकेन ।

कार्यक्रम सम्पन्न गर्न पूर्व तयारी गर्ने जिम्मेवारी कविता अर्याल र म दुई जनाले लिएका थियौ । जसअनुसार कार्यक्रमको रूपरेखा तयार गर्ने तथा उत्पीडित महिलाहरूलाई उनीहरूकै ठाउँमा गएर भेट्ने काम गर्नु पर्ने थियो । योजना अनुसार २०४९ साल कार्तिक महिना देखि कार्यक्रमको लागि तयारी अगाडि बढ्यो । यस सिलसिलामा हामी प्रथम पटक चोभार सिमेन्ट कारखाना क्षेत्रका महिलाहरू कहाँ गयौं । हाम्रो विचार पनि शुरूमा नजिकको स्थानहरू मै जाने थियो । चोभार दक्षिणकाली जाने बाटोमा काठमाडौंबाट नजिकै भए पनि कविता र म अध्ययनको सिलसिलामा प्रथम पटक चोभार प्रवेश गरिरहेका थियौं । इन्सेकले पनि त्यहाँ कुनै कार्यक्रम दिएको थिएन । अन्य संघ संस्था पनि त्यहाँ सक्रिय रहेनछन । जसले गर्दा अन्य जिल्लामा झै त्यहाँ हाम्रो आवश्यक नेटवर्क थिएन । हामी चोभार त पुग्यौ, तर अब कसलाई भेट्ने ? भन्ने समस्या हाम्रो अगाडि आइपुग्यो । सिमेन्ट कारखानाअगाडि एउटा चिया पसल रहेछ । त्यही पस्यौ । हामीले मुश्किलले त्यहाँ आफ्नो कुरा राख्यौ । सामान्य नागरिकले गैर सरकारी संस्था प्रति प्राय गलत धारणा राख्ने हुँदा कतै नकरात्मक जवाफ त पाइने होइन ? डर लागि रहेको थियो । पछि थाहा लाग्यो की हामी जस्ता संस्थावाट केही दिने वचन दिदै सोध्न धेरै व्यक्ति आइसकेका रहेछन । उनीहरूले बताए, "आफ्नो कुरा भन्दा-भन्दा दिक्क लागी सक्यों । कहिले कतैवाट केही हुने होइन । नयाँ ठाउँ तथा नया मानिसलाई आफ्नो कार्यक्रमको वारेमा विश्वास दिलाउन गाहै पर्‍यो ।

हाम्रो कार्यक्रमको मिति, स्थान केही निश्चित भएको थिएन । तापनि कार्यक्रमको सामान्य जानकारी उनीहरूलाई दियौ । हामीसंग कुरा गर्ने सानू काठमाण्डौको कुनै क्याम्पसमा अध्ययनरत रहिछन । उनले अनकम कर्माचार्य कहाँ जाने सल्लाह दिइन । अनकम दिदीसंग हाम्रो कुरा भयो वहाँ एक्सफोड नामक संस्थाको सदस्य हुनु हुँदो रहेछ । जससंग इन्सेक पनि सम्वद्ध छ । यस नाताले हाम्रो त्यस क्षेत्रको अध्ययन क्रममा धेरै सघाउ पुग्यो । वहाँ अन्य सामाजिक कार्यक्रममा पनि संलग्न हुनु हुँदो रहेछ । वहाँ आफैले तथा कनै वेला अरूलाई अह्राएर हामीलाई स्थानीय महिलाहरूसंग भेटाइदिने काम गर्नु भयो । त्यस वाहेक हामी आफै पनि महिलाहरूसंग कुरा गर्ने गर्थ्यौं । हाम्रो पाँच पटक सम्मको चोभार यात्राका क्रममा आफूलाई परेको दुःख भन्न सक्ने महिलाहरूलाई भेट्ने काम प्राय सकिएको थियो । त्यस अवधिमा विभिन्न उमेर तथा समूहका महिलालाई भेट्ने काम भएको थियो ।

त्यसै सिलसिलामा हामीले सिमेन्ट कारखाना प्रशासनका मानिससंग पनि भेट्यौं । अध्ययन क्रममा सुगमताका लागि प्रश्नपत्र पनि तयार गरेका थियौ । पछि त्यही क्षेत्रवाट दुई वृद्ध महिलाहरू आफ्ना कुरा राख्न कार्यक्रममा आउनु भयो ।

यसरी क्रमशः सिमेन्ट गलैचा कारखाना, राजनैतिक पीडित अथवा काठमाण्डौ नजिकका क्षेत्रको अध्ययन तथा पीडित महिलाहरूको व्यक्तिगत विवरण लिने काम भयो । त्यसपछि हामी कार्तिक २० गते नुवाकोट जिल्लाको लामा गाउँमा वलात्कारमा परेकी एक महिलालाई भेट्न हिड्यौं । उसको कथा कुनै एउटा पत्रिकामा निस्किएको थियो साथै उनी काठमाण्डौ आएकी वेला कविताले भेटेकी थिइन ।

भोलिपल्ट कार्तिक २१ गते हामी त्रिशुलीबाट सर्वेरै इन्सेकका नुवाकोट जिल्ला स्वयंसेवक राम शरण प्याकुरेलसंग समुन्द्रटार राउत वेशी, शिखर वेसी तर्फ लाग्यौ । त्यहाँ बम्वईवाट फर्किएका युवतीहरूलाई भेट्नु थियो । हामी सरकारका मानिस हौं भनेर उनीहरू कुरा गर्न डराउँथे । शिखरवेसीमा सम्भव भए सम्मका महिलालाई भेट्न गयौं । करिव पाँच दिन त्यस क्षेत्रमा विताई हामी काठमाण्डौ फर्कियौं ।

त्यस वेलासम्म हामीले कार्यक्रमको समय र ठाउँ निर्धारण गरिसकेका थियौं । नुवाकोटको चेलीवेटी वेचविखान समस्याको अध्ययन पश्चात पश्चिम नेपालमा देवकी, वदेनी तथा परिवारिक हिंसा, वँधुवा प्रथावाट पीडित महिलाहरूको वारेमा जान्नु थियो । तर नुवाकोटवाट फर्केपछि कविताले कार्यक्रमका निम्ती समय दिन सकिनन ।

तयारीको पछिल्लो चरणमा नेदरल्याण्डवाट अध्ययनमा आएकी हद्विक भ्यान केमपेन उत्पीडित महिला मंचको तयारीमा सक्रिय रूपले लागिन । उनी र म मंसिर ९ गते पश्चिम नेपाल तिर लाग्यौं । पश्चिम नेपालमा इनसेको संगठन भएको हुँदा त्यस क्षेत्रमा अन्य ठाउँमा जस्तो समस्या झेल्नु परेन । हाम्रा इन्सेकका जिल्ला स्वयंसेवकको मार्फतवाट गाँउका सक्रिय व्यक्ति र ती व्यक्तिहरू मार्फत पीडित सम्म पुग्ने काम भयो । वदेनी, वँधुवा मजदूर समस्यावाट उत्पीडित महिलाहरूकहाँ जाँदा जस्तो सजिलो देवकीहरू कहाँ जाँदा भएन । संयोगवस हाम्रो पश्चिम क्षेत्रको अध्ययन भ्रमणमा इन्सेक जिल्ला स्वयं सेवकहरूको तालिम कार्यक्रम परेको थियो । नेपालगंजवाट कैलाली हुँदै हामी कन्चनपुर, महेन्द्रनगर पुग्यौं । महेन्द्रनगरमा तीन दिन वसी वधुंवा महिला मजदूरलाई भेट्ने काम भयो । त्यसपछि वैतडी जिल्लाका स्वयं सेवक केदार चन्द भट्टले वैतडी जिल्लाको मेलौली गा.वि.स.का केही गाउँमा रहेका देवकीहरू माझमा लैजाने वचन दिनु भयो । सोही अनुरूप हामी बैतडीको वस चढ्यौं । केदारजी, हद्वीग, इन्सेक पश्चिम क्षेत्रका स्वयंसेवक दरशथ वुढाथोकि तथा म वैतडी तर्फ लाग्यौं । उकालो धुलै धूलो तथा विग्रेको वसमा दिन भरीको यात्रापछि करिव ६ वजे बैतडी नजिक पाटन पुग्यौं । वसमा केही ब्यक्तिलाई सोधेपछि पाटनबाट हिडेर मेलौली गए सरल हुने थाहा लाग्यो ।

मंसिर १२ गते रातको करिव साढे सात वजे हामी देवकीहरूको गाँउमा रहेको किसान सिंहको पसलमा पुग्यौं । हामी तीन जना तथा एक विदेशी आएको देखेर राती नै स-सानो हुल जम्मा भयो । थाकेको नै भए पनि देवकीहरूको वारेमा कुराकानी शुरू गऱ्यौं । त्यस रात जम्मा भएका युवकहरूले देवकी प्रथा वारे वोल्न नचाहेको भए पनि अझ पनि देवकी प्रथा फष्टाई रहेको तथ्य अगाडि आयो ।

भोलीपल्ट देखि देवकीहरूलाई भेट्ने हाम्रो योजना थियो । तर मानिस आउने र सोध्ने क्रमवाट दिक्क भइसकेका हुनाले महिलाहरूले खासै कुरो वताउन चाहेनन । मेलौली (जहाँ देवकीहरू चढाइन्छ) देवीका मन्दिर अगाडि लगभग दिनभरी हाम्रो कार्यक्रम र देवकी प्रथा वारे छलफल भयो । त्यस क्रममा करिव तीन देवकीहरूलाई भेटी उनीहरूको व्यक्तिगत विवरण लिन सकियो । स्थानीय

भाषा नेपाली नै भएपनि नवुझिने किसिमको रहेछ । उनीहरूसंग कतिपय कुरा भए पनि उनीहरूले आफ्नो बारेमा बताउन नै चहेनन तथा बताएका कुरा पनि नछापि दिने तथा नाम ननिकाल्ने वयानका साथ दिएका थिए । त्यसै साँझ हामी वसेको घरमा नै एक देवकी आफूले भोगी रहेको पीडा बताउन आइन । युवकहरूले लगतार रूपमा स्थानीय भाषामा केही नबताउने जोड दिइरहेका थिए । तर पनि उनले आफ्नो कुरा वताई रहिन ।

यसरी केही डर तथा केही कठिनाइको सामाना गर्दै हामीले कार्यक्रमको तयारी गऱ्यौं । यसरी अध्ययनमा गएको वेला जति सक्यो धेरै महिलाहरूलाई भेट्ने काम हुन्थ्यो । जस मध्ये आफ्नो कुरा राख्न सक्ने महिलाहरूलाई छान्यौ । उमेर तथा पारिवारिक पृष्टभूमि फरक भएका, एक शिक्षित अर्को अशिक्षित जस्ता विपरित किसिमका महिलाहरू छानेर उनीहरूले आ-आफ्नै किसिमले कुरा राख्नुन भन्ने हाम्रो धारण थियो । त्यस काममा हामी केही हदसम्म सफल पनि भयौं ।

यसरी उत्पीडित महिलाहरूसंग प्रत्यक्ष भेट भएपछि कार्यक्रममा आउन सक्नेलाई हामीले यसको प्रक्रिया बताउथ्यौ । सम्भव भएका क्षेत्रहरूमा हामी फेरी फेरी गयौ । तर टाढाका क्षेत्रहरूमा हाम्रा कार्यक्रममा आउने महिलासंग विभिन्न माध्यमवाट सम्पर्क भइरहन्थ्यो । कतिपय ठाउँमा इन्सेकको आफ्नै संगठन हुनाले अर्को सुविधा स्वयं सेवक मार्फत महिलासम्म जान सक्ने थियो । कुनै कुनै क्षेत्रका महिलाहरूलाई हामी गएर भेटेर आए पछि इन्सेक स्वयंसेवकले नै नेपालगंज कार्यक्रमसम्म ल्याउनु भएको थियो ।

विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक, वातावरणीय ह्रास तथा पारिवारिक हिंसावाट पीडित महिलाहरूलाई एउटै मंचमा ल्याउने योजना बन्यो । जसले गर्दा हालसम्म प्रकाशमा आएका महिला माथि हुने संगठित अपराधहरूवाट पीडित प्रत्येक दुई जना महिला कार्यक्रममा सहभागी बनाउने योजना बन्यो ।

"उत्पीडित महिला मंच" -पीडित महिलाहरूको एउटा जमघट सम्पन्न भएको छ । त्यस कार्यक्रमका लागि भएका पूर्व तयारी पनि सोही अर्थमा सफल भएको छ । तर नेपालगंजको कार्यक्रम पनि भविष्यको अभियानको एउटा पूर्व तयारी नै हो । उत्पीडित महिलाहरूको समस्यालाई उजागर गर्ने अभियानमा आउँदा दिनमा हामीले अझ धेरै काम गर्न बाँकी छ । पूर्व तयारीको क्रम जारी राख्नु परेको छ ।

मीना शर्मा
महिला विभाग, इन्सेक

उत्पीडित महिला मञ्च

नेपालगंज

संक्षेपमा

नेपालगंजको उत्पीडित महिला मञ्च कार्यक्रममा इन्सेकका संयोजक सुशील प्याकुरेलले स्वागत वक्तव्य दिनु हुँदै मञ्चको तत्कालिन आवश्यकता बारे निम्न बमोजिम प्रकाश पार्नु भएको थियो ।

१. उत्पीडितहरूलाई उनीहरूकै आँखाले त्यस क्षेत्रमा राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रभावकारिता देख्न सघाउ पुऱ्याउने ।
२. उत्पीडित महिलाहरूलाई उनीहरूमाथिको उत्पीडनबारे सचेत तुल्याउन एवं उनीहरूलाई नै बाटो पहिल्याउने कोशिस गराउने ।
३. राष्ट्रिय जीवनको पहुँच भन्दा टाढा नदेखिरहेका उत्पीडित महिलाहरूको समस्याहरूबारे उजागर गर्ने ।
४. स्थानीय गैरसरकारी संस्थाहरूलाई उत्पीडित महिलाहरूका निम्ति कार्यक्रम प्रस्तुत गर्न उत्प्रेरित गर्ने ।

नेपालगंजमा सम्पन्न भएको उत्पीडित महिला मञ्चमा विभिन्न क्षेत्रका कूल १६ जना प्रतिनिधीहरूको सहभागिता रहेको थियो । विभिन्न जिल्लाहरूबाट आएका विभिन्न क्षेत्रका ती प्रतिनिधी महिलाहरूले खुलस्त रूपमा आ-आफ्नो दुःखेसी प्रस्तुत गरेका थिए । ती प्रतिनिधि महिलाहरू यस प्रकार थिए ।

१. कार्पेट बुनकर
२. सिमेन्ट उद्योग वरपर बस्ने महिलाहरू
३. बेचबिखनमा परेका महिलाहरू
४. वादी महिलाहरू
५. राजनीति पीडित महिलाहरू
६. जारी प्रथा पीडित महिलाहरू
७. पारिवारिक हिंसा पीडित महिलाहरू

कार्यक्रममा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाका प्रतिनिधीहरू, समाजसेवीहरू, आमसंचारसंग सम्बद्ध व्यक्तित्वहरूको उल्लेख्य उपस्थिती रह्यो । कार्यक्रममा कूल

४२ जनाभन्दा बढी सहभागीहरू उपस्थिति रहेका थिए। उत्पीडित महिलाहरूलाई कार्यक्रमकै क्रममा फागुन २ गतेका दिन कनराका सुकुम्बासीहरू समक्ष अवलोकन भ्रमणका निम्ति लगिएको थियो। बर्दिया जिल्लामा उपस्थित उक्त सानो सुकुम्बासी वस्ती खोलाको किनारमा रहेको छ। अन्य क्षेत्रका उत्पीडित महिलाहरूले त्यहाँका सुकुम्बासी एवं बाँधा महिलाहरूसंग आ-आफ्नो समस्याको आदान प्रदान गरेका थिए। कनराबाट उक्त कार्यक्रममा भाग लिन तीन जना कमैया मजदूरहरू आफ्नो क्षेत्रको समस्यामाथि प्रकाश पार्न सहभागी भएका थिए।

फागुन २ गतेका दिन बेलुकी उत्पीडित महिलाहरूलाई केही सामाजिक चलचित्रहरू देखाइएको थियो। फागुन ३ गतेका दिन कार्यक्रमको औपचारिक सुरूवात भएको थियो। सबै सहभागी उत्पीडित महिलाहरूको औपचारिक परिचय पश्चात कार्यक्रम मूल विषय तर्फ लागेको थियो। प्रत्येक महिलाले आ-आफ्नो दुखेसीहरूलाई भरिसक्य विस्तृत रूपमा प्रस्तुत गर्न खोजे। अनि हरेक सहभागीले प्रत्येक श्रोताले उत्पीडित महिलाहरूको कुरा ध्यानपूर्वक सुने। कतिपय उत्पीडित महिलाहरू आफ्नो कथा सुनाउने बेला रोएका पनि थिए। त्यस पछि कार्यक्रम स्थलमा भावविव्हल वातावरणको श्रृजना भयो। कतिपय उत्पीडित महिलाहरूले यति सम्म पनि भने - "आजसम्म हाम्रो व्यवस्था कसैले सुनिदिएको थिएन।" कार्यक्रमका क्रममा प्रत्येक उत्पीडितको कथा पश्चात हरेकलाई आफ्नो धारणा प्रस्तुत गर्ने मौका प्रदान गरिएको थियो।

कार्यक्रमको तेश्रो दिन अर्थात फागुन ४ गतेका दिन समूहगत छलफलका निम्ति कूल ४ वटा समूहहरू निर्माण गरिए। तर समूहगत छलफलका निम्ति विभाजित हुनु भन्दा पहिले स्थानीय विकास तालिम केन्द्रकी निर्देशकले महिला र विकासका सम्बन्धमा करिब आधा घण्टा बोल्नु भएको थियो। समूह विभाजन यस प्रकार थियो।-

१. पहिलो समूह
   - क) राजनीतिक-पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह
   - ख) उद्योगधन्धा-पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह

२. दोश्रो समूह
   - क) कार्पेट कारखानाबाट उत्पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह
   - ख) जारी प्रथा बारे छलफल गर्न बनेको समूह

३. तेश्रो समूह
   - क) बाँधा महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह
   - ख) पारिवारिक हिंसाबाट पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह

४. चौथो समूह
   - क) चेलीबेटी व्यापारबाट उत्पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह
   - ख) वादी प्रथाका सम्बन्धमा छलफल गर्न बनेको समूह

प्रत्येक समूहमा एकजना संयोजक र एकजना रिपोर्टरको पनि व्यवस्था गरिएको थियो। प्रत्येक समूहमा मूलतः निम्न विषयहरू माथि छलफल चलाइएको थियो।-

- उनीहरूको अवस्था बारे उत्पीडित महिलाहरूको दृष्टिकोण
- उनीहरूले चाहेको कार्यक्रमको प्रकृति
- तत्कालिन र दीर्घकालिन कार्यक्रमको स्वरूप
- त्यस प्रकारको मंच भविष्यमा आवश्यक छ कि छैन।

मध्यान्ह पश्चात प्रत्येक समूहका निष्कर्षहरू मूल कार्यक्रममा प्रस्तुत गरिए। आ-आफ्नो समूहमा भएका छलफलका बारेमा बताए पश्चात प्रत्येक समूहका संयोजकहरूले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरेका थिए। तिनीहरूले उत्पीडित महिलाहरूका निम्ति आर्थिक राहत प्रदान गर्ने र उनीहरू बीच चेतना फैलाउने कार्यक्रमहरूलाई दीर्घकालिन कार्यक्रमका रूपमा पेश गरे भने वादी र पारिवारिक हिंसाबाट पीडित महिलाहरूका निम्ति तत्काल राहत कार्यक्रम चलाइनु पर्ने कुरा औंल्याएका थिए। कार्यक्रममा गैरसरकारी संस्थाका प्रतिनिधीहरूले आ-आफ्नो कर्यक्षेत्रका बारेमा प्रकाश पारेका थिए। त्यसपछि उत्पीडित महिला मञ्चका तर्फबाट सुशील प्याकुरेलले बताउनु भएको थियो। - "कुन क्षेत्रका उत्पीडित महिलाहरूका निम्ति कुन कुन गैरसरकारी संस्थाहरूले के कस्तो कार्यक्रम चलाउन वा सक्छ भन्ने विषयमा काठमाण्डौमै इन्सेकले एक छलफल कार्यक्रम चलाउनु पर्ने विषयमा सोची रहेको छ।" उपस्थित सबै व्यक्तिले त्यस्तो कार्यक्रमको आवश्यकता भएको कुरा औंल्याए।

कार्यक्रमको अन्तिम समयका केही घण्टा उत्पीडित महिलाहरू एवं पत्रकारहरू बीच छलफलका निम्ति छुट्याइएका थिए। काठमाण्डौबाट गएका पत्रकार एवं गैरसरकारी संस्थाका प्रतिनिधीहरूले उक्त अवसरको उपयोग गर्दै उत्पीडित महिलाहरूका सम्बन्धमा उनीहरूबाटै निकै जानकारीहरू जुटाउनु भएको थियो।

उत्पीडित महिला मञ्च बारे सुरुवातको धारणा

उत्पीडित महिला मञ्चको आयोजना समाजका उत्पीडित महिलाहरूका निम्ति गरिएको थियो । त्यस मञ्चको पहिलो अवधारणा स्वर्गीय प्रकाश काफ्लेले प्रस्तुत गर्नु भएको थियो । वहाँ नहुनु भए पनि वहाँकै मार्ग निर्देशन अनुरूप कार्यक्रम सम्पन्न भयो । हामीले यस प्रकारको कार्यक्रमलाइ दक्षिणी एशियाली क्षेत्रका प्रत्येक देशमा संचालन गर्ने उद्देश्य राख्वेका छौं । हामीले आयोजना गर्ने यस प्रकारको आगामि कार्यक्रमहरूमा अरू क्षेत्रका उत्पीडित महिलाहरूको समस्यालाई पनि उजागर गर्ने प्रयत्न गरिने छ ।

यस अभियानको आधारभूत उद्देश्य उत्पीडित महिलाहरूलाई एकै थलोमा जम्मा गर्नु नै हो । त्यस्तो मञ्चको अवधारणा यस्तो छ की त्यहाँ हरेक जाति वा पेशाका महिलाहरूले आफ्ना नसुनाइएका कथा व्यथाहरू नेपालगंजमा भैं निसंकोच अभिव्यक्त गर्न सक्नेछन् । अर्को शब्दमा भन्नु पर्दा हामी उत्पीडित महिलाहरूलाई आफ्नो समस्याका सम्बन्धमा सचेत तुल्याउने प्रयास गरिरहेका छौं । यो ध्रुव सत्य हो - जबसम्म उत्पीडितहरूले नै आफ्नो पीडा महसुस गर्दैनन् तबसम्म परिवर्तन असंभव हुन्छ । त्यस्तै उत्पीडित महिलाहरूद्वारा नै उनीहरूका निम्ति गैर सरकारी संघ संस्थाहरूले के गर्न सक्दछन् भन्ने कुरा स्पष्ट ढंगले आउनु आवश्यक छ ।

"उत्पीडित महिला" भन्ने शब्दले वृहद अर्थ समेटेको छ । हाम्रो समाजका महिलाहरू हरेक कोण वा पक्षबाट उत्पीडित छन् । तसर्थ हामीले समस्यालाई केस्रा कोस्रो केलाएर हेर्ने मनसायले उल्लेखित क्षेत्रका महिलाहरूलाई उत्पीडित महिला मञ्चको अभियानमा समेट्ने सोचाइ राख्वेका थियौं ।

१. परम्परा वा अन्धविश्वासबाट पीडित महिलाहरू
   - जारी प्रथाबाट पीडित महिलाहरू
   - वादी महिलाहरू
   - देवकी महिलाहरू
   - कुमारी प्रथाबाट पीडित महिलाहरू

२. सामाजिक न्यायबाट विमूख भई उत्पीडित भएका महिलाहरू
   - बाँधा महिला मजदूरहरू

३. आर्थिक असमानता एवं शहरीकरणबाट उत्पीडित महिलाहरू
   - वेश्यावृत्तिमा लाग्न वाध्य महिलाहरू । एड्स पीडित महिलाहरू
   - कार्पेट उद्योगमा कार्यरत महिला मजदूरहरू

४. विकास र वातावरणीय ह्रासबाट पीडित महिलाहरू
   - सिमेन्ट कारखानाबाट पीडित महिलाहरू

उल्लेखित क्षेत्रमा रहेका महिलाहरू देशका विभिन्न भौगोलिक क्षेत्रमा रहेका थिए । तर हामीले ती प्रत्येक क्षेत्रको भ्रमण गरी त्यहाँका जनताहरूसंग पनि कुराकानी गरिसकेका थियौं ।

हामी आशावादी छौं - यस अभियानले भविष्यमा जानकारीमा ढ्याम्मै नआएका महिला उत्पीडनका कथाहरू पनि प्रकाशमा ल्याउने सफलता प्राप्त गर्नेछौं । हामीले विभिन्न गैरसरकारी संघ संस्था एवं पत्रकारहरूको पनि उत्पीडित महिला मञ्चमा सहभागी बनाउने योजना बनाएका थियौं । हामी उक्त योजनामा सफल पनि भयौं । तसर्थ हामी महिला उत्पीडनका कथाहरू पहिलेको भन्दा राष्ट्रको आँखामा टड्कारो भएर प्रकट हुनेछन् र नेपालका महिलाहरूका नदेखिएका व्यथाहरू उजागर हुनेछन् भन्ने कुरामा पनि आशावादी छौं ।

महिलाहरू माथिको उत्पीडन विरूद्ध महिलाहरूकै पहल आवश्यक

उत्पीडित महिला मंच

फागुन १-४, २०४९
नेपालगंज

कार्यक्रमको परिचय

"उत्पीडित महिला मंच" को आयोजना अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा नेपालगंजको महेन्द्रनगर स्थित महिला प्रशिक्षण केन्द्रमा भएको थियो । कार्यक्रमको योजना अनुसार फागुन १ गते पीडित महिलाहरू नेपालगंज पुगेका थिए भने फागुन २ गते सबैलाई वर्दिया जिल्लाको कनरा नदीको किनारामा वसोवास गरिरहेका सुकुम्वासीहरूकहाँ लगिएको थियो । आयोजकहरूका साथै उत्पीडित महिलाहरू सहित २६ जनाको टोली कनरा तर्फ लाग्यो । कनरामा अन्य क्षेत्रबाट गएका उत्पीडित महिलाहरू तथा स्थानीय कमैया सुकुम्वासी महिलाहरू विच आ-आफ्ना व्यथाहरूको आदान प्रदान भयो । त्यही तत्काल नै एउटा सानो छलफल कार्यक्रम पनि चलेको थियो ।

महिलाहरूले आपसका दुःख सुख्खको आदान प्रदान गरून र उनीहरूले विना हिचकिचाहट आफ्ना कुराहरू राख्न सकुन भनेर त्यस्तो कार्यक्रम राखिएको थियो ।

कार्यक्रममा विभिन्न क्षेत्रबाट आएका उत्पीडित महिलाहरू आ-आफ्नो समस्या बारे अवगत गराउँदै

कनराबाट फर्केपछि सबै महिलाहरूले एकै कोठामा वसी आपसी कुराकानी गरे। वेलुकाको स्वाना स्वाइसकेपछि उनीहरूकै इच्छा वमोजिम सामाजिक चलचित्रहरू देखाइयो।



"उत्पीडित महिला मंच" अन्तर्गतको औपचारिक दुई दिवसीय कार्यक्रम फागुन ४ गते सम्पन्न भएको थियो। त्यस अघि संचालन भएको दुई दिनको कार्यक्रमको विवरण यहाँ प्रस्तुत गरिएको छ।

औपचारिक रूपमा कार्यक्रमको प्रथम दिन

पहिलो सत्र

कार्यक्रम विहान दश बजे शुरू भयो। शुरूवातमा इन्सेकका संयोजक सुशील प्याकुरेलले उत्पीडित महिला मंचको उद्देश्यमाथि प्रकाश पार्नु भयो।

"कार्यक्रमले महिलाहरूलाई आ-आफ्ना दुःख वाडने अवसर दिएकोले मलाई लाग्छ मानसिक रूपमा केही न केही राहत पनि प्राप्त भएको छ। प्रत्येक क्षेत्रबाट उत्पीडित महिलाको प्रतिनिधित्व भएको देख्दा महिलाहरूमाथि हुने ज्यादती तथा अपराधहरू ब्यापक रहेको महशुस हुन्छ। यसरी एक क्षेत्रबाट आएकी पिडित महिलाले अर्को क्षेत्रको पीडा बुझ्दा, सुन्दा आपसमा सहयोग गर्ने भावनाको वृद्धि हुन्छ र सद्भावना बढ्छ। मानसिक रूपमा आफ्नो पीडा कम भएको महशुस हुन्छ।"

विभिन्न संस्थामा काम गर्ने मानिसहरूको उत्पीडित महिलाहरूसंग प्रत्यक्ष संपर्क होस। उनीहरूलाई भविष्यमा आवश्यक कार्यक्रमहरूको छलफल होस भन्ने अभिप्रायले कार्यक्रममा विभिन्न गैर सरकारी संस्थाका ब्यक्तिहरूलाई निम्त्याइएको कुरा पनि वहाँले बताउनु भयो।

वहाँले अगाडि भन्नु भयो "-"विभिन्न विदेशी दातृसंस्थाहरूले महिला हक हितका कार्यक्रमहरूमा सहयोग गरिरहेका छन। यसरी महिलाका निम्ति भइरहेका सहयोगहरू वास्तवमा पीडित पक्षसम्म पुगेको छ कि छैन? उत्पीडित महिलाहरू स्वयं कस्तो प्रकारको सहयोग चाहन्छन, यो कुरो पनि सम्वन्धित सबैले वुझ्न आवश्यक छ।"

वहाँले कार्यक्रममा विभिन्न क्षेत्रबाट आएका व्यक्तिहरूका वीच छलफल हुन जरूरी छ भन्ने राय पनि व्यक्त गर्नु भयो।

प्रशिक्षण केन्द्रको कार्यक्रम हलको वीचमा चारकुने आकारमा टेवल कुर्सी राखिएका थिए। अंग्रेजी वर्णमालाको एल आकारमा उत्पीडित पक्षका महिलाहरू बसेका थिए भने अर्को पट्टी पर्यवेक्षकहरू रहेका थिए। सुशील प्याकुरेलबाट "उत्पीडित महिला मंच" को उद्देश्य बारे ब्याख्या भइसकेपछि कार्यक्रमको अवधारवणा प्रस्तुत गर्ने इन्सेकका तत्कालिन निर्देशक स्व. प्रकाश काफ्लेको संझनामा एक मिनेट मौन धारण गरियो।

"प्रकाशले कार्यक्रम गर्ने प्रस्ताव धेरै अगाडि राख्वेको थियो। त्यस अनुरूप कार्यक्रम धेरै पहिला नै हुनु पर्ने हो। तर विभिन्न कारणले गर्दा समयमा हुन सकेन। प्रकाशले थालनी गरेका कामहरू टुङ्ग्याउने तथा उसका सोचाइ अनुरूपका कामहरूलाई निरन्तरता प्रदान गर्ने हाम्रो अठोट रहेकोछ। त्यही अठोट अनुरूप ढिलै भएपनि यो कार्यक्रम संपन्न हुन गइरहेछ।" -सुशील प्याकुरेल बताउनु भयो।

कार्यक्रममा सहभागीहरूलाई अधिकतम सक्रिय तुल्याउने उद्देश्य अनुरूप कुनै कठोर समय तालिका निर्धारण गरिएको थिएन। कार्यक्रमलाई अगाडि बढाउने जिम्मा सहिभागीहरूलाई नै दिइएको थियो। सहभागीहरूलाई नै निम्न कुराहरूमाथि समेत छलफल गर्न लगाइयो।-

- आगामि दिनहरूमा यस्तो कार्यक्रम को आवश्यकता छ कि छैन ?
- उत्पीडित महिलाहरू माझमा एउटा संपर्क वा संयोजन समिति बनाउन आवश्यक छ, कि छैन ?
- विभिन्न क्षेत्रमा काम गरिरहेका संस्थाहरूलाई थप कार्यक्रमहरू लिएर आउन उत्साहित गर्नु आवश्यक छ कि छैन ?

उक्त विषयहरू माथिको छलफल पश्चात उत्पीडित महिला सहभागिहरू वीच औपचारिक परिचय गर्ने काम भयो। सुशील प्याकुरेलले उपस्थित महिलाहरूले प्रतिनिधित्व गरेका क्षेत्रहरूका वारेमा बताउनु भयो।

परिचयको छोटो क्रम पछि सुशील प्याकुरेलले पुनः उत्पीडित महिलाहरूलाई आफ्नो कुरा नहिचकिचाई प्रस्तुत गर्न अनुरोध गर्नु भयो। आफूले भोगिरहेका दुःख आफ्नै शब्दमा प्रस्तुत गरी कार्यक्रमलाई सफल वनाउन अनुरोध गर्दै वहाँले भन्नु भयो। -"आफ्नो समस्या लुकाएर वा भन्न डराएर समस्याको समाधान हुदैन।"

"तपाईहरूका सामुन्ने वसेका ब्यक्तिहरूलाई ठूला, वडा जान्ने नठानी आफ्ना कुरा राख्नु होस। हामी पनि तपाईहरूकै समाजका मानिस हौ। यहाँ ठूलो, सानो, जान्ने-नजान्ने केही छैन। त्यसैले आफ्ना कुरा भन्न धक मान्नु पर्दैन। आफू पीडित हुनुमा तपाईको दोष छैन। नेपाली समाज पुरूषहरूको वाहुल्य भएको समाज हो र सबै नराम्रा काम तथा गल्तीमा दोषी कोही न कोही हुन्छन। स्वास दोषीलाई खुट्याउने प्रयास गर्नु पर्छ। कसैले कुनै महिलालाई फकाई-फुल्याई वा झुक्याएर भारतमा वेच्न लैजान्छ भने वेचिने महिलाको के दोष ? त्यस्तो अवस्थामा ती महिला आफ्नो स्वतन्त्र वाँच्न पाउने अधिकारबाट वञ्चित हुन्छिन् तर फर्केपछि पनि समाजले उनलाई नै हेला गर्छ। महिलाको जीवनसंग पुरूषको घनिष्ट अन्तरसम्वन्ध रहेको हुन्छ। र महिलाहरूको जीवन विगार्न पनि पुरूषहरूले अहंम भूमिका खेलिरहेका हुन्छन। तर समाजले उसलाई चोस्वो राख्छ। यसरी हाम्रो समाजमा रहेका नराम्रा चलनहरूका पछाडि पुरूष वाहुल संस्कारको दह्रो हात रहेको छ। दोष तपाईको होइन। तपाई हामी सबै मिलेर यस्तो संस्कारका विरूद्ध सजग हुनु छ, लड्नु छ।" -वहाँले भन्नु भयो।

कार्यक्रमको पहिलो दिनको पहिलो सत्रको अन्त्यमा आफ्नो मन्तव्यलाई टुङ्ग्याउदै वहाँले भन्नुभयो- "तपाईहरूलाई यस मंच सम्म ल्याउन हाम्रा साथीहरूले ज्यादै मेहनत गर्नु भएको छ । मंजु थापाले जुम्ला पुगेर जारी प्रथाबाट पीडित महिलालाई ल्याउनु भएको छ । त्यसैगरी कार्यक्रमको महत्वपूर्ण पक्ष व्यवस्थापनका लागि स्वट्ने रमेश वाँनियाले उल्लेख्य मेहनत गर्नु भएको छ ।

अन्त्यमा आयोजकहरूका तर्फबाट मीना शर्माले उक्त कार्यक्रम आयोजना गर्न सामना गर्नु परेका कठिनाइहरूका बारेमा वताउनु भयो । वहाँले उपस्थित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

पहिलो सत्र समाप्त हुनु अघि पर्यवेक्षक र अन्य इच्छुक उत्पीडित महिलाहरूको एक समूहले कार्यक्रमका अन्य सत्रहरूका बारेमा सामान्य छलफल गर्‍यो । उक्त समूहले तय गरेको रूपरेखा वमोजिम नै कार्यक्रम अन्त्य सम्म सुचारू ढंगले अघि बढेको थियो । कार्यक्रम यसप्रकार अगाडि बढाउने निधो गरिएको थियो । -

पहिलो दिन

दोश्रो सत्र

दोश्रो दिनको दोश्रो सत्रमा उत्पीडित महिलाहरूको कथा-व्यथा सुन्ने काम भयो । विविध क्षेत्रको प्रतिनिधित्व गर्ने महिलाहरू छुट्टा छुट्टै समूहहरू साथ-साथ रहेका थिए । वसाई क्रम अनुरूप उत्पीडित महिलाहरूले आ-आफ्नो व्यथाबारे बताउन शुरू गरे ।-

१. राजनीति पीडित

(क) श्रीमती जीवन घिमिरे (४०)
धुम्बाराही, काठमाण्डौ, फोनः २२१६२०

> हिजोको तुलनामा राजनीतिक पार्टीका जिम्मेवारीपूर्ण कामहरू महिलाहरूलाई कम नै दिइएको छ।

म पंचायत कालमा सरकारद्वारा मारिने नागरिकका पत्नी वा आफन्तहरू अनि हालसम्म राजनीतिमा संलग्न राजनीति पीडित महिलाहरूको प्रतिनिधित्व गरी रहेकी छु । मेरो भूमिका ती महिलाहरूको वेदना र कथा वताउनु रहनेछ । त्यस वखत आफ्नो सर्वस्व वलिदान गरेका महिलाहरूले हाल राजनीतिक पार्टीहरू तथा सरकारबाट कस्तो सहयोग तथा सम्मान पाएका छन ? म तिनै कुराहरूलाई प्रस्तुत गर्ने प्रयास गर्दैछु ।

सात साल देखि नै महिलाहरू राजनैतिक आन्दोलनका निम्ति प्रत्यक्ष रूपमा घर वाहिर निस्किएका थिए । देशमा प्रजातन्त्र ल्याउन लुकीछीपी हुने आमसभा, विरोध कार्यक्रमहरूमा महिलाहरू सहभागी भएका थिए । त्यसरी नै पुरूषहरूलाई राजनितिमा लाग्न फुर्सद दिने महिलाहरू नै हुन्छन । श्रीमतीले संपूर्ण घर गृहस्थी तथा वाल वच्चा सम्हाली दिएपछि उनीहरू निश्चिन्त भएर काममा लागेका थिए । त्यस क्रममा कति महिलाहरूले आफ्ना पति तथा प्रियजनहरू गुमाए । ती सबैले देशको लागि वलिदान गरेका होइनन र ? तर हिजोको राजनैतिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका महिलाहरूको पुरूषको तुलनामा ज्यादै कम उल्लेख हुने गर्दछन । उनीहरूले कम सम्मान पाउँछन । पार्टी भित्र मात्र होइन सरकारी दर्जाहरूमा समेत पुरूषहरूको वाहुल्यता रहेको छ । हिजोको तुलनामा राजनीतिक पार्टीका जिम्मेवारीपूर्ण कामहरू महिलाहरूलाई कम नै दिइएको छ ।

प्रजातन्त्र ल्याउन हाम्रा पति मात्र होइनन हालको सरकारी पक्षका मानिसहरूपनि सयैको संख्यामा लागेका थिए । देबी प्रसाद- नेपाली काँग्रेसका त्यस्तै शहीद हुन । उनलाई २०१९ सालमा सेना लगाएर मारिएको थियो । आफ्नै सहकर्मीले पोले पश्चात उनलाई पक्रेर लगिएको थियो । देशमा पार्टी प्रतिवन्ध भएपछि उनी भागेर आसाम जानु भएको थियो । उनलाई विभत्स ढंगले मारिएको थियो । उनलाई उभिएकै ठाँउमा तातो ओदान टाउकोमा हाली अन्धा-धुन्दा गोली हानी मारिएको थियो । पछि उनको संपूर्ण सम्पत्ति खोसिएको थियो । उनका परिवारलाई सरकारले पिटेर घरबाट लखेटेको थियो । यस्ता पीडित तथा सत्ताधारी पार्टीका कार्यकर्ताको समेत शहीदको नामावलीमा नाम छैन । मलाई लाग्छ शहीद जस्तो विषयलाई राजनीतिकरण गरिन हुँदैन । यति चर्चित ब्यक्तिको नाम छुटेको छ भने, यस ३२ वर्ष लामो अवधिमा देशका कुना-कुनामा देशको नाममा प्राण आहुति गर्ने सयकडौं कार्यकर्ताहरूको झन के ख्याल गरिन्थ्यो । उनीहरूको नाम फेरी कसले शहीदहरूको नामावलीमा हालिदिने ? देवी प्रसादका छोराहरू आँशु खसाल्दै भन्छन् - "बुवा रहुन्जेलसम्म हामीलाई सवैले चिन्थे । आज कसैले चिन्दैन । हाम्रो वलिदान सबै विलाएर गयो ।"

आज पनि संचार माध्यमहरू शहीदका परिवारलाई आर्थिक सहयोग दिइएको वा उनीहरूका वालवच्चालाई पढाइएको प्रचार गरी रहेका छन । प्रतिपक्षका कतिपय नेताहरू पनि मंचहरूमा वारम्बर त्यही कुरा दोहोर्‍याउछन । तर हामीसम्म ती सहायताहरू आइपुगेका छैनन ।

विभिन्न कारणले सबै शहीद परिवार नेतृत्वदायी भूमिकामा आउन सक्दैनन् । तर अगाडि आएकाले पछाडि रहेकालाई विर्सी रहेका छन । नेताहरू तथा सरकारले शहीद परिवारको वास्ता गरेका छन भनु भने पत्र-पत्रिकाहरूमा "शहीद परिवार" भन्ने बाक्यांश उल्लेख भइरहन्छ । मलाई लाग्छ विभिन्न राष्ट्रिय अर्न्तराष्ट्रिय समस्याको अगाडि देशको निम्ति वलिदान गर्नेहरू न्यून भए होलान । शहीद परिवारहरूले राहत पाउने कुरा परै जावस नैतिक वा मौखिक सहानुभूति पनि पाइदैन । हिजोको अप्ठ्यारो स्थीतिमा घर-घरबाट याद्धाहरू निकालियो । धेरैले आफुलाई बलिदान गरे । तर आज ति शहीदहरूको परिवारमा जाने कसैलाई वास्ता र समय छैन । हिजोको स्थिीतिमा झण्डा बोक्ने आँट ज्यादै थोरैले गर्थे । म पहिलादेखि नै ८ मार्चको महिला दिवसको नेतृत्व गर्थे । यस्तै एक पटक म पचासौं प्रहरी जवानको घेरामा परेर समातिएकी थिएँ । त्यो बेला धेरैको हात खुट्टा भाँचिएको थियो ।

एकजना पारिवारिक मानिसलाई राष्ट्रका निम्ति होमिनु पर्छ भन्ने पढाइन्छ भने उसको परिवारका बारेमा समेत सोच्नु राष्ट्र तथा सम्वन्धीत राजनैतिक पक्षको जिम्मेवारी हो । तर संचार माध्यमहरू प्रकाशित व्योहोराहरू अनुसार यस विषयमा प्रजातान्त्रिक सरकार समेत गंभीर नभए झैं लाग्छ । वास्तवमा आज पनि शहीदका आश्रितहरूका निम्ति व्यवहारमा केही भएको छैन । सरकार तथा विपक्ष दुबै यस कुरामा चूप छन ।

गत वर्ष मानव अधिकार संरक्षण मंचले ००७ सालदेखि यता देशका लागि प्राण आहुति गर्ने व्यक्तिहरूका साथै हराएका तथा वेपत्ता पारिएका राजनैतिक कार्यकर्ताहरूका सम्वन्धमा प्रत्यक्षदर्शीहरूसंग स्वोजविन गरी एक रिपोर्ट तयार गर्ने टोली पठाएको थियो । त्यस टोलीलाई पनि आफ्नो क्षेत्रका शहीदहरू स्वोज्नका लागि सहयोग गरें । तर मुसकिलले २-४ जनाका बारेमा मात्र तथ्यहरू फेला परे । हाम्रो क्षेत्रबाट पञ्चायत विरोधी आन्दोलनमा समर्पित ब्यक्तिहरू थुप्रै थिए तर तिनीहरूका आफन्त वा सन्तानहरू कहाँ हराए ? यस्तो विषय प्रकाशनमा आई रहने भए पो उनीहरू सबैको दिमागमा ताजा रहन्छन ।

हामीलाई आमसभा, जुलुस आदिमा शहीदको परिवारका रूपमा सम्झना गरिन्छ । तर ब्यवहारिक कुराहरूमा केही सहयोग प्राप्त भएको छैन । म गत वर्ष पेट अपरेसनको लागि काठमाडौको अस्पतालमा वसेकी थिए तर यथोचित सहयोग का लागि मैले तडपि नै रहनु पर्‍यो । मेरी छोरी टी.बी. बाट पिडित छे । तर कहींबाट पनि औषधि उपचारका निम्ति मद्दत पाएकी छैन ।

म यस मंचमा केवल शहीदकी पत्नी भएकी नाताले उपस्थित भएकी छैन । म स्वयम पनि महिला हक हित र देशको भलाइकालागि लडेकी थिए । तर दुःख लाग्दो कुरा के छ भने कहीं पनि हाम्रो योगदानको मुल्याकंन हुदैन । आफू संवद्ध पार्टी भित्र नै हाम्रो योगदानको कदर र मुल्याङ्कन हुदैन । महिलाहरूलाई आन्दोलन वा अप्ठ्यारो स्थीतिमा अगाडि वढाउने गरिन्छ । तर जब राष्ट्रिय नेतृत्व र पदिय दायित्वका कुराहरू आउँछन उनीहरूलाई पछाडि धकेलिन्छ । हरेक मंचमा सबै नेताहरू महिलाहरू शोषित पिडित भएको उल्लेख गर्दछन र उनीहरूलाई अगाडि बढाउने बाचा पनि गर्दछन । तर ब्यवहारमा त्यसो गरिदैन । महिलाहरूलाई पनि उल्लेख्य कामको जिम्मा दिइएन भने महिला मुक्ति आन्दोलन प्रभावकारी हुन सक्दैन र नारी समानताको कुरा आकाशको फल मात्र हुन पुग्दछ ।

(स्व) श्रीमती विष्णु पौड्याल (३५)
धाराना गा.वि.स., वडा नं. ३, सिसाइपुर, दाङ

> जुन पार्टीको झण्डा मुनी लड्दै मेरो पतिले ज्यान दिनुभयो त्यही पार्टीले पनि खास वास्ता गरेको छैन।

मैले बहुदल आएपछि नोकरीवाट पनि अवकाश पाएँ। हाम्रा केटाकेटीको समस्या ज्यूँका त्यूँ छन्। सभा र भाषणमा वोल्ने निमन्त्रणा त आउँछ। तर हाम्रो मुख्य समस्याको रूपमा रहेको आर्थिक समस्या जस्ताको त्यस्तै छ। बोल्ने अधिकार पाइएको छ। केही पाइएन भन्न पनि मिल्दैन, पार्टीको वदनाम गरे झैं हुन्छ।

आफ्नै स्वेतीको नाममा ऐलानी डाँडो छ, जहाँ उब्जानी हुदैन, चार जना केटाकेटी छन। उनीहरूलाई पढाउने र बढाउने काम बाँकी नै छ। राजनीति पीडित तथा शहीद परिवारलाई भनेर छुट्याइएको रकमबाट मैले जम्मा पाँच हजार पाएकी छु। अन्य कुनै प्रकारको सहयोग अहिले सम्म पाइएको छैन।

सरकारले हाम्रा लागि गर्नु पर्ने कुराहरू धेरै छन। तर हाम्रो समस्या माथी कुनै पक्ष पनि ध्यान दिइएको छैन। मलाई बाल-बच्चा पढाउन पनि समस्या भई रहेको छ। जुन पार्टीको झण्डा मुनी लड्दै मेरो पतिले ज्यान दिनुभयो त्यही पार्टीले पनि स्वास वास्ता गरेको छैन। जुलुसमा झण्डा बोक्न वा मंचमा बोलाउँछन्। त्यसैलाई सम्मान भन्ने हो भने मैले यथेष्ट मात्रामा सम्मान पाएकी छु। तर मेरा अगाडि पतिले छोडेर गएका सन्तानलाई हुर्काउने जिम्मेवारी पनि रहेको छ। मैले पति हुँदा देखि नै घरवार संहालेर वहाँ संलग्न रहनु भएको पार्टीलाई सक्दो सेवा गर्ने मौका वहाँलाई दिएकी थिएँ। त्यही नै मेरो योगदान होइन र ?

२. सिमेन्ट उद्योगबाट पीडित महिलाहरू

(क) सरस्वती श्रेष्ठ (५५)
चोभार गा.वि.स., वडा नं. ५, काठमाण्डौ

> मेरा पति प्याकिङ्ग हाउसमा काम गर्थे। त्यही काम गर्दा गर्दै उनलाई मृगौलाको रोग लाग्यो र उनको मृत्यु भयो।

चक्रतीर्थको पानीको मुहान सुकेको छ। हामीले वाजे-वराजुको पालादेखि त्याहाँको पानी स्वादै आएका थियौं। पहिला-पहिला हामी स्वोलाको पानी पिउथ्यौं। पछि स्वोलाको पानी स्वान नसकिने

भयो र धाराको चलन आयो । हिजो आज त्यो पनि सुकेको छ । जसले गर्दा एक गाग्रो पानी भर्न घण्टौं लगाउनु पर्ने बाध्यता छ । एकातिर पानी स्वान पाइदैन आर्कोतिर वाह्रैमास चल्ने फ्याक्ट्रीमा काम गर्न गाँउलेहरूलाई दिइदैन । मेरा पति प्याकिङ्ग हाउसमा काम गर्थे । त्यही काम गर्दा गर्दै उनलाई मृगौलाको रोग लाग्यो र उनको मृत्यु भयो । नियम अनुसार पति पछि पत्नीले त्यो जागिर पाउनु पर्थ्यो । त्यसैले म पनि जागिर माग्न गएँ । हाकिमहरूले तिम्रो छोरा बढीरहेको छ, अलि पछि उसैलाई काम दिउँला भने । तर मेरा छोराहरूलाई पनि आजका मिति सम्म कुनै काम दिइएको छैन ।

फ्याक्ट्रीको भित्री "काम गाह्रो हुन्छ" भनेर हतपति महिलाहरूलाई लिदैन । गाँउलेहरूलाई प्राय तल्लो तहका कामहरूमा मात्र भर्ना लिन्छ । अरू नै गाँउहरूबाट मानिसहरू ल्याउँछन ।

(स्व) राम माया तुलाधर (६०)
चोभार गा.वि.स., वडा नं. ४, काठमाण्डौ

> वर्षाको समयमा पानी र सिमेन्टको धूलो मिसिएर एक प्रकारको कडा सतही माटो बन्दछ।

हाम्रो गाउँमा फ्याक्ट्री आए पछि वाहिरकाहरूले रोजगार पाए भने स्थानीय वासिन्दाले रोग व्याध पाए । फ्याक्ट्रीबाट निस्किएको धुँवा र धूलोले दम, स्वोकी,का साथै घाँटी दुख्ने, वोली नै नआउने जस्ता विमारहरू ल्याएको छ ।सडकमा उभिएर यसो मास्तिर हेऱ्यो भने फुर-फुर गर्दै फोक्सो भित्र धूलो पस्दै गरेको थाहा हुन्छ । तर के गर्ने ?

धूलो चोभारमा मात्र नभएर छेऊछाऊका गाँउहरूमा पनि जान्छ । हाम्रा घरका कोठाहरू सबै धूलोले भरिएका हुन्छन । पहिले दिनको एकपल्ट सफा गर्दा हुने कोठाहरू आजभोली छ-सात पटक बढार्नु पर्छ ।

दुङ्गा तथा माटो छान्ने र दुङ्गा टुक्र्याउने मेसिन अग्लो डाँडामा राखिएको छ । मेसिन सधैं चलिरहन्छ । त्यस क्रममा कति धूलो उढ्छ भनेर अन्दाज नै गर्न सकिदैन । धूलोले गर्दा त्यही वर परका मान्छे देखिदैनन् । एकदम वाक्लो कुइरो लागे जस्तो हुन्छ । धूलो जम्ने हुँदा साग-सब्जी स्वान पाइदैन । गाई वस्तुले घाँस स्वान पाउदैनन । दिन-दिनै हुने व्लास्टिङ्गले गर्दा कतिपय घर भत्किसकेका छन । मानिसहरू डराई-डराई चर्केका घरहरूमा वसी रहेका छन । दुईवटा फ्याक्ट्री नै चलि रहने हुँदा जमिन थर्की रहेको भान हुन्छ ।

वालीहरू पनि हुदैन । मुनामा नै धूलो पस्छ र मुना मौलाउन पाउदैन । अषाढ-श्रावनमा पानी पर्ने समयमा मात्र केही पानी पर्ने हुँदा साग-सब्जी राम्रो भयो भने स्वान सकिन्छ । शुरूमा पानी र सिमेन्टको धूलोको मिसिएर एक प्रकारको कडा सतही माटो बन्दछ ।

गाँउमा सिमेन्ट कारस्वाना भएपनि स्वास्थ चौकी छैन । कारस्वानाको स्वास्थ चौकी कामदारको लागि मात्र उपलव्ध छ । तीन वर्ष देखि पानीका मुहानहरू सुकेका छन । वरिपरि भएका ३-४ वटा पानीका मुहानहरू पनि सुकिसकेका छन । कारस्वानाले यस विषयमा वेवास्ता गरिरहेको छ ।

विगत केहि महिना देखि फ्याक्ट्रीले खोलाको पानि वितरण गर्दै आएको छ । त्यो पनि कारखानाका भवन हरूमा सिमित छ । फ्याक्ट्रीका फोहोरहरू सबै त्यही खोलामा गएर मिसिएको हुन्छ । त्यही पानी नछानी फ्याक्ट्रीका वासस्थानहरूमा वितरण हुन्छ । त्याहाँका बासिन्दा खुशि भएका वखत मात्र हामी केही पानी पाउछौं । ।

मीना शर्माले त्यस विषयको पृष्ठभूमि वताउनु भयो । उहाँले भन्नु भयो –"काठमाडौं नजिकै रहेको चोभार गाँउमा उक्त सिमेन्ट कारखान रहेको छ । वि.सं. २०२२ सालमा जर्मन सहयोगबाट स्थापित उक्त कारखानले आफ्नो क्षमता बढाइरहेको छ । कारखाना दुई वटा छन र अझ उत्पादन क्षमता बढाउन दुङ्गा फुटाउने औजार क्रसर दुईवटा जोडिएका छन । तर कारखानाले गर्ने वातावरणीय क्षति तर्फ सम्वन्धित निकायको ध्यान आकर्षण भएको छैन । पानीको मुहान सुक्ने क्रम लाई रोक्न र धुलोका असरहरू कम गर्न वा रोक्न कुनै प्रकारका उपायहरू अपनाइएका छैनन । कारखाना बन्नु भन्दा अगाडि देखि वसोवास गर्दै आउनु भएका आमाहरू आफ्नो अनुभव बाट्न यहाँ आउनु भएको छ ।" –वहाँहरूले धेरै कुरा बताउनु हुनेछ ।

३. बाँधा महिला मजदूरहरू

(क) जुग्री थारू (३०)
कनरा गा.वि.स., वडा नं. १, वर्दिया

> विहान चार बजे काममा जानु पर्छ,
> राती दश बजे मात्र छुट्टी पाइन्छ।

हामीले गर्ने काममा ज्याला वा मजदुरी केही पनि पाइदैन । घरका सबै जनाले मालिककहाँ काम गर्नु पर्छ । अझ हाम्रा घरमा भएका कुखुरा, खसी पनि उनीहरूले लगेर खाइदिन्छन । हामीलाई पिट्छन । विहान चार बजे काममा जानु पर्छ, राती दश बजे मात्र छुट्टी पाइन्छ । कामकै वेला धेरै महिलाको इज्जत पनि लुटिन्छ ।

हामी पंचायत कालदेखि नै विभिन्न ठाँउमा सुकुम्वासी भएर वस्दै आएका छौं । कनरामा आएको तीन वर्ष भयो । यहाँ बगरमा बस्दा पनि हामीलाई केही महिना अघि प्रशासनले हात्ती डोजर लगाएर उठिवास लगाएको थियो । हाम्रो परिवार मात्र त्यस अत्यचारमा परेनन थुप्रैले सास्ती भोगे ।

हामीलाई त्यस वखत वनपाले र प्रहरीहरूले नराम्रो संग पिटे । तिनीहरूले केही केटीहरूको इज्जत पनि लुटे । तर हामीले वोलेको कसैले सुनेनन । वर्षौं सम्म पसिना वगाएर लगाएका वालीहरू पल्ला गाँउका पहाडीहरूले उठाएर लगे । हामी नदीको पानी खान्छौं । देखिहाल्नु भयो भएका स-साना झुपडीहरूलाई हात्ती र डोजर लगाएर भत्काएका छन । दिनभरी काममा जानु पर्छ, नत्र हर्जाना तिर्नु पर्ने हुन्छ । घरका मूलीलाई मात्र ज्याला मसौरा दिने चलन हुन्छ । हर्जना भने सबैले तिर्नु पर्छ । हामी सालै पिच्छे मालिक परिवर्तन गर्दै काम गर्ने गर्दछौं । तर सबै मालिक उस्तै उस्तै नै हुन्छन ।

जिम्दारहरूको घरमा बस्दै छौ। तर उनीहरू बारम्बार सौकी तिर र जा भनेर धम्क्याउने गर्छन। तर सौकी हामी कसरी तिर्न सक्छौ ? हामीलाई किन्न पनि कोही तयार भएकै छैन। यस्तो पीडा हामी संग धेरै छ। हामी गरीब छौं, हाम्रा दुःख ज्यादै थोरैले सुन्ने चासो लिन्छन। म गत चुनाबमा सदस्यको पदमा उठेको थिए। "यसको त वस्ने झुपडी पनि छैन, भोट कल्ले दिन्छन यस्तालाई ?" मेरा विरोधीहरूले यस्तो प्रचार गरे। मेरा विरूद्धमा तिनजना थिए। मैले एक भोटले हारे।

काष्ट को तर्फबाट सहभागी बन्नु भएका **गोविन्द श्रेष्ठ**ले सोही अवसरमा भन्नु भयो -"*कनराका सुकुम्वासीहरूलाई तीन पटक उठाई सकिएको छ। उनीहरू तीनै चोटी खेदिएका छन र फेरी फर्केर त्यही आई वसोवास गर्दछन। उनीहरूलाई त्यहाँसम्म ल्याई वसोवास गराउने काममा केही ठूला ब्यक्ति वा नेताहरूको हात छ। केही नेताले बँधुवाहरूबाट केही रकम उठाई जग्गा दिने वचन समेत दिएका छन। तर सोझा साझा बँधुवा थारूहरू विल्लिवाठमा परिरहेका छन।*"

मानवीय सोचाई अनुरूप प्रत्येक मानिसले आफ्नो जीवन मानवोचित ढंगले बिताउन पाउनु पर्छ भन्ने राय ब्यक्त गर्दै कार्यक्रम संयोजक **सुशील प्याकुरेल**ले भन्नु भयो- *"राम्रोसंग बस्ने सबै मानिसको चाहना हुन्छ जसको फाइदा उठाएर केही वाठा मानिसले उनीहरूलाई त्यहाँ लगे तर त्यहाँ पनि नदी देखि बीस मीटर भित्रको क्षेत्र सम्म मात्र बस्न पाउने गरि राखिदिए। जनताको सरकार भएको समयमा पनि गरीब र सोझा जनता यसप्रकार किन पिसिन्छन ? अब वर्षा याममा उनीहरूकै घरहरूलाई नै किन बग्न वाध्य गराइन्छ ? के सरकारले उनीहरूको बिल्लिबाठ गर्ने कामको मुख्य दोषीलाई कार्वाही गरी उनीहरूको पुर्नस्थापना गर्न सक्दैन ?" यी सोझा निमुखा जनतालाई चुनावमा भोट दिएर सरकार बनाउने अधिकार छ। तर यिनीहरूले सुरक्षित भएर बाँच्ने अधिकार पाउदैनन ?"* -वहाँले प्रतिप्रश्न गर्नु भयो।

मंचको उद्देश्य पीडित पक्षबाट नै आवश्यक र अनुकूल सहयोगको माग गरियोस भन्ने रहेको छ भन्ने कुरा प्रष्ट पार्दै वहा"ले अगाडि भन्नु भयो -"फेरी वहाँहरू कनरामा आएर वसेपछि मजदुरी, बँधुवा वा कस्तो स्थीति रहेको छ भन्ने पनि हामी थाहा पाउन चाहन्छौ।"

(ख) गोगीं थारू (४५)
कनरा गा.वि.स., वडा नं. १, वर्दिया

> म गरीब भएको हुनाले तिनीहरूले त्यसो गरेका हुन्।

मेरा छोराहरू आजसम्म सौकी तिर्नका लागि नै काम गरि रहेका छन । हामी यथेष्ट स्वर्च गर्न सक्दैनौ, केही किन्ने चाहना पूरा हुदैन । श्रीमान पनि छैनन । कनराका सुकुम्वासीलाई हटाउने क्रममा मेरा श्रीमानलाई चुटेर मारियो । मेरो दुःख को संग बाड्ने ? कसले सुन्छ ? साहू भन्छ "तिमीहरू सौकी नतिरी भाग्छौ । हामी कहाँ भाग्ने ?"

हामीले कनरामा वसेर स्वनजोत गर्‍यौ । केही सुख होला भन्ने आश थियो । एक दिन हाम्रो वालीमा अरूका गाई वस्तु पसेका थिए। उनी धपाउन गए। यही झोंकमा वनपालेले लाठीले हिर्काए ।उनको ढाड भाँचियो । अस्पताल लग्यौं । भोलीपल्ट नै उनको मृत्यु भयो । हामीलाई दुःख भएपनि बुढाबुढी वसेका थियौं । छोरा-वुहारी अन्यत्र काम गर्थे । तर तिनीहरूले मेरा श्रीमानलाई मारिदिए । गरीबले पनि निसाफ पाउनु पर्छ ।

यस सम्वन्धमा गाँउलेहरूले पुलिसमा रिपोर्ट लेखाए । तीन जनालाई थुनेको हल्ला छ । तर आज सम्म मलाई वा कुनै गाँउलेलाई पनि अदालतमा बोलाइएको छैन । पुलिसहरू सर्जिमिनका लागी गाँउमा पनि आएका छैनन ।

म गरीब भएको हुनाले तिनीहरूले त्यसो गरेका हुन भन्दै उनी ज्यादै रोइन । बोल्न शुरू गरेको केही बेर देखि नै उनी रून थालेकी थिइन ।

यसरी गोगी थारू रून थालेपछि वातावरण गरूङ्गो भयो । श्रृजना विकास केन्द्रकी शान्ति चौधरीले उनलाई आफ्नो भाषामा सम्झाई शान्त गराउनु भयो त्यसपछि चौधरीले भन्नु भयो - *"जव हामी उनीहरूका लागि केही गर्न सक्दैनौ भने यसरी पीडा व्यक्त गराउनु गलत हो ।"* त्यही बेला सुशील प्याकुरेलले कार्यक्रमको एउटा उदेश्य विभिन्न क्षेत्रमा काम गरिरहेका गैर सरकारी संस्थाहरूलाई झकझक्याउनु पनि हो भन्नु भयो । *"नेपालमा कानूनी तथा स्वास्थ्य सम्वन्धी सल्लाह तथा सहयोग दिने सयौं सघं संस्था छन् । तर सयौं गोंगी थारूका मुद्धाहरू त्यत्तिकै दविइरहेका छन् । कनराको ती विचल्लीमा परेका सुकुम्वासी मानिसहरूका वीच अन्य संस्था परै जावस रेडक्रस सम्म पुगेको छैन । यसरी संघ संस्थाहरूलाई विर्सिएका मानिस सम्म पुऱ्याउन यस्ता कार्यक्रम आयोजना गरी, उनीहरूको कुरा सुन्नै पर्छ ।"* -वहाँले भन्नु भयो ।

४. पारिवारिक हिंसा पीडित

(क) सीता देवी लामिछाने (२०)
राम्जा देउराली गा.वि.स., वडा नं. ३, पर्वत
मार्फतः मानबहादुर लामिछाने

> छोरीलाई ऐनाको छेउमा बसेर दुध खुवाउँदै थिएँ।
> पतिले पछाडिबाट खुकुरी उज्याएर हान्न लागेको देखें।

सीत देवीको विषयमा पर्वत जिल्लाका इन्सेक स्वयं सेवक विश्वराज पाण्डेले वताउनु भयो ।-

"सीतादेवीको श्रीमानले रक्सी खाएको झोकमा दुवै हात काटी दिएका थिए । सीताकी एउटी दुई वर्षकी छोरी छ ।" पाण्डेले भन्नु भयो । -*"पर्वतवाट एकजना महिला संसदमा पनि निर्वाचित हुनु भएको छ । यसरी हेर्दा जिल्लामा महिलाको स्थिति राम्रो भएको भान पर्न सक्छ । तर पर्वतमा महिलाहरूमाथि अत्यधिक हिंसा हुने गर्छ ।* वलात्कार, हत्या,*जस्ता घटना सामान्य भईसकेका छन् ।*

सीताको भनाई थियो -"मेरो विवाह पन्ध्र वर्षको उमेरमा भएको थियो । श्रीमान नागाल्यण्डमा काम गर्ने हुनाले विवाह लगत्तै पछि पतिसंग भारत गएँ । भारतमा दुई वर्ष छ महिना वसेपछि एउटी छोरी जन्मी । त्यस पछि हामी घर आयौं । केही महिना वसेपछि उनी फेरी काममा गए । म एक्लै गाँउको घरमा बसें । करिव एक वर्षपछि उनी फेरी छुट्टीमा आए ।

उनको माइली आमासंग के विषयमा रिस थियो, मलाइ थाह छैन । उनी छुट्टीमा आएका वस्वत माइली आमालाई काटछु भन्ने गर्थे । तर उक्त कुरो वास्तवमा म प्रति लक्षित रहेछ । कार्तिकको समय थियो । धान काटेर सांझमा घर आएकी थिएँ । छोरीलाई ऐनाको छेउमा वसेर दुध खुवांउदै थिएँ । पछाडिवाट श्रीमानले खुकुरी उज्याएर हान्न लागेको देखे । उनले रक्सी खाएका थिए ।उनले मेरो गर्धन छिनाल्ने सुरू गरेका रहेछन् । तर मैले तत्काल आफ्नो हात गर्धनको पछाडि लगें । जसले गर्दा माथिपट्टि परेको हातको पंजा छिनेर पर उछिट्टियो तथा अर्को हातको छाला मात्र छिन्न वांकी थियो । अस्पतालमा डाक्टरले अव जोडिदैन भनेर त्यो पनि काटे र औषधी गरि दिए ।

मेरी छोरीलाई कसरी पाल्ने-पढाउने भन्ने समस्याले मलाई पिरोलिरहेको छ । मेरो औषधीमा धेरै खर्च भइ सकेकोछ । औषधी गर्ने क्रममा लागेको वाह्र हजार वुवाले वेहोरि दिनु भएको छ भने अरू बीस हजार ऋण खोजेर चलाएकी छु । मेरा पति पहिला देखि नै रक्सी खाने तास खेल्ने गर्दथे । भारतमा नै रहँदा म साथमा हुँदा हुँदै पनि घरमा केटी ल्याउने गर्थे । आफ्ना साथीहरूका माझमा मेरो वेइज्जती गर्थे । मैले त्यस्ता कार्यको विरोध गरेपछि मलाई गाउँमा नै छोडेर गएका थिए ।

उनले माइली आमालाई काट्छु भन्नुको कारण खास केही छैन । पर्वतमा अन्ध विश्वासले दन्हो जरा गाडेको छ । उनी भारतमा नोकरी गर्न जान लागेको दिन माइली आमाले सवैरै ढोकामा गोवर र दियो रास्वि दिइन । माइली आमाले त्यस माथिवाट गए भारतमा तँलाई राम्रो हुन्छ भनेकी थिइन । त्यसै अनुरूप उनी हिडने दिन ढोकामा गोवर र दियो रास्विएको थियो । उनका अनुसार त्यसमा कुल्चदा उनको दिमागमा एक प्रकारको असर पऱ्यो रे । त्यस दिन देखि उनी आफ्नो मानसिक स्थिति ठीक नभएको र आफू विग्रेको दावी गर्न थाले । तर ती सव वहाना मात्र थिए । मैले उनको मोज मस्तीको विरोध गरेकीले मलाई हटाउन खोजेका थिए ।"

मलाई घरवाट अशं प्राप्त भएको छैन । गत कार्तिक महिनामा त्यस्तो घटना घटेको थियो । मेरा श्रीमान ज्यानमारा मुद्धाको अभियोगमा आठ वर्षका लागि जेल परेका छन् । म अहिले माइतमा वसी रहेकी छु । वुवा आमा वाचुन्जेल स्वान देलान तर त्यस पछि के गर्ने ? मलाई केही थाहा छैन ।

५. चेलीवेटी व्यापार तथा एड्स उत्पीडित महिलाहरू

(क) सहभागी महिलाको नाम प्रकाशित नगरी दिने अनुरोधको कदर गरिएको छ ।
धोबीस्खोला, वडा नं. ८, नुवाकोट

> उसले हामीलाई बेचिसकेको थियो होला त्यसैले उ लुकेर जान खोज्दैथ्यो।

मेरो घर नुवाकोट जिल्लाको धोवीस्खोलामा पर्दछ । म त्यहींबाट बम्बईमा वेचिएकी थिएँ । हामीलाई जात्रा लग्ने भनियो । हामी दुई जना केटी थियौं । कति दिन विति सक्दा पनि जात्रा नै आएन । वल्ल राम्रो शहर आइपुग्यो त्यसलाई नै तल भन्छन् क्यारे भन्ने लाग्यो । उसले हामीलाई बेच्यो होला उ मबाट लुकेर जान स्वोज्दैथ्यो । मैले लघारी रहे पछ्याई रहे । तर पनि उ भाग्न सफल भयो । नौलो ठाउँमा एकडम डर लागेको थियो ।

बम्बईमा मलाई पाल्नु भनेर एउटा घरमा राख्वि दिएको थियो । सात दिन त्यस घरमा बसेपछि घर मालिकले मन्दिर घुम्न जाऔं भनेर लग्यो । ठाउँको नाम त मलाई थाहा छैन, तर फूलका वंगैचामा हामी केही वेर बसेका थियौं । त्यही वस्वत प्रहरीले हाम्रो बारेमा सोध्यो । मैले आफ्नो भाषामा आफूलाई पाल्न ल्याएको कुरा वताएँ । प्रहरीलाई शंका लागेछ क्यार, त्यसपछि उसले मलाई थानामा लग्यो । करिव पाँच दिन त्याहाँ बिताएँ पछि म नेपाल ल्याई पुऱ्याएँ ।

(ख) सहभागी महिलाको नाम प्रकाशित नगरी दिने अनुरोधको कदर गरिएको छ ।
समुन्द्रटार गा.वि.स., वडा नं. ८, नुवाकोट

म नुवाकोटको समुन्द्रटार गा. वि. स. कि वासिन्दा हुँ । हाम्रै गाउँवाट हेटौडाबाट बसाई सरेको एउटा मानिस थियो । म अठार वर्ष भएकी वेला जात्राको समय उ हाम्रो गाउँमा आयो । हाम्रो मन मिल्यो र मेरो उसङ्ग विवाह हुने निश्चित भयो । सवैरै घर छोडेर म काठमाण्डौ लागें । उस्ले काठमाण्डौको मन्दिरमा मलाई सिंदूर हाल्यो । त्यसपछि उस्ले दार्जिलिङ्ग घुम्न जाने प्रस्ताव राख्यो । म राजी भएँ । आफ्नो श्रीमानलाई विश्वाश गर्न मलाई अप्ठयारो लागेन । वस र रेलको यात्रापछि एउटा ठुलो शहर आयो । उ र म एउटा घरमा गयौं । करिव तीन दिन सम्म उ म सङ्गै नै थियो । त्यसैले मलाई कुनै प्रकारको डर लागेको थिएन । तर चौथो दिन उ अचानक हरायो । मैले स्वोजे-कराएँ । त्यहाँका अन्य आइमाईहरूले मलाई सम्झाए । त्यस दिन देखि मेरो अन्धकारमय जिन्दगी शुरू भयो ।

अनौपचारिक छलफल बीच सहभागीहरू

मलाई पेशा अपनाउन जोड दिइयो । तिम्रो गाँउ जस्तो होइन यहाँ मारेपनि कसैलाई थाहा हुँदैन भन्दै धम्क्याउँथे । स्वान नदिने पिट्ने जस्ता अमानवीय कार्य थुप्रै पटक भए । पिटाइ र भोकको कारण म विरामी हुन थालि सकेकी थिएँ । तर पनि कसैले अस्पताल लगि दिने छाँट थिएन । काम गर्न थाली सकेकी थिएँ । तर सिकिस्त वन्दै गए । त्यसैले अस्पताल पुऱ्याइएँ । अस्पतालमा मैले चिनेकी एक जना गाँउले दिदी आइपुगिन् । उनले मलाई उनीसंङ्गै लग्ने वचन दिइन । म केही आशावादी भएँ । मलाई १० हजारमा वेचिएको रहेछ । ती दिदीले पन्ध्र हजार तिरेर छुटाइन । उनको घरमा नै काम गर्न थालें । करिव २१ महिना वितेपछि केही कमाएको रकम लिएर गाँउ फर्कें ।

गाउँमा आएपछि एउटा पसल खोलें । गाउँकै स्वास्थ्य चौकीमा एक जना मानिस आए । उनको र मेरो मन मिल्यो । हाम्रो विवाह भयो । तर केही महिना पश्चात नै उनको सरूवा भयो । आजभोली गाउँमा म एक्लै वस्छु । मलाई स्वास्थ्य चौकीले मातृ शिशु कार्यकर्ताको तालिम दिएको छ । त्यही काम पनि गर्छु ।

हाम्रो गाउँका ९,१० जना केटीहरू बम्वईमा छन् । गाउँलेले "तल गएका" केटीहरूलाई घृणाको रूपले हेर्छन । कुनै केटीले पैसा धेरै ल्याएकी छ भने कोही-कोही विवाह गर्न पनि तयार हुन्छन् । नत्र फर्केपछि केटीहरू एक्लै वस्छन् ।

६. जारी प्रथाद्वारा पीडित महिला

विष्णु माया स्वत्री
चुन्नाथ गा.वि.स., वडा नं. ९, मालीवीर गाउँ, जुम्ला

> **गाउँमा; मेरो एउटा घोडी छ। त्यसलाई वेच्न पाए रकम आउँथ्यो भनि हिड्थ्यो।**

मेरो लागि मेरो नयाँ पतिले २२ हजार जारी तिरेका छन । मेरो घर मालिविर गाउँ, वडा नं ९ जुम्लामा रहेको छ । मेरो पहिलाको लोग्नेले दोश्रो विवाह गरेको तेन्ह वर्ष भयो । म विवाह पश्चात उनी सङ्ग एक वर्ष वसेकी थिएँ । त्यसैवेला उनले दोश्रो विवाह गरे । त्यस पछि मैले उनीसँग निर्वाह गर्न नसक्ने स्थिति आयो । त्यसैले मैले मेरो भाग छुट्टाइदेउ म अलग वस्छु भने । तर पतिले मलाई कुटी कुटी गर-गहना स्वोसेर स्वेदे । म माईत गएँ । एउटा छोरो थियो । माईतमा वसें । भाइहरू स-साना थिए । केही समय पछि मेरी आमा मर्नु भयो । म भाईहरूका साथै छोराको स्याहार गरेर वस्न थाले । भाईहरू ठूला भए र उनीहरूले विवाह गरे । त्यस पछि म वस्न नसक्ने स्थिति आउन थाल्यो । मैले फेरी आफ्नो अशंको निम्ति प्रयास गरें । तर पतिले चिठीमा गाली गरेर पठाए पछि मेरो लागि सम्पूर्ण ढोकाहरू बन्द भए । केही नलागे पछि गत वैशाखमा मैले छिमेकी केटासँगै दोश्रो विवाह गरें ।

मेरो पहिलेका पति पुलिस हवल्दार थिए । उनी धनगढीमा सरूवा भएर गएका थिए । तर मैले दोश्रो विवाह गरेको सुनेपछि उनी गाउँमा आए र मरो नयाँ पतिलाई जारी तिर्न धम्क्याउन थाले ।

उनले रूँदै अगाडि भनिन -*"गाउँमा मेरो एउटा घोडी छ । त्यसलाई वेच्न पाए रकम आउँथ्यो भनि हिड्थ्यो । रक्सी स्वाएर मान्छे लिएर घरमा धम्क्याउन आउँथ्यो । म र मेरा नयाँ पतिलाई मार्ने धम्की दिन्थ्यो । उसले मलाइ दिएको गर-गहना लुगा इत्यादि पहिला नै स्वोसेर लगेको थियो । तर उस्ले २५ हजार जारी नतिरे हाम्रो घर हुन नदिने धम्की दियो । उसले भनेको जति रकम दिन हाम्रो स्थितिले दिदैन । त्यसैले मोलतोल गरेर २२ हजार सम्म दिने निधो भयो । हामीले ऋण गरेर तिर्यौ । तर हिजोआज साहूहरू पैसा माग्न आउँदैछन् । तिर्ने भए तिर नत्र घर स्वेती छोड भन्छन । मैले १२ वर्ष सम्म पर्खेर वसे । अव अलिकति सुख पाउने आशा थियो । त्यो पनि स्वोसिएला जस्तो छ ।"*

७. वादी महिलाहरू

(क) सहभागी महिलाको नाम प्रकाशित नगरी दिने अनुरोधको कदर गरिएको छ ।
गगनगंज गा.वि.स., वडा नं. ८, बाँके

> **नाचगान मात्र गर्ने हामीबाट विना वावुका सन्तान जन्माउन थालियो। तर पुरूषहरूले ती सन्तानहरूलाई स्वीकार गर्न मानेनन्।**

म गगनगंजको वादी जातिवाट आएकी हुं । हाम्रो जाति पहिला देखि नै नाचगान गर्ने जाति हो । हामी पहिलेदेखि कसैको विवाह, व्रतबन्ध पूजा बारेमा नाच-गान गर्ने गर्थ्यौं । हामीलाई त्यस वापत पैसा दिइन्थ्यो । त्यसैवाट हामी पेट पाल्ने गर्थ्यौं । तर यही समाजले हामीलाई विगाऱ्यो ।

गगनगंज : वादी टोलको एक दृष्य

नाचगान मात्र गर्ने हामीवाट विना वावुका सन्तान जन्माउन थालियो । तर पुरूषहरूले ती सन्तानलाई स्वीकार गर्न मानेनन् । हामी शिक्षित छैनौ, कुनै प्रकारका तालिम पाएका छैनौं । हामीले कसरी पाल्न सक्थ्यौं ती सन्तानहरूलाई ? हामीमा उद्योग स्वोल्ने क्षमता छैन । घरयासी कामहरू गरौ भने समाजले घर भित्रै छिर्न दिंदैन । केही सीप नगागेर हामी वेश्यावृत्ति अगाल्न वाध्य भयौं ।

आज वादी जाति कलंकीत भएकोछ । हामी त विग्रयौं विग्रयौं । तर नयाँ पिढीलाई विगार्ने हाम्रो विचार छैन । त्यसैले आफ्नो आम्दानीको २५ प्रतिशत कटाएर एउटा कोष स्वडा गरेका छौं । जसबाट एउटा स्कूलको स्थापना गरिएको छ । त्यहाँ हाम्रा वालवच्चा मात्र पढ्छन् । त्यसै कोषको लगानीमा सिलाई वुनाई केन्द्र तथा प्रौढ शिक्षा पनि संचालन गरी रहेका छौ । तर पुलिस तथा प्रशासन हामी सुध्रिएको हेर्नै चाहदैन । विभिन्न कारणहरूले गर्दा प्रौढ शिक्षा दिउँसो चलाउनु संभव छैन, तसर्थ राती संचालन हुन्छ । तर केही महिना यता देखि प्रशासनले त्यो पनि वन्द गरिदिएको छ । हाम्रा सरहरू चार दिन थुनामा परे । हामीलाई वाटो देखाउने प्रयास गर्नेलाई सक्रिय हुन दिइदैन ।



वादी महिला : आफ्नो दुःखद कथा सुनाउँदै

हामीलाई यही समाजले विगारेको हो । यसैले सुधार्नु पर्छ । तर प्रशासनले त्यसो हुन दिंदैन । हाम्रो घर यहीँ छ । घरको धनी पुर्जा पनि छ । तर आजभोली हाम्रो घर वरीपरि वाऱ्है घण्टा पुलिसको गस्ती घुम्ने गर्छ । मेरो

घर मेरो पतिको नाममा छ । त्यसैले पुलिस उनलाई मात्र त्याहाँ वस्ने अधिकार छ भन्छ । हामीलाई लखेट्न खोज्छ । मेरी छोरी, वुहारी र छोराले समेत त्यहाँ वस्न पाउदैनन् रे । हाम्रो टोलका केटीहरूलाई धपाइएको छ । उनीहरूलाई त्याहाँवाट खेदेर वुढा आमा वावुले के खाने ?

उनले रूदै भनिन -*"हामी पेशा परिवर्तन गर्न चाहन्छौं । तर त्यसको लागि अवधि चाहिन्छ । हामी नेपाली नै हौं । यसरी हामीलाई लथालिङ्ग पार्नु भन्दा त विष दिइयोस । हामीले पढेका छैनौ । हामीसँग जग्गा जमिन छैन । तर हामीले वालवच्चाका लगि चाहिने सम्पूर्ण खर्च पुर्याई रहेका छौ । यस्तै पेशा गरेर भए पनि हामी भावि पिढीका निम्ति परिवर्तन होस र उनीहरूले सम्मानित जीवन जिउन पाउन भन्ने चाहन्छौं । "*

८. गलैंचा उद्योगबाट उत्पीडित महिलाहरू

(क) शान्ति जिरेल

जिरी सिजेल टोल, वडा नं. ६, दोलखा, हाल काठमाण्डौ

> **कारखानाका म्यानेजरहरू मजदुरहरूलाई लात्तीले हिर्काउने मात्र गर्दैनन् उनीहरू आइमाइ मजदूरहरूसंग भद्दा किसिमले चल्ने, जिस्कने गर्छन्।**

मेरा पति र म जिरी, दोलखावाट आएका थियौं । हामी अनपढहरूले गलैंचा वुन्ने काम नै गर्नु पर्ने ठान्यौ । गलैचाको काममा केही महिना सिक्नु पर्ने हुन्छ । हामी पनि वुन्न जान्नेहरूको अन्तर्गत रहेर काम गर्न थाल्यौ । उनीहरू हामीलाई पिट्ने गर्थे । गलैचा अलिकति विग्रेपनि खाना दिंइदैनथ्यो । आज थाहा भए अनुरूप सिक्ने अवधिमा पनि तलवका साथ वस्ने खाने व्यवस्था हुनु पर्दो रहेछ । तर हाम्रा लागि केही थिएन । विहान ४ वजे देखि राती १०-१२ वजे सम्म काम गर्दा पनि आफ्नो हातमा केही आउदैनथ्यो । त्यस्तो अन्याय सहन नसकेर हामी भाग्यौ । भागेर आएको भन्यो भने नयाँ कारखानामा काम दिदैनथे । त्यसैले हामीले काम जान्दछौ भनेर काम माग्यौं । र त्यसपछि भोक-भोकै वसेर काम गर्न थाल्यौ ।

गलैचामा काम गर्नेहरूले प्राय ऋण लिएका हुन्छन । आफ्नो आम्दानीले पुग्दैन । हामी पनि त्यही मध्येका हौं । ऋणको कारणले गर्दा हामी घर पनि जान पाउदैनौ ।

कारखानका मजदुरहरूलाई म्यानेजरहरू लात्तले हिर्काउने मात्र गर्दैनन म्यानेजरहरूले आइमाइ मजदूरहरूसंग चल्ने, जिस्कने गर्छन । हिजो आज धेरै केटीहरू भारततिर बेचिन थालेका छन् । सानो, साँघुरो कोठामा अस्वस्थकर वातावरण वीच काम गर्नु पर्ने भए मजदुरहरू नै पनि जिस्किने इतरिने गर्दछन । हामीलाई दिएको कोठाको छेऊमा फोहोरका थुप्रा हुन्छन । जसले गर्दा कोठा वाह्रैमास दुर्घन्दित भइरहन्छ ।

एकचोटी हामीले काम गर्दै जादाँ एउटा गलैचा विग्रियो । सम्वन्धित मानिसलाई सोधेर मिलाउन गलैचा कोठामा गयौं । तर त्यसैको निहुँ पारेर मालिकले हामीलाई खुब गाली गर्‍यो । हामी त्यो कार्पेट कारखान छोडेर भाग्न चाहन्थ्यौं तर ऋणले गर्दा जान पाएनौं ।

गलैचा कारखानामा काम गर्नेहरूलाई मानिसहरूले राम्रो ठान्दैनन । बाटोमा शीर ठाडो गरेर हिड्न पनि लाज लाग्छ । मालिकहरूले नै गलैचामा काम गर्नेहरूलाई विगारेका हुन्छन । हामी त १६ देखी १८ घण्टा सम्म काम गर्छौं । आफ्नो पसिनाको कमाई खान्छौं । तर पनि हामीलाई किन नराम्रो दृष्टिकोणले हेरिन्छ ?

कुनै-कुनै कारखानामा केटीहरूद्वारा वच्चा फ्याल्ने इत्यादी नराम्रा कार्य पनि हुन्छ । कारखानामा नै मजदुरहरू आपसमा विवाह गर्छन । काममा केटाको तुलनामा केटीहरू वढी खट्छन । त्यसैले उनीहरूले केही सम्पत्ति पनि जोडेका हुन्छन । मजदुरहरूले विवाह गर्ने भनेको केही सम्पत्ति भएका केटीहरूलाई नै हो । विवाह पश्चात केटीले आफ्ना सर-समानहरू केटाको कोठामा सार्छे । उनीहरू संगै वस्न थाल्छन । तर केही दिनमा नै झगडा पर्छ र केटाले केटीलाई कुट्दै रित्तै हात निकालिदिन्छ । यस्ता घट्नाहरू घटिरहन्छन । कारखानामा काम गर्नेहरूलाई पुलिस-मिल्ट्रीले पनि विवाह गरेर छोड्छन । मैले आफ्नै आँखाले एउटी केटीलाई विवाह गरी वच्चा भएपछि पिटेर खेदी अर्को विवाह गरेको देखेको छु ।

(खे) मिना के.सी. (१८)
प्रिती गा.वि.स., वडा नं. ९, रामेछाप, हाल काठमाण्डौ

> कम पैसा र गालीका वावजुद पनि चार महिना सम्म काम सिकें। सुरूमा धेरै जसो भोकै बस्नु पर्थ्यो।

म एघार वर्षको उमेर देखि काठमाडौं आएकी हुँ । त्यसबेला म गाँऊमा तीन कक्षामा पढ्दै थिएँ । मेरी फूपू पर्नेको छोरी सानैदेखि गलैचामा काम गर्दै थिई । उसले स्कुलबाट नै मलाई काठमाडौं आउन फकाइन । मैले घरमा अनुमति पाइन । तर मैले काठमाडौं आउने मनस्थिति बनाई सकेको थिएँ । त्यसैले म घर छोडेर भागें ।

काठमाडौं आएर कम पैसा र गालीका वावजुद पनि चार महिना सम्म काम सिके । सुरूमा धेरै जसो भोकै वस्नु पर्थ्यो । गाली खानु पर्थ्यो । एक दिन मेरा नयाँ साथीहरू आएका थिए । उनीहरूसंग सिंगो तान थियो । साथीलाई बुन्न राम्रो आउदैन थियो । त्यसैले मसंग तान साट्ने उसले इच्छा व्यक्त गरें । मैले साटें । तर मलाई सिकाउने केटीले उसलाई नसोधी तान बदली गरे भनेर तान वुन्ने डण्डाले हिर्काई । मैले पनि फर्काएँ । उसको वच्चालाई लाग्यो । झगडा अझ बढ्यो । भोलीपल्ट विहान चारै वजे म कारखान छाडेर भागें ।

कारखानामा यस्ता घटनाहरू थुप्रै घट्छन । दिनको १६ घण्टा काम गर्छु । तर पनि पैसा घर पठनउन सकेकी छैन । केही महिना अगाडि मेरै गाँउको एउटा युवकले मलाई विवाह गऱ्यो । उसंग करिब १५ दिन वसेपछि आपसी खटपट भयो । उ मलाई छोडेर भाग्यो । अहिले म एक्लै छु । काम गरी रहेकी छु ।

दोश्रो दिन

पहिलो सत्र

कार्यक्रमको योजना अनुरूप दोश्रो दिनको पहिलो सत्रमा समूह विभाजन गरे पश्चात छलफल सम्पन्न भयो । अघिल्लो दिनको वातावरणबाट महिलाहरू केही मात्रामा भए पनि संयमित भएका थिए । शान्ति चौधरीको प्रस्ताव अनुरूप केही गीत गाइए पछि कार्यक्रम गहनाता तिर बढ्यो । महिला प्रशिक्षण केन्द्रकी प्रचार्य पीताम्वरा उपाध्यायले "महिला विकास" का सम्वन्धमा आधा घण्टा बोल्नु भयो ।

"नेपालमा महिला विकासका निम्ति विगत २० वर्ष देखि विभिन्न कार्यक्रम संचालन गरी राखिएको छ । तर महिला र पुरूषको स्थीति अझ असमन देखिन्छ । जागिरे महिलाहरूको संख्या अत्यन्त न्यून छ । कतै पनि महिलहरूको संख्या निर्णयक दिखिदैन ।" -वहाँले भन्नु भयो ।

विकास त्यस मानिसको मात्र हुन्छ जो स्वयं विकासमा संलग्न हुन्छ भन्ने राय व्यक्त गर्दै वहाँले अगाडि भन्नु भयो । - *"हाम्रो घरपरिवार वा समाजमा कामको बाँडफाँड राम्रोसंग भएको छैन । जसले गर्दा महिलाहरू दिनमा १८ घण्टा काममा सक्रिय हुँदा पनि उनीहरूको कामको मूल्याङ्कन हुँदैन । महिलाहरूलाई पुरूष सरहको स्थितिमा ल्याउन मुख्यतया कामको राम्रो बाँडफाँड हुनुपर्छ । महिलाहरूलाई पनि निर्णायक भूमिका दिइनु पर्छ ।"*

त्यसपछि सहभागीहरू वीच महिला विकासका अप्ठ्याराहरू माथि छलफल शुरू भयो । त्यस क्रमलाई अघि बढाउँदै मानवअधिकार कार्यकर्ता गंगा कसजुले भन्नु भयो । - *"महिला विकासका मूख्य अवरोध शिक्षा तथा आर्थिक समस्या हुन । यी कुराहरूलाई निर्मुल नपारी महिला विकास असंभव हुन्छ ।"*

छलफल पर्यवेक्षेक माझमा मात्र सिमीत हुन थाले पश्चात उत्पीडित महिलाहरूलाई पनि छलफलमा सक्रिय रूपमा सहभागी गराउन **सुशील प्याकुरेलले** कार्यक्रमको ध्यानाकर्षण गर्नु भयो । त्यसै वीच उत्पीडित महिलाहरूको माझबाट **जीवन धिमिरेले** भन्नु भयो । -*"असचेत र उत्पीडित महिलाहरूलाई मंचमा ल्याएर उनीहरूको पीडा प्रस्तुत गर्न लगाइयो । तर अब उनीहरूलाई पीडाबाट मुक्ति दिलाउने जिम्मेवारी कस्को हो ?"*

पीताम्वरा उपाध्यायले उक्त प्रश्नलाई लक्ष्य गर्दै भन्नु भयो । - *"यस्तो कुराको जिम्मेवारी एउटा व्यक्ति वा वर्गलाई दिएर हुँदैन । विकास स्वयम् बाट उत्प्रेरित हुनु पर्छ । त्यस पीडित व्यक्ति वा समूदायलाई परिवर्तनको चाहना महसुश गराउन तथा परिवर्तनका क्रममा साथ दिन मात्र अन्य समूदाय वा व्यक्तिले सक्छन । हामीले समस्याका मूख्य कारणहरू बुझ्नु पर्ने आवश्यकता छ । पीडित वर्गवाट नै समस्या समाधानका उपाय आउनु आवश्यक हुन्छ ।"*

छलफलको क्रमलाई अगाडि बढाउँदै **शान्ति चौधरीले** भन्नुभयो । - *"उत्पीडित महिलाहरूले रूँदै आफ्ना कुराहरू राख्नु भयो । वहाँहरूले सहयोगको अपेक्षा पनि राख्नु भएको छ । वहाँहरूको*

समूदायलाई विभिन्न प्रकारका सहयोगको आवश्यकता छ। त्यसैले हामी सहभागी संस्थाका प्रतिनिधिहरू फर्कनु अगाडि सहयोगको क्षेत्र बारे स्पष्ट उल्लेख गरिनु पर्छ।"

त्यसपछि छलफलको क्रमलाई टुङ्ग्याएर समूह विभाजन गर्ने प्रस्ताव राख्दै **सुशील प्याकुरेलले** भन्नु भयो। - *"शान्तिजीले राख्नु भएको विचार, हाम्रो कार्यक्रमको उद्देश्य भित्र नै पर्छ। यहाँ उपस्थित संघ संस्थाका प्रतिनिधिहरूले आफ्नो कार्यक्षेत्र उल्लेख गर्न नसके पनि मानसिक रूपले तयार भई फर्कनु पर्छ भन्ने हामीले ठानेका छौं। हाम्रो तर्फबाट हरप्रकारका सहयोग जुटाउनु हाम्रो पनि कर्तब्य हुन्छ। यस कार्यक्रममा विभिन्न दातृ संस्थाहरू तथा गैर सरकारी संस्थाहरूको प्रतिनिधित्व भएको छ। तपाईहरू आपसमा छलफल गरी उत्पीडित महिलाहरूको लागि कार्यक्रमको योजना गर्नुहोस। त्यस कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सहयोग आवश्यक भए हामी समक्ष राख्नु होस। हामी हरतरहले सहयोग गर्न तयार छौं।"*

त्यस पछि समूगत छलफलका निम्ति जम्मा चार वटा समूहहरू निर्माण गरिए -

पहिलो समूह

राजनीति एवं पारिवारिक हिंसा पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह

क) जीवन घिमिरे

ख) बिष्णु पौड्याल

ग) सीता देवी लामिछाने

दोश्रो समूह

कार्पेट उद्योग एवं जारी प्रथाबाट उत्पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह

क) शान्ती जिरेल

ख) मिना के.सी.

ग) विष्णुमाया खत्री

तेश्रो समूह

वधुँवा प्रथा एवं उद्योग धन्दाबाट उत्पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह

क) जुग्री थारू

ख) शान्ता रानी थारू

ग) गोंगी थारू

घ) राममाया तुलाधार

ङ) सरस्वती श्रेष्ठ

चौथो समूह

चेलीबेटी व्यापार एवं वादी प्रथाबाट उत्पीडित महिलाहरूका सम्बन्धमा छलफल गर्न बनेको समूह

क)
ख)
ग)
घ)

} सगीहरूको नाम प्रकाशित नगरी दिने अनुरोधको कदर गरिएको छ ।

दोस्रो दिन

दोस्रो सत्र

दोस्रो दिनको पहिलो सत्रमा विभाजन गरिएको विभिन्न चार समूहले छुट्टा छुट्टै रूपमा तत् तत् विषयमा व्यापक छलफल गरिसके पश्चात निम्नानुसारका रिपोर्टहरू प्रस्तुत गरेको थियो । त्यस सत्रमा ती रिपोर्टहरूका आधारमा भविष्यका कार्यक्रमहरूका बारेमा विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरूका साथै पत्रकारहरूले पनि आ-आफ्नो जिज्ञासाहरू राख्वेका थिए ।

१. राजनीति वा आन्दोलन एवं पारिवारिक हिंसाबाट पीडित महिलाहरूका निम्ति छलफल गर्न बनेको समूह

समूह संयोजक - रेणु उप्रेती
च्यापोटर - पार्वती पाण्डे

समूहले विस्तृत छलफल गरी तत्कालिन रूपमा समस्या समाधानका निम्ति निम्न सुझावहरू प्रस्तुत गऱ्यो ।

सुझावहरू

राजनीति वा आन्दोलन पीडित

- शहीदका वालवच्चालाई शिक्षाको ब्यवस्था हुनुपर्छ ।
- शहीदको परिवारलाई स्वास्थ्यको व्यवस्था हुनुपर्छ ।
- रोजगारको उचित ब्यवस्था हुनुपर्छ ।
- शहीद परिवालाई यथोचित सम्मान दिइनु पर्छ ।
- शहीद पत्नीहरूलाई रोजगारका अवसरहरू प्रदान गर्नु पर्छ ।

पारिवारिक हिंसा पीडित

- सितादेवीलाई आर्थिक समस्याले पिरोली रहको छ । उनले औषधी उपचारको क्रममा लिएको ऋण तिरी दिनु पर्ने देखिन्छ ।
- उत्पीडित महिलाहरूका निम्ति जीवन धान्ने उपाय जुटाइदिनुपर्छ । छलफलको क्रममा आएको सुझाव अनुरूप साना खुद्रा पसल स्थापना गरि दिन सकिन्छ ।
- सीतादेवी झैं अन्य सोही ढंगले उत्पीडित महिलाका वच्चाको पालनपोषण र शिक्षा दिक्षा वन्दोवस्त हुनु आवश्यक छ ।

उपलब्धी

"यो कार्यक्रम ज्यादै प्रभावकारी रह्यो । आफ्नो समस्या राख्न पाउँदा पनि मलाई केही मानसिक राहत मिलेको छ । मैले आफ्नो समस्या सुनाउन पाएँ र अरूको समस्याहरू पनि सुन्न पाए । यस्तो कायक्रम अझ व्यापक रूपमा गर्नु पर्छ ।" -कार्यक्रम प्रति सीतादेवीको टिप्पणी यस्तो थियो ।

"महिलाहरूको समस्या सुन्दा त्यति विश्वास नलागेको भए पनि भेटेर वहाँहरूकै मुखवाट सुन्दा, प्रत्यक्ष देख्दा विश्वास लाग्यो । महिलाहरूका समस्या जहाँ तहीं रहेछन । त्यो थाहा पाउँदा आफ्नो समस्या पो अलि गौण जस्तो लाग्यो । यस्तो कार्यक्रम पहिले कहिल्यै भएको थिएन । अहिले यहाँ उपस्थित हुँदा समस्याहरूलाई नजिकबाट चिन्ने, वास्तविक रूपमा बुझ्ने मौका पायौ ।" -सीतादेवीको धारण यस्तो थियो ।

उनले थप धारणा यसप्रकार व्यक्त गरिन -"समस्याको समाधान होला भन्ने अपेक्षा गरेर यहाँ आएका हौं । भेला सम्पन्न भइसकेपछि समाधानको लागि कुनै पाइला नचाल्ने हो भने यसलाई उपलब्धी मान्न सकिदैन, र त्यसो गर्नुको केही अर्थ छैन । त्यसैले समस्यावाट राहत पाउन तत्काल केही गर्नु पर्यो । यस्ता कार्यक्रम र भेलाहरू विभिन्न ठाउँमा गरिनु आवश्यक छ ।"

२. कार्पेट उद्योग एवं जारीप्रथाबाट पीडित महिलाहरूका बारेमा छलफल गर्न बनेको समूह

समूह संयोजक - मंजु थापा
च्यापोटर - संतोष प्याकुरेल

सुझावहरू

कार्पेट उद्योग पीडित

(१) हाल उनीहरूले पाइरहेको ज्यालामा बढोत्तरी हुनु जरूरी छ ।
(२) दैनिक कामको अवधि कम गरेर समय र घण्टा तोक्नु आवश्यक छ ।
(३) काम गर्दा नाक मुखमा धुलो नपसोस भन्नाका लागि मुकुण्डो प्रयोग गर्नु पर्छ ।
(४) महिला मजदूरका वच्चाहरूको रेखदेखका लागि स्याहार केन्द्र बनाउनु जरूरी छ । लिटो ख्वाउने

वा सुत्केरी आमाको अवस्था हेरेर पटक पटक दुध खुवाउने समय दिनु आवश्यक छ । सुत्केरी भएको वेलामा उनीहरूलाई महिनावारी तलव दिने वा तलव सहित ४५ दिन विदा दिने व्यवस्था हुनु पर्छ । त्यस्तै अरू अवस्थामा उनीहरूले एकमुष्ट रकम सहयोग स्वरूप दिने व्यवस्था गरिनु पनि अत्यन्त आवश्यक छ ।

(५) समय अनुसार खान लाउन पुग्ने ज्याला दिनु पर्छ ।

(६) लोभ लालच धम्कीले महिलाहरूमाथि गरिने यौन शोषणको अन्त्यका लागि त्यहीं भित्रका मजदूरहरूले संगठित भएर आवाज उठाउनु पर्दछ । धम्की, त्रास र डरको वातावरणको अन्त्य गर्न व्यवस्थापन पक्षलाइ पनि लागु हुने गरी अनुशासनका नियमहरू वनाउनु पर्दछ र मजदूरहरूको कामको सुरक्षा हुनुपर्छ । मालिकले मनपरी निकाल्न वा राख्न सक्ने स्थितिको अन्त्य गरिनु पर्छ ।

(७) बाल मजदूरीको अन्त्य हुनु पर्छ ।

(८) महिलाहरूलाई उनीहरूका अधिकार प्रति सचेत तुल्याउँदै यौन शोषण विरूद्ध जागरूक तुल्याउनु पर्छ ।

जारी प्रथा

- गाउँ गाउँमा जारी प्रथा विरूद्ध सचेतन कार्यक्रम संचालन गर्नु आवश्यक छ ।
- जारी सम्बन्धी विद्यमान कानूनमा परिवर्तन गर्नु जरूरी छ ।
- बाल विवाह, अनमेल विवाह, करकाप विवाह आदि रोकिनु पर्छ ।
- युवाहरूको कामको खोजीमा भारत जाने प्रवृत्तिलाई निरूत्साहित पारिनु पर्छ ।
- राती नाचगान गर्ने जस्तो स्थानीय प्रचलनको रोकथाम गरिनु पर्छ ।

३. कमैया प्रथा तथा सिमेन्ट उद्योग पीडित महिलाहरूका बारेमा छलफल गर्न बनेको समूह

संयोजक - गंगा कसजू
च्यापोटर - लता प्याकुरेल

सुझावहरू

कमैया प्रथाबाट उत्पीडित महिलाहरूको अवस्थामा सुधार ल्याउन

१) सरकारले श्रम कार्यालय अन्तरगत तोकेको ज्याला दर अनुसारको दैनिक ज्याला र महिनावारी तलवको उचित व्यवस्था हुनु पदर्छ ।

२) परिवारको प्रत्येक सदस्यले मालिकको काम गरे वापत छुट्टा छुट्टै र उचित ज्याला पाउनु पर्छ ।

३) कमैयाहरूले अति आवश्यक कामहरू पर्दा मानवताको नाताले छुट्टी पाउने व्यवस्था हुनु पर्छ । विवाह आदि पर्दा वा विरामी हुँदा औषधी उपचारको लागि विदाको व्यवस्था हुनु पर्ने देखिन्छ ।

४) सुत्केरी विदा साऱ्है कम दिने गरिएको छ । कमसेकम एक, डेढ महिना विदा दिने व्यवस्था हुनु पर्ने देखिन्छ ।

५) कमैयाहरूको महिला सदस्ययहरूसंङ्ग अभद्र व्यवहार गर्नेलाई उचित दण्ड सजायको व्यवस्था गरिनु पर्दछ ।

(६) कमैयाहरू माझ मानवअधिकार सचेतन कार्यक्रम संचालन गर्नु आवश्यक छ ।

सुकुम्वासी समस्यालाई समाधानको दिशा प्रदान गर्न

वर्दियाका ४२ वटा क्षेत्रमा लगभग ११००० सुकुम्बासी परिवारहरू बसोबास गर्दछन् । २०४८ साल कार्तिकमा कनराका १६,००० सुकुम्बासी, परिवारहरूलाई त्यहाँबाट जबरजस्ती हटाउने कार्य भएको थियो (इन्सेक बुलेटिन, नोभेम्बर/डिसेम्बर १९९२) । कार्यक्रममा त्यही अत्याचारमा परेका महिलाहरूको प्रतिनिधित्व भएको थियो ।

- कनराका सुकुम्बासीहरूलाई पुर्नस्थापना गराउनु पर्छ ।
- सुकुम्बासी समस्या समाधानको निम्ति स्वतन्त्र र सक्षम आयोगको निर्माण गरिनु पर्छ ।
- कनराका सुकुम्बासीहरूलाई हटाउने क्रममा भएका क्षतिको हर्जना दिनु पर्छ ।
- त्यस समय प्रशासनको दमनका कारण शारीरिक रूपमा अशक्त भएका महिलाहरूका निम्ति आवश्यकता अनुसार स्वास्थ्य उपचारको व्यवस्था गरिनु पर्छ ।
- दोषीहरूमाथि कार्वाही हुनु पर्छ ।

सिमेन्ट कारखानाबाट पीडित महिलाहरूको स्थितिमा सुधार ल्याउन

(१) सिमेन्ट कारखानालाई बस्ती भन्दा धेरै टाढा सुनसान ठाँउमा लगेर स्थापित गर्नु पर्ने माग रहेको छ ।

(२) सिमेन्ट कारखाना अन्यत्र सार्न तत्काल नसकिने भएमा प्रदूषणबाट प्रभावित जनतालाई उपयुक्त स्थानमा सम्पूर्ण व्यवस्था सहित स्थानान्तरित गर्नु जरूरी देखिन्छ ।

(क) क्रसर चलाउँदा ढकनी लगाएर धुलो उड्न नसक्ने प्रबन्ध गरिनु जरूरी छ ।

(ख) तत्काल त्यहाँ बसिरहेका बासिन्दाहरूका निम्ति सफा स्वच्छ खाने पानीको व्यवस्था हुनु आवश्यक छ ।

(ग) व्लाष्टिङ गर्दा भत्केका घरहरू पूर्ण रूपले बनाई दिनु पर्ने र चर्केको घरहरूका लागी आवश्यक मर्मत गरी दिने व्यवस्था हुनु पर्ने देखिन्छ ।

(घ) धुँवाको मुस्लो प्रसस्त मात्रामा उड्ने हुँदा त्यस्को समुचित व्यवस्था गर्नु पर्ने र सबै खाले प्रदुषणको नियन्त्रण गरिनु पर्ने देखिन्छ ।

(ङ) कारखानामा काम पाउने सवालमा सबै पदका लागि त्यहीका स्थानीय बासिन्दाहरूलाई पहिलो प्राथमिकता दिनु आवश्यक छ ।

(च) मैपरी आउँदा कारखानाबाट गाडी उपलब्ध भइरहेको छ । तर त्यो व्यवस्था अझ व्यवस्थित र नियमित हुनु आवश्यक छ ।

(छ) कारखाना वरिपरिका बस्तीमा आवश्यकता अनुरूप हेल्थपोष्टको व्यवस्था हुनु जरूरी छ ।

(ज) बस्तीमा बालीनालीका लागि सिंचाईको उचित व्यवस्था हुनु आवश्यक छ ।

(झ) त्यस बस्ती वरिपरि वा प्रभावित क्षेत्र भित्रका सम्पूर्ण मानिसहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गर्नु जरूरी छ ।

४. वादी महिलाहरू तथा वेचविखनमा परेका चेलिवेटीहरूका बारेमा छलफल गर्न बनेको समूह

समूह संयोजक - शान्ति चौधरी
च्यापोटर - शिसम मिश्र

सुझावहरू

वादी महिलाहरूको अवस्थामा सुधार ल्याउन

- प्रशासनिक अन्याय तुरून्त वन्द गर्नु पर्छ ।
- उनीहरूले मर्यादित तरिकाले बाँच्न सक्ने व्यवस्था गरिदिनु पर्छ ।
- उनीहरूको आर्थिक उर्पाजनको बैकल्पिक बाटो खोलिदिनु पर्छ ।
- सम्वन्धित निकायवाट वादी समुदायको उद्धारकालागि खेती वा जमिन उपलब्ध गराउनु पर्छ ।
- जग्गा जमिनमा वादी समुदायको हक हित सुनिश्चित गरिदिनु पर्छ ।
- उनीहरूमा अनिवार्य रूपले शिक्षा तथा सिपमूलक तालिमहरू उपलब्ध गराउनु पर्छ ।
- तालिम प्राप्त गरेकावादीहरूलाई औजार तथा आवश्यक बजारको व्यवस्था गरिदिनु पर्छ ।

वेचविखनमा परेका चेलिवेटीहरूको अवस्थामा सुधार ल्याउन

- यस पेशामा संलग्न गल्लावाल्नी केटी तथा पुरूषहरूलाई सजायको भागी बनाउनु पर्दछ ।
- नेपालको सीमा पार गर्दा परिचय पत्र हुनु आवश्यक छ ।
- सरकारी तथा गैर सरकारी संस्थाहरूले भारतबाट फर्केका महिलाहरूको नेतृत्वमा सीप विकास गर्ने तथा सामाजिक चेतना जागृत गराउने खालका कार्यक्रमहरू संचालन गर्नु पर्छ ।
- महिलाहरूलाई सम्बन्धित विषयमा सचेत गराउनु पर्छ ।
- उत्पीडित महिलाहरूले विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रमा आफ्नो क्षमता अनुसार काम पाउनु पर्छ ।
- महिलाहरूका लागि अनिवार्य शिक्षाको व्यवस्था हुनुपर्छ ।
- आयमूलक तालिमहरू प्रदान गर्नु पर्छ ।

"उत्पीडित महिलाहरूले यस प्रकार आफ्नो कुरा राख्ने प्रथम अवसर पाएका छन । त्यसैले कतिपय धेरै कुराहरू छुटेका होलान । उत्पीडित महिलाहरूले आ-आफ्ना छुटेका कुराहरू अझै पनि राख्न सक्नु हुन्छ ।" सुशील प्याकुरेलले यसो भन्दै कार्यक्रम पर्यवेक्षक र उत्पिडित महिलाहरू विच कार्यक्रमलाई प्रश्न-उत्तर तथा छलफलको निर्मति खुला गरिदिनु भयो । यस क्रममा पत्रकार विजय चालिसेले कार्यक्रमको उद्देश्य र यस कार्यक्रमवाट उत्पीडित महिलाहरूको लागि प्रत्यक्ष फाइदाका वारेमा प्रश्न गर्नु भयो । उहाँको जिज्ञासा पूर्ति गर्न सुशील प्याकुरेलले भन्नु भयो -"महिलाहरू माथिको उत्पीडनलाई किन राष्ट्रिय वहसको विषय वनाइदैन ? बम्वईमा वेच्न लैजाने मानिस घर ढडाएर शीर ठाडो बनाएर हिड्छन तर महिलाको वर्वाद भएको जिन्दगीको पीडा किन कोही बुझ्न खोज्दैनन ?"

उत्पीडित महिला मञ्च

फागुण १-४, नेपालगंज

कार्यक्रम तालिका

पहिलो दिन - आगमन

दोश्रो दिन - अवलोकन भ्रमण

भिडियो फिल्म

तेश्रो दिन - उत्पीडित महिलाहरूको वर्णन

- कार्पेट बुनकर महिलाहरू
- चेलीवेटी व्यापार र एड्सका शिकार भएका महिलाहरू
- बाँधा महिला मजदूरहरू
- उद्योग धन्दा पीडित महिलाहरू

भोजन

- जारी प्रथा पीडित महिलाहरू
- पारिवारिक हिंसा पीडित महिलाहरू
- वादी महिलाहरू
- राजनीति पीडित महिलाहरू
- अन्य

चौथो दिन - समूहगत छलफल

पहिलो समूह	क)	कार्पेट बुनकरहरू
	ख)	जारी प्रथा पीडितहरू
दोश्रो समूह	क)	चेलीबेटी व्यापार पीडितहरू
	ख)	वादीहरू
तेश्रो समूह	क)	बाँधा महिलाहरू
	ख)	उद्योग धन्दा पीडितहरू
चौथो समूह	क)	पारिवारि हिंसा पीडितहरू
	ख)	राजनीति पीडितहरू

भोजन

- समूहगत प्रतिवेदन प्रस्तुती
- आगामी योजना बारे छलफल

पाँचौ दिन - निष्कर्ष / सम्पन्न

सहभागीहरु

उत्पीडित महिलाहरू

(१) संस्कृतिबाट पिडित महिलाहरू

(अ) जारी

(क) विष्णु माया स्वत्री

(आ) वादी

(क)
(ख) } सहभागी महिलाहरूको नाम प्रकाशित नगरी दिने अनुरोधको कदर गरिएको छ।

(२) सामाजीक अन्याय बाट पिडित महिलाहरू

(अ) वधुवा मजदुर

(क) जुग्री थारू

(ख) गोगी थारू

(ग) शान्ता रानी

(३) आर्थिक तथा शहरिकरणबाट पिडित महिलाहरू

(अ) चेलीवेटी वेचविस्वनमा परेका

(क)
(ख) } सहभागी महिलाहरूको नाम प्रकाशित नगरी दिने अनुरोधको कदर गरिएको छ।

(आ) गलैचा कारस्वानामा काम गर्ने

(क) शान्ति जिरेल

(ख) मिना के.सी.

(४) विकाश वा वातावरणिय ह्रासाबाट पिडित महिलाहरू

(अ) सिमेन्ट कारस्वाना क्षेत्रमा वसोवास गर्ने

(क) राम माया तुलाधर

(ख) सरस्वति श्रेष्ठ

(५) पारिवारिक हिंसा

(क) सिता देवी लामिछाने

(६) राजनीति पीडित

(क) विष्णु पौड्याल

(ख) जीवन घिमिरे

संघ संस्थाका प्रतिनिधि

(१) अर्जुन कार्की (ग्रिट्स, नेपाल)
(२) उषा थापा (वाच, नेपाल)
(३) करण कोइराला (नारी सुधार समाज)
(४) गोविन्द श्रेष्ठ (काष्ट, नेपाल)
(५) पीताम्वरा उपाध्याय (प्राचार्य, स्थानीय विकास प्रशिक्षण केन्द्र, नेपालगंज)
(६) रूपा राई (कारितास, नेपाल)
(७) रेणु उप्रेती (अवला महिला पुर्नस्थापना केन्द्र)
(८) रोजालिन कोष्टा (हटलाइन, वंगलादेश)
(९) शान्ति चौधरी (सृजना महिला विकास केन्द्र)

पत्रकारहरू

(१) अंजु क्षेत्री
(२) कुन्दन अर्याल
(३) विजय चालिसे
(४) श्याम श्रेष्ठ
(५) सुसन मास्के

पर्यवेक्षक

गंगा कसजु (पाल्पा)
लता प्याकुरेल (विराटनगर)
लक्ष्मी धिताल (दाङ्ग)
मंजु थापा (काठमाडौ)
पार्वती पाण्डे (नुवाकोट)
शिसम मिश्र (काठमाडौ)
दिलिप परियार (सेफ, नेपालगंज)

इन्सेक परिवार

सुशील प्याकुरेल
संतोष प्याकुरेल
रमेश वौंनिया (धादिङ्ग जिल्ला स्वयम् सेवक)
मीना शर्मा
तुलसा थापा (वाँके जिल्ला स्वयम् सेवक)

उत्पीडित महिलाहरुका निम्ति आगामी कार्यक्रम

उत्पीडित महिला मंच, नेपालगंजले सर्वसम्मतिद्वारा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट भविवष्यमा पनि यस्ता कार्यक्रमहरू हुनु पर्ने कुरामा जोड दिएको छ । कार्यक्रममा इन्सेकद्वारा भविष्यमा निम्न बमोजिमका कार्यहरू गरिनु पर्ने कुरामा सहमति भएको थियो ।

- महिलाहरूका निम्ति काम गर्ने सबै संघ संस्थाहरूको एक बैठकको आयोजना गरी नेपालगंज कार्यक्रमद्वारा सतहमा आएका समस्याहरूका सम्वन्धमा छलफल गरिनु पर्छ । उत्पीडित महिलाहरूका निम्ति तत्काल संचालन गर्न सकिने कार्यक्रमका बारेमा सोचिनु पर्छ ।

- देशका पाँचै विकास क्षेत्रमा यस्ता कार्यक्रमहरूको आयोजना गरिनु पर्दछ ।

- नेपालगंज कार्यक्रम पश्चात कुनै संस्थाले कुनै क्षेत्रका उत्पीडित महिलाहरूका निम्ति कुनै कार्यक्रम संचालन गरेको छ छैन भन्ने बारेमा नियमित जानकारी राख्निनु पर्छ । त्यस प्रकारको कुनै कार्यक्रम संचालन भइरहेको भए कुन ढंगमा अघि बढिरहेको छ भन्ने विषयमा पनि जानकारी राख्निनु पर्दछ ।

सीता देवी लामिछाने (२०)

राम्जा गा.वि.स., वडा नं. ३

पर्वत, नेपाल

"...कार्तिकको समय थियो । धान काटेर साँझमा घर आएकी थिएँ । छोरीलाई ऐनाको छेउमा बसेर दूध खुवाउँदै थिएँ । पछाडिवाट पतिले खुकुरी उज्याएर हान्न लागेको देखें । उनले एकसी खाएका थिए ।उनले मेरो गर्धन छिनाल्ने सुर गरेका रहेछन् । तर मैले नकाल आफ्नो हात गर्धनको पछाडि लगें । जसले गर्दा माथिपट्टि परेको हातको पंजा छिनेर पर उछिट्टियो तथा अर्को हातको छाला मात्र छिन्न बाकी रह्यो । अस्पतालमा डाक्टरले अब जोडिदैन भनेर त्यो पनि काटेर औषधि परेर ..."

अनुसूचीहरु

अनुसूची १

जारी प्रथा - एक अध्ययन

मुलुकी ऐनको अनुसार जारीको परिभाषा यस्तो छ - "अर्काकी स्वास्नी हो भन्ने जानी जानी वा सो थाहा पाउने मनासिव कारण भई कसैले त्यस्तो स्वास्नी मानिसलाई निजको मञ्जुरीले करणी गरेमा वा स्वास्नी बनाउन भगाई लगेमा जारी गरेको ठहर्छ ।" तर आजको प्रचलन अनुसार "जारी" शव्दलाई जारीको रकम भन्ने अर्थमा प्रयोग गरिएको पाइन्छ ।

"ऊ त्यो घोडी बाँधेको घरमा त एकलास्व जति ल्याए होलान् । ४/५ वटीको जारी बुझि सक्यो । अहिले पनि त्यस घरमा बुहारी छैनन् ।" लाम्रा गाउँको एउटा घरलाई देखाउँदै एक हुल गाउँलेहरूले यस पंक्तिकारलाई बताए । साँच्चै नै त्यति परिमाणमा रकम लिएको नसकारे पनि १९ वर्षीय चन्द्र बहादुर डाँगीका तीनवटी श्रीमतीहरू एक एक गर्दै उसलाई छोडेर दोश्रो ठाउँमा गइसकेको कुरा उनी स्वकार गर्दछन् । रहेछन् । एक वर्षको अन्तरालमा उनले भगाएर ल्याएका माइली र साइँली पनि अर्काकै पत्नीहरू थिए ।

यसरी कुनै विवाहिता महिलाले आफूखुसी वा करकापमा परी अर्को पुरूषसंग विवाह गर्ने चलन नेपालमा जतातते देखिन्छ । तापनि यसको व्यापकता र महिलाले अर्को विहे गरे वापत पहिलो लोग्नेलाई अर्को लोग्नेले जरिवाना स्वरूप जारी रकम र जिन्सी तिर्नु पर्ने चलन पश्चिम नेपालमा बढी प्रचलित छ । महिलाहरूको मूल्य तोकिने जारी प्रथामा कुनै महिलाको दोश्रो तेश्रो चौथो विहेसंगै क्रमशः मूल्य घट्दै जान्छ । जारी तिर्न नसक्नेले जोई पनि ल्याउँदैन भन्ने जुम्लामा प्रचलित भनाइले वास्तवमा सिङ्गो कर्णाली क्षेत्रको मानसिकताको झल्को दिन्छ । मेरी , सेती र महाकालीका अन्य केही जिल्लाहरूमा पनि जारी प्रथाले जरो गाडिसकेको छ ।

शिक्षा, सुविधा र संचारको अभाव भएका दुर्गम ठाउँहरूमा नै यस प्रथाको व्यापकता देखिनुले जनताको असचेत अवस्था नै जारी प्रथाका निम्ति पनि राम्रो आधार भएको पुष्टी हुन्छ । विवाह व्यक्तिको अत्यन्त नीजि र समवेदनशील पक्ष हुँदाहुँदै पनि महिलाहरू अरू कुराहरूमा जस्तै यसमा पनि आफूखुसी निर्णय गर्न हाम्रो सम्पूर्ण समाज नै स्वतन्त्र छैनन् । जारी प्रथाको वाहुल भएको क्षेत्रमा जारी स्वतन्त्रताको झन ठाडो उल्लंघन भएको छ । यसरी असचेत जनताको बीचमा पनि सांस्कृतिक रूपले महिलाहरू थप उत्पीडित हुनु परेको एउटा प्रमाण यो प्रथा आफैं हो ।

नेपालमा जारी प्रथाको शुरूवात शताव्दीयौं अघिदेखि भएको हो । तैपनि राणाकाल यस प्रथाको उत्कर्ष अवधि रहयो । "साधुले वा पहिलो लोग्नेले जार वा नयाँ लोग्नेलाई पनि काट्न पाउने कानूनी प्रावधान रहेको त्यसवेला पहिलो पति आयो भन्ने थाहा पाएपछि महिलाको नयाँ घरमा भागाभाग समेत हुने गर्दथ्यो ।" जुम्ला निवासी ७४ वर्षीया शेरमाया बुढाथोकी आफ्नो स्मरण सुनाउँछिन् । अहिले

आपसी सहमतिबाट निर्णय गरिएको रकम बुझाइसकेपछि कुनै डरत्रास हुँदैन । जारी प्रथा तर जनतालाई अनावश्यक आर्थिक भार बोकाएर एक किसिमले महिलाको बेचविखन गर्ने जस्तो सामाजिक विकृति बनेर रहेको छ ।

जारी विवाहमा कानूनले बढीमा २ हजारसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ । तर व्यवहारमा २ हजार भन्दा कम रकम जारी बुझेका घटनाहरू शायदै फेला पर्दछन् । जुम्लाको मालिकाठाटा गा.वि.स.मा नेपाली कांग्रेसबाट निर्वाचित अध्यक्षले आफ्नी बुहारी अरूले लगिदियो भनेर ४७ हजार रूपैयाँ जारी निर्णय गराउन ठूलावडालाई २ हजार घुस दिलाएको अझै एक वर्ष पनि पूरा भएको छैन । अध्ययन क्रममा अधिकांश जारी विवाहका पछाडि कानूनले स्पष्ट रूपमा सजाय गर्न नमिल्ने भनेर तोकेका अवस्थाहरू कारण रहेको फेला पऱ्यो । तापनि व्यवहारमा कानून मिचेर ती अवस्थाहरूमा पनि जारी लिने दिने गरियो । लाम्शका मान बहादुर डाँगीले आफ्ना माइली र साइँली श्रीमतीलाई आफैंले जारी गरी ल्याएका हुन् र उनीहरू फेरि अर्को ठाउँमा जाँदा पनि क्रमशः ८/८ हजार जारी बुझेको कुरा आफैं बताउँछन् । प्रहरी हवल्दार समेत रहेका पहिलेका लोग्नेले सौता ल्याएर स्वान लगाउन नदिई हेला गरेको १२ वर्षपछि गत साल बाध्य भएर मालाविरकी विष्णुमाया स्वत्रीले अर्को विहे गरिन् तर अहिले नयाँ पति र उनको सम्पूर्ण तलव बुझाउँदा पनि जारी तिर्न लिएको २२ हजार चुक्ता गर्न सकेकी छैनन् । त्यस्तै बलिचौरकी साउनी दमाईले लोग्ने कुष्ठरोगी भएको हुँदा अर्को विहे गरेकी थिइन् भने नराकोट माइती गएकी कालिका न्यौपानेको १२ हजार र १५ हजार रकम पहिलो लोग्नेले जारी वापत असुले गरेका थिए । एकवर्ष अघि लठेब्रोसंग झुक्याएर विहे गरिदिए पछि भस्वैरे अर्को विहे गरेकी नानीबाबु क्षेत्रीका हालका लोग्नेले २० हजार जारी तिर्नु परेको अझै २ महिना पनि पूरा भएको छैन । ती महिलाहरूले अर्को विहे गर्नु परेका यी अवस्थाहरू कानूनी रूपमा जरिवाना गर्न नसकिने किसिमका छन् । तर जनस्तरमा कानूनी व्यवस्थाको ज्ञान नभएको र कानूनी व्यवस्थाका बारेमा जानकारी राख्ने नेतृत्व तहका व्यक्तिहरू स्वयं जारी रकम असुल्ने कुरामा मध्यस्थकर्ता हुने गरेकाले कानून यहाँ प्रभावहिन बन्न पुगेको छ । जारी विवाहमा अधिकांशत साधु र जार पक्षका गाउँका "ठूलावडा र भलादमीहरू" ले नै जारीको रकम निर्णय गर्ने गरेको देखिन्छ । साइै कम घटनाहरूमा मात्रै सम्बन्धित दुई पक्ष मात्र बसेर रकमको टुङ्गो लगाउने गर्दछन् । गाउँका भलाद्मी भनिने मध्यस्थकर्तालाई जारीको रकम निर्णय गर्दा "पञ्चबली" भनेर स्पष्ट भाग छुट्याउने गरिन्छ । पत्तचवलीका रप्पा अनिवार्यत रूपमा एउटा खसी र केही नगद छुट्याउनु पर्दछ । सौदावाजीमा कहिलेकाँही दुवै पक्षका मध्यस्थकर्ताहरू मिलेर साधुलाई समेत ठगी बढी रकम लिने गरेको कुरा कार्तिक स्वामीका पदमराज स्वत्रीको बताउँदछन् ।

"कतै पित्तलको गहनालाई सुनको भनेर पनि बढी जारी रकम असुल्ने गरिन्छ । कहिले भगाएर लगेकी स्वास्नीको पनि विहेमा खर्च लाग्यो भनेर लिइन्छ । तर जारी माग्नेले यसरी झुठ बोल्दा पनि गाउँका "भलादमीहरू" ले उनीहरूकै पक्ष लिन्छन् । र अर्को पक्षलाई सो रकम तिर्न दवाव दिन्छन् किनकी त्यसो गर्दा उनीहरूलाई पनि केही आइहाल्छ । यसरी मान्छेहरू जारी प्रथा हटाउन पनि चाहदैनन् ।" श्रीमती बुढाथोकीको ५० वर्षे जुम्ला बसाइको यो अनुभवले जारी प्रथा टिकाउन केही टाठाबाठाहरूको निहीत स्वार्थ कति जिम्मेवार छ भन्ने तथ्यलाई प्रष्ट गरिदिन्छ ।

"इण्डिया गएको लोग्नेलाई २-४ वर्ष कुर्न नसकेर अर्को लोग्ने खोजी हिड्ने आइमाईहरूले नै जारीको चलनलाई बढाएका छन् ।" आफूले लगभग व्यवसाय जस्तै गरेर धेरै पटक जारी बुझेको प्रसङ्गलाई लुकाउन चाहने चन्द्र डाँगीका बाबुको यो आरोपको पुष्टि हुन सकेको देखिएन । किनभने "लोग्ने फेर्दै हिड्न कसलाई राम्रो लाग्छ र मैले त सौता व्यहोर्न पनि तैयार भएकी हुँ । तर लोग्ने र सौता दुबै मिलेर अर्को विहे गर्नु पर्‍यो । " भन्ने बेलकोशा शाहीको अवस्था जस्तै निश्चित कारणहरूले नै महिलालाई दोश्रो विहे गर्न उत्प्रेरित गर्दछन् ।

विवाह, दाम्पत्य जीवन र यौन सम्बन्ध वारेमा कुनै चासो र जानकारी नहुँदै अभिभावकका इच्छा अनुसार केटाकेटीको बालविवाह गरिदिने, श्रम शोषणको चाहनाले अनमेल उमेर जीउडालका केटाकेटीको विहे गराइदिने, जवर्जस्ती विहे गराउने आदि गर्दा उनीहरू समझदार र आत्मनिर्णय गर्न सक्ने भएपछि पहिलेका सम्बन्धहरू टुट्ने गरेको भेटियो । त्यस्तै २२ बर्षिया श्रीमती उमकली न्यौपाने, पुन्चा कामीले जस्तै लोग्ने, सासू, अमाजू, घरका अन्य सदस्यहरूको बुहार्तन र यातना स्वप्न नसकेर अर्को विहे गर्नु पर्ने बाध्यता भएका महिलाहरू पनि प्रशस्त छन् । विहे हुने वित्तिकै विदेश गएर कुनै स्वबर नपठाउने लोग्नेको अनिश्चिततालाई कुर्दै जिन्दगी वर्वाद गर्नु उचित नलागेर पनि टीउकी सार्की, मुन्दरी कामी जस्ता अनगिन्ती महिलाहरूले अर्को विवाह गरेका छन् । यसरी अधिकांश घटनाहरूमा तुलनात्मक रूपले सुखी जिन्दगी र निश्चितताको खोजीमा नै महिलाहरूले पहिलो लोग्ने छोड्ने गरेको देखियो र अरूको उक्साहटमा लागेर पहिलो घर छाडेको कुरा स्वीकार गर्ने मनभुजा दमाइका जस्ता एकाध घटनाहरू पनि छँदैछन् ।

कहिलेकाँही युवायुवतीहरूबीच रातीमा गीत गाउने वा रमाइलो गर्ने क्रममै भएका सम्बन्धहरूबाट पनि जारी विवाह हुने गर्दछ । "यस्तो चलन त साहै गलत हो । माइतिको दाइजो पनि तिनकै घरमा छ । आफूलाई चाहिने जीवन विताउने घर एकातिर छ । अर्कातिर धन तिर्नु के राम्रो हुन्थ्यो " टीउकीले व्यक्त गरेको यो भावनाले जारी प्रथा विरूद्ध यहाँका आइमाईहरूको प्रकट हुन नसकेको आक्रोश तर्फ संकेत गर्दछ । "पैसा तिरेर श्रीमती किने जस्तो भयो, तर के गर्ने चलि आएको परम्परा तोड्न साथ नपाएर हिम्मत आएन ।" नानी बाबुलाई विहे गरेकोमा भस्वैरै जारी तिर्ने मारमा परेका दत्तबहादुर क्षेत्रीको भनाई यस्तो छ ।

"२२ हजारको माने नै छैन, त्यसले मेरो यत्रो रूपियाँ लियो । उसको घरमा दुःख दिएकोले टिक्न नसकेर अर्को ठाउँ खोजेर जानु छ, अझ उल्टै त्यसलाई पैसा तिर्नु पर्ने चलन राम्रो त हुँदै होइन ।" आक्रोशित विष्णु मायाका यी भनाइहरू वास्तवमा जारी पिडीत सम्पूर्ण महिलाहरूको प्रतिनिधी अभिव्यक्ति हो । यसरी जारीको रकमलाई यहाँका मानिसले पनि अनावश्यक र बेकार लगानी हो भन्ने सोच्न थालेका छन् । तर फेरी पनि जारी लिनेदिने चलनले निरन्तरता भने पाइरहेकै छ । जारी बुझाउन लिएको ऋणका कारण कतिका घरवारी अझै पनि साहुकहाँ बन्धकमा परेका छन् र पर्दैछन् । जारी तिर्न सम्पूर्ण सम्पति साहुको जिम्मा लगाएर विदेशिएका थुप्रै युवाहरू अ झै फर्कन सकेका छैनन् ।

अध्ययनको सिलसिलामा भेटिएका मध्ये कुनै पनि व्यक्तिले जारी प्रथा ठीक भनेको सुनिएन तर "आफूलाई पर्दा लिई छोड्दछन् । त्यसैले मैले पनि छाड्ने कुरा भएन" भन्ने झिनो तर्क भने धेरैले अघि सारेको पाइयो । मान बहादुर डाँगीले पनि तीन वटी स्वास्नीको जारी बुझेको तथ्यलाई औचित्यपूर्ण बनाउन कोशिश गरे । जुम्लामा प्रचलित जारी तिरेन भने पहिलो लोग्नेले देउता छुन्छ र पछिल्लो

घरजममा धनजनको नोक्सानी हुन्छ भन्ने परम्परागत संस्कारले पनि धरैजसोले जारी तिर्ने गरेका छन् । तर चल्ली महतले दुःखी हुँदै बताए - "जारी तिरेर पनि मलाई देउता लाग्यो । मेरा चारजना छोरा छोरी मरे ।"

"मेरा माइतीले कोसेली समेत स्वाया छैनन् । एउटा कलश रास्वेर कानाकौडी स्वर्च नगरी विहे गऱ्या हो । जारी भने लिइ छाड्यो" - कालिका न्यौपाने यसो भन्छिन् । उनलाई जारी तिर्ने मन पनि थिएन । तर नजिक रहेका माइतीले सधैं धम्क्याउने तर्साउने गर्दा त्यो मानसिक सन्त्रासबाट मुक्त हुन उनीहरूले जारी तिरे । जारी बुझाएन भने बाटो बाटोमा ढुकेर बस्ने, धम्क्याउने, फेला पारे कुट्ने पनि गर्छन् । काममा वा आफन्तकहाँ कतै जान पनि सकिदैन र जतिस्वेर पनि डरै डरमा बस्नु पर्छ । सधैं रक्सी स्वाँदै नयाँ घरमा आएर हल्ला गरिदिंदा घरका मानिसलाई पनि शान्ति हुँदैनथ्यो र गाउँका अरूलाई पनि झन्झट हुने हुँदा बाध्य भएर रूपियाँ पनि तिरे । यथार्थमा यहाँ कुटपिट गरेर डरत्रास देखाएर भए पनि जारी असुल गरी छाड्ने चलन छ । तर देउता लाग्ने अन्धविश्वास र डरत्रास आदिबाट नडराउने शिक्षित युवाहरूले प्रतिष्ठा वा इज्जत गुम्ने डरले जारी तिर्ने गरेको देखियो । "फलानाले जारी पनि तिर्न सकेन भनेर वेइज्जती हुने मौका दिनु राम्रो लागेन र ९ हजार बुझाँए ।" पदमराज स्वत्री बताउँछन् ।

यसरी प्रचलित गलत संस्कारसंग जुध्न त्यहाँ अहिलेसम्म कुनै तह र तप्काका जनताले पहल गरेका छैनन् । चलि आएको छ र चल्दै जान्छ भन्ने सहज मान्यतामा हुर्किएको यो प्रथा हटाउन कसैले कुनै ठोस अभियान चाल्न सकेको छैन । तर विभिन्न आमसभाहरूमा राजनेताहरूले यस प्रथालाई गलत हो भनेर उजागर भने गर्दै आएका छन् । जुम्ला निवासी नेपाल मजदूर किसान पार्टीका केन्द्रीय सदस्य रामकृष्ण बुढाथापाका अनुसार महत गा.वि.स. का अध्यक्षका अनुसार उक्त प्रथा नराम्रो हो भनेर जान्दा जान्दै पनि विरोध गर्ने तर्फ लाग्न त्यति सजिलो छैन । यति व्यापक प्रथाका विरूद्ध संगठित रूपले लागिहाल्ने मनस्थितिमा वहाँहरू हुनुहुन्न ।

बड्की गा.वि.स. का नेपाली कांग्रेसका तर्फबाट निर्वाचित अध्यक्ष लङ्क शाहीको यो भनाइलाई समेत हेर्दा कुनै राजनीतिक संगठन र जनप्रतिनिधि पनि दीर्घकालिन दूरदर्शितालाई नियालेर जारी प्रथा हटाउनेतर्फ गम्भीर भएको देखिएन । कसैले पनि जिम्मेवारी बोध गरेको भेटिएन । तर हाम्रो जिन्दगी यत्तिकै बिते पनि पछिल्लो पुस्ताले त मुक्ति पाउला, जारी प्रथा हटाउनै पर्छ भन्ने समाजसेवीहरू पनि नदेखिएका होइनन् सिता महत पनि त्यस्तै समाजसेवी हुन् ।

व्यक्तिको मानसिकता र संस्कारसंग बढी नजिक रहेर प्रत्यक्षतः आर्थिक अवस्थामा असर पुऱ्याउने यस प्रथाको निदान पनि धेरै हदसम्म व्यक्तिको विचारसंग जोडिएको छ । तसर्थ निश्चित समयावधिको कुनै कार्यक्रम मात्र यस प्रथाको उन्मूलनका लागि पर्याप्त हुँदैन । जनतामा सुसंस्कृत चेतनाको विकास गराउने किसिमका प्रयत्नहरू निरन्तर गरिनु पर्दछ ।

जारी प्रथाबाट प्रभावित जुम्लाका केही महिलाहरू

(१) श्रीमती कालिका न्यौपाने (२४)
कार्तिकस्वामी गा.वि.स. माइती- सिंजा नराकोट

अशिक्षित श्रीमती न्यौपानेको पहिलो विहे १२ वर्षको उमेरमा आफू भन्दा उमेर र जीउ ज्यानमा पनि सानो केटासंग भएको थियो । काम गर्दै गर्दा पनि सासूले निकै कुट्ने, दुःख दिने गर्थिन् । पछि अलि ठूली भएपछि लोग्नेले पनि बुढी भई मनेर हेप्ने, घृणा गर्ने, काम गरेको देखे थुक्ने, गिज्याउने गर्न थाल्यो । यसरी लोग्नेले नै हेला गर्न थालेपछि मन मौंचियो र उनी माइति गएर करिव ५-६ वर्ष बसिन् । पछि मन मिल्दो मान्छे पाएकोले उनले अर्को कुमार केटासंग विहा गरिन् । नयाँ पति वामपन्थी विचारका थिए । उनले जारी तिर्न मानेका थिएनन् र विहेमा पनि त्यति खर्च भएन । तर रातदिन उनको पहिलेको लोग्नेले कालिकाको माइतिलाई हप्काउने, धम्काउने गरे । त्यो सन्त्रासको स्थितिबाट मुक्त हुन कालिकाको नयाँ पतिले १० हजारको घोडा र जगद ५ हजार जारी तिरे । हाल कालिका माधव राज न्यौपानेका साथ ६ जनाको परिवार बीच जीवन निर्वाह गरिरहेकी छन् ।

(२) श्रीमती विष्णुमाया स्वत्री (२६)
चन्दननाथ गा.वि.स. म्यालाविर

साक्षर श्रीमती स्वत्रीको पहिलो विहे १४ वर्षको उमेरमा भएको थियो । विवाहको भएको केही वर्ष पश्चात नै उनको एउटा छोरो पनि जन्म्यो । बच्चा नजन्मिन्जेल स्वत्रीका पतिले उनीसंग राम्रो व्यवहार गर्दथे । तर उनी शारीरिक रूपले केही दुर्वल हुने वित्तिकै उनका तत्कालिन प्रहरी हवल्दार पतिले सौता ल्याए । उनको त्यस बेलाका लोग्ने उनी भन्दा लगभग १४ वर्ष कान्छा थिए ।

हवल्दार पतिबाट परितक्त्य भएकी स्वत्री करिव ११ वर्ष जति उनी माइतमै बसिन् र त्यहींबाट जागिर गर्न थालिन् । त्यहीं काम गर्ने क्रममा सोही अफिसमा काम गर्ने मान बहादुर स्वत्रीसंग उनले २०४८ माघमा अर्को विहे गरिन् । मान बहादुरले २०४९ साउनमा उनको पहिलेका पतिलाई २२ हजार नगद तिर्नु पर्‍यो । उनको पहिलेको छोरा अहिले उनकै माइतिमा नै छ । अहिलेको पति पनि उनी भन्दा करिव ४ वर्ष कान्छा छन् । उनका नयाँ पति मान बहादुरका जेठी पत्नी र उनीबाट जन्मिएका दुई बच्चाहरू छन् । कर्णाली प्राविधिक विद्यालयकी पियन श्रीमती स्वत्री बताउँछिन् - "पतिको व्यवहार अति नै राम्रो छ । खेतीबाट खान पुग्ने अवस्था छ ।"

(३) श्रीमति बेलकोशा शाही (२३)
कार्तिक स्वामी गा.वि.स. वारकोटेवाडा

अशिक्षित बेलकोशाको पहिलो विहे ९ वर्षकै उमेरमा भएको थियो । सानी हुनाले काम गर्न नसकेर उनी माइतमा बस्ने र कहिलेकाँही घर आउने जाने गर्न थालिन् । यसै बीच उनको लोग्नेले अर्की सौता ल्याए । तापनि उनी घर गर्छु भनेर त्यहीं गइन् तर लोग्ने र सौता दुवैजना मिलेर उनीमाथि दुर्व्यवहार गर्न थाले । उनको लोग्नेले आशिको चुच्चोले हिर्काएर बनाएको घाउको दाग अझै पनि

छ । चरम अत्याचार सहन नसकेर उनले १९ वर्षको उमेरमा आज भन्दा ४ वर्ष अघि अर्को ठाउँमा विहे गरिन् । त्यसै साल उनको पछिल्ला पतिले १० हजार नगद र एउटा स्वसी जारीमा तिर्नु पर्‍यो । "अहिलेको घरमा पति लगायत सबैको व्यवहार राम्रो छ । तर कुटपिट र देउताको डरले गर्दा जारी तिरेका हौं ।" - उनी भन्दछिन् ।

(४) उमकली सार्की (२२)
चन्दननाथ गा.वि.स. सिंहचौर

अशिक्षित उमकलीलाई उनका अभिभावकले १४ वर्षकै उमेरमा झुक्याएर विहे गरिदिएका थिए । तर त्यसपछि उनले १ वर्ष जति मात्र घरमा निर्वाह गर्न सकिन् । घरबाट निस्किएपछि उनी २ वर्ष जति माइतमै बसिन् । उनले लोग्नेको अत्याचार सहन नसकी घरलाई त्यागेकी थिइन् । "नयाँ ठाउँमा विहे गरेको ६ वर्ष भयो र जारी तिरेको ५ वर्ष । नगद ९ हजार जारी तिर्नु पर्‍यो । रकम निर्णय गर्ने दुलावडाहरूले छुट्टै १२ सय स्वाए ।" हाल लाल बहादुर सार्कीकी पत्नी भएर रहेकी उमकली बताउँछिन् । अहिलेको घरमा काम गर्नु पर्छ तर मानसिक सन्तुष्टी छ भन्ने उमकली आफ्नो परिवारको आर्थिक अवस्था भने कमजोर भएको बताउँछिन् ।

(५) टीउकी सार्की (२५)
(प्रौढ कक्षा पढ्दै) चन्दननाथ ९ सिंहचौर

आयश्रोत भरपर्दो छैन । अशिक्षित टीउकीको विहे १२ वर्षकै उमेरमा भएको थियो । विवाह भएको तत्कालै भारत तर्फ लागेका पति २ वर्षसम्म पनि नफर्किए पश्चात उनी माइततिर लागिन् । ५ वर्षसम्म माइतमा बस्दा पनि उनको लोग्ने नआएकपछि टीउकीले अर्को ठाउँमा विहे गरेकी थिइन् । "जारी तिरेको ७ वर्ष भइसक्यो । त्यतिबेला नगद १३ हजार तिर्नु परेको थियो । बचत केही थिएन ऋन खोजेर तिरेका थियौं ।" हाल प्रौढ कक्षाकी छात्रा बनेकी टीउकी बताउँछिन् । उनी अहिलेको घरमा राम्रो सम्बन्ध रहेको दावी गर्दछिन् ।

(६) साउनी दमाइ (४६)
चन्दननाथ गा.वि.स. तलिचौर १,

अशिक्षित साउनीका पछिल्ला पति सूर्यमणी दमाइले उनको विवाह पश्चात आजभन्दा ३२ वर्ष अघि १२ हजार रूपैया जारी तिरेका थिए । पहिलेका पतिलाई कुष्ठरोग भएपछि साउनी विवाह भएको २ वर्ष बसेपछि घर त्याग गरेकी थिइन् । उनी लुगा सिएर जीवीकोपार्जन गर्ने अहिलेको पतिको व्यवहार राम्रो भएको बताउँछिन् ।

(७) पुन्चा कामी (३६)

अशिक्षित पुन्चाको विवाह १४ वर्षकै उमेरमा भएको थियो । सासू र पतिको दुर्व्यवहार सहन नसकी विवाह गरेको २ वर्ष पछि नै अर्को विहे गरेको कुरा बताउने पुन्चा भन्दछिन् - "ज्यामी काम

गरेर १ हजार जारी तिरेका थियौं ।" हाल अमृत कामीकी पत्नी भएर रहेकी पुन्चा बताउँछिन् - "स्वेतीले स्वान पुग्ने अवस्था छैन ।"

(८) नानीवाबु क्षेत्री (१९)
लामरा गा.वि.स.

अशिक्षित नानीबाबुका अभिभावकले उनको विवाह पोहोर साल लठेब्रोसंग झुक्याएर गरिदिएका थिए । हाल दत्त बहादुर क्षेत्रीकी पत्नी भएर रहेकी नानीबाबु भन्दछिन् - "विवाह भएपछि एकपटक मात्रै घर गएकी थिएँ । दोश्रो विहे गरेको गत माघको पहिलो हप्तामा मात्रै हो र त्यसपछि लगत्तै २० हजार जारी तिर्नु पर्‍यो ।"

(९) मनु सार्की
सिंहचौर

पहिलो लोग्ने विदेश गएकोले अर्को विवाह गरेको कुरा बताउने मनुका पछिल्ला पतिले १५०० जारी तिर्नु परेको थियो ।

(१०) चौदशी सार्की (४६)
महत गा.वि.स.

निरक्षर चौदशीको पहिलो विवाह १२ वर्षकै उमेरमा भएको थियो । हाल पूर्ण बहादुर महतकी पत्नी भएर रहेकी चौदशी बताउँछिन् - पहिलो पतिको घरमा २ वर्ष मात्र बसें । अर्को ठाउँमा गएपछि नगद १४०० तिर्नु पर्‍यो ।"

(१२) सत्यादेवी स्वत्री (२५)
कार्तिकस्वामी गा.वि.स.

सतयादेवीले अर्को विवाह गरेपछि उनका नयाँ पतिले १० हजार जारी तिर्नु परेको थियो ।

(१३) कुहिरी सार्की

सिंहचौर, निरक्षर कुहिरीका पहिलो पतिले सौता ल्याएपछि उनले दोश्रो विहे गरेकी थिइन् । कुहिरीको पहिलो विवाह १२ वर्षकै उमेरमा भएको थियो र घर छोडेको ११ वर्षपछि उनले दोश्रो विवाह गरेकी थिइन् । अर्को विवाह गरेपछि उनका नयाँ पतिले १५ हजार जारी तिर्नु परेको थियो ।

(१४) कुहिरी स्वत्री (३०)

कुहिरी बताउँछिन् - "उनको पछिल्लो पतिले १५ हजार जारी तिर्नुपरेको थियो ।"

अनुसूची - २

गलैंचा बुनकर महिलाहरु

समूह : मीना शर्मा, कविता अर्याल
अध्ययन क्षेत्र : काठमाण्डौ - जोरपाटी, बौद्ध, कुमारीगल, गौरीघाट (५ वटा कारखाना)
समयावधि : दुई दिन

गलैंचा पश्चिमी देशहरूमा कोठा चीसो बनाउने, कार्पेटका रूपमा चिनिन्छ । गलैंचा हेर्दामा जति सुन्दर तथा आकर्षक हुन्छ, त्यसका पछाडि त्यति नै मेहनत परेको हुन्छ । आज ती सुन्दर गलैंचा उत्पादन गर्न नेपालका १०-५५ वर्ष सम्मका ६ लाख मानिसहरू संलग्न छन् । नेपाल ट्रेड यूनियन महासंघबाट प्राप्त तथ्याङ्क अनुसार काठमाण्डौमा मात्र ७०० वटा कार्पेट कारखाना रहेका छन् ।

गलैंचा कारखानामा काम गर्ने मजदूरहरू देशका विभिन्न ठाउँबाट ल्याइन्छ । त्यसमा पनि प्रमुख रूपमा पूर्व नेपालका बासिन्दाहरू अत्यधिक मात्रामा पाइन्छ । मजदूर भर्ना गर्न कारखानाबाट ठेकेदार गाउँतिर जाने गर्दछन् । तर प्रायः गाउँबाट आएर काठमाण्डौमा काम गरिरहेका मजदूरहरूले नै आफ्ना गाउँका मानिसलाई काममा लगाउन काठमाण्डौ ल्याउँछन् । गाउँबाट मजदूरहरू ल्याउँदा झुण्ड वा सामूहिक रूपमा ल्याइन्छ ।

गलैंचामा बाल बच्चाहरूको मेहनतलाई प्राथमिकता दिइन्छ । उनीहरूको स-साना औंलाले बुनाई राम्रो गर्छन् । फेरी उनीहरूलाई पारिश्रमिक दिनको लागि पनि सजिलो छ । गलैंचाको काममा फुट वा मिटरको हिसाबले रकम दिने भए पनि बाल-मजदूरलाई तलबमा राख्ने चलन हुन्छ । जुन कुरा ठूलाहरूलाई गलैंचा बुन्न सिकुन्जेललाई लागु हुन्छ । तर बाल मजदूरको हकमा उनीहरू आफ्नो भाग माग्न नसकुञ्जेललाई लागु हुन्छ । बाल-मजदूरका अभिभावकलाई अग्रिम रूपमा रकम दिने चलन हुन्छ । जसले गर्दा बालक गलैंचामा काम गर्न बाँधिन्छ । बालबालिकालाई ठेकेदारले अभिभावकलाई कति रकम दियो थाहा हुँदैन । आफूले स्वटिएर काम गरे वापत राम्रो स्वाना र असल ज्यालाको भागमा पर्दछ भन्ने कुरा उसलाई थाहा हुँदैन । अपरिचित ठाउँ तथा सानो उमेरको कारण सुविधाको माग पनि गर्न सक्दैनन् ।

धागो काट्ने, कटिङ्ग, वासिङ्ग तथा बुन्ने जुन काममा संलग्न भए पनि सबैलाई सामान्य रूपमा गलैंचा मजदूर भन्ने चलन छ । यद्यपी उनीहरूले पाउने ज्याला र अन्य सुविधामा फरक रहेको हुन्छ । गलैंचा मजदूरहरूमा अधिक तलब भएको काम माष्टरको मानिन्छ । जसले महिनावारीको आधारमा

भुक्तानी गर्ने गरिन्छ । त्यसपछि कटिङ्ग, वासिङ्ग गर्ने गर्दछन् जसलाई वर्ग मि.को हिसाबमा भुक्तानी गरिन्छ । एक गलैंचा बुन्नेले १८ घण्टामा रू.१०० कमाउन सक्छ । जुन कटिङ्ग गर्ने मानिसले २ घण्टामा कमाउँछ । हालसम्म कटिङ्ग गर्ने काममा महिला सहभागिता पाइन्दैन । महिलाहरू प्रायः बुन्ने तथा धागो काल्ने काममा संलग्न छन् । एक किलो धागो कातेबापत उनीहरूले रू.१२-२० सम्म कमाउन सक्छन् । ज्यालामा पनि समानता पाइदैन । एक महिलाले विहान ५ देखि राती ८ सम्म काम गरे ३/४ केजी धागो बनाउन सक्छिन् । गलैंचा बुन्ने काममा महिला सहभागितालाई महत्व दिइन्छ । महिलाहरूका हातका औंला लामा हुने तथा संयमित बानीका हुने हुँदा, उनीहरूलाई महत्व दिइएको हो । एउटा तान पूरा गर्न २/३ जना व्यक्तिको समूह बनाइएको हुन्छ । बुन्ने काममा एक वर्ग कि.मि.को रू.३० ज्याला दिइन्छ ।

काठमाण्डौमा ठूला, मध्यम, तल्लो मध्यम तथा तल्ला तहका कारखानाहरू पाइन्छन् । प्रायः मध्यम तथा तल्ला तहका कारखानाहरूले भेन्टिलेसन र झ्यालको सुविधा नभएका ठूला कोठाहरूमा काम गराउँछन् । काठमाण्डौमा भएका थोरै ठूला कारखानाहरूले कारखाना वरिपरी वार वारेका पाइन्छन् । कारखानाको क्षेत्रफल तथा काम गर्ने ठाउँ उनीहरूले गर्ने काममा पनि भर पर्दछ । ठूला कारखानाहरूले धागो काल्ने, बुन्ने, कटिङ्ग (मिलाउने) तथा धुने काम आफै गर्दछन् । त्यसरी नै साना तथा मध्यम कारखानाहरू धागो काल्ने वा बुन्ने मात्र गर्दछन् । पानी तथा कारखानाहरूको स्थापनाको बारेमा बारम्बार चर्चामा आइरहेको विषय हो । गलैंचा कारखानाहरूले गरेका प्रदुषणको बारेमा बारम्बार चर्चा गरिन्छ तर आजसम्म यसमा कुनै सुधार आउन सकेको छैन ।

बुन्ने, मिलाउने तथा माष्टरहरूले कारखानाबाट नै बस्ने कोठा पाउँछन् । तर धागो काल्नेहरूलाई यो सुविधा उपलब्ध छैन । काठमाण्डौमा एक सामान्य कोठाको रू.७०० भन्दा बढी पर्दछ । ठूला कारखानाहरूले नै एउटा कोठामा दुईवटासम्म खाट दिने व्यवस्था गरेको हुन्छ । तर त्यो ४/५ जनाले प्रयोग गर्नु पर्ने हुन्छ । त्यस बाहेक दैनिक आवश्यकताका अन्य वस्तुहरू आफैले जुटाउनु पर्ने हुन्छ । माष्टर, मिलाउने तथा बुन्ने मानिसको लागि थप सुविधा स्वरूप उनीहरूले बिजुली र पानीको पैसा तिर्नु पर्दैन । तर सुविधा संगसंगै यिनीहरूको जिम्मेवारी पनि बढी हुन्छ । बुन्ने मानिसले तानको जिम्मा लिएको हुनाले स्वतन्त्र रूपमा घुमफिर गर्न पाउँदैन । त्यसरी नै बुनाईले हात छिद्र-छिद्र पर्ने फुट्ने हुन्छ । दिनको १४ भन्दा बढी घण्टा सम्म दिउँसै बत्ती बाल्नु पर्ने कोठामा एकोहोरो चर्को संगीतले उनीहरूको स्वास्थ्यमा धेरै असर पारिरहेको हुन्छ । हुन त यी सबै कुरा धागो काल्नेहरूको लागि पनि लागु हुन्छ । गलैंचा बुन्नेहरूको बस्ने सिट कडा, काठको हुन्छ । तान अगाडि बढ्दै गएपछि उनीहरूले सिटमा खुट्टा झुण्ड्याउँदै काम गर्नु पर्छ । काठमाण्डौमा दुषित खानेपानीको चर्चा बारम्बार हुने गर्दछ । दुषित खानेपानीका कारण नै मानिसले फिल्टर किनेका छन् तथा कोही पानी तताएर खाने गर्दछन् । तर गलैंचा मजदूरहरू माझमा यो पाइँदैन । अव्यवस्थित तथा बिग्रँदै गएको स्वास्थको अडकल उनीहरूको निलो भइसकेको ओठ, पहेंलो कमजोर शरिर, मैला लुगा तथा नकोरेको कपालबाट गर्न सकिन्छ । काठमाण्डौका प्रायः जसो कारखानामा यस्ता दृष्य पाइन्छन् । उनीहरूलाई औषधीको निम्ति पैसा दिने प्रचलन हुँदैन । आफुले कमाएको पैसाले काठमाण्डौमा बस्न र खान नै अपुग हुन्छ ।

प्रायः कारखानाहरूका गलैंचा बुन्ने मजदूरहरू आफ्नो खाना आफै बनाउँछन् । तर बालबालिका तथा धागो काल्नेहरूलाई सामूहिक रूपमा पकाएर खान दिने चलन हुन्छ । मालिकले दिने खाना राम्रो हुने सम्भावना नै हुँदैन । त्यसरी नै स्वयं पकाएर खानेहरूले पनि पौष्टिक आहार खाएको

पाइएन । बाल मजदूरहरूलाई स्वाजाको लागि व्यवस्थापनले नै नजिकैको चिया पसलमा व्यवस्था गरी दिएको पाइयो । गौरीघाटको एउटा कारस्वानामा बालबालिकाले चिया दोकानबाट एक रूपैयाँको स्वाजा र एक गिलास चिया स्वान पाउने व्यवस्था रहेछ । एक रूपैयाँमा कति स्वाजा स्वाने ? बालबालिका वा समग्र रूपमा मजदूरहरू नै यति कठिनाई सहँदै गरेका भए पनि पैसा बचाउन सक्दैनन् । प्रायः कारस्वानाहरूमा मजदूरहरूले अग्रिम पैसा लिएको पाइन्छ ।

थुप्रै कारस्वानाहरूका व्यवस्थापकहरू मजदूरहरूलाई समयमा ज्याला दिँदैनन् । मजदूरहरू गुनासो गर्दछन । - "हामीलाई ३०/४० दिन सम्म पनि ज्याला दिइँदैन । राशन पनि ठेकेदारकै पसलबाट किन्न दवाव दिइन्छ । तर उनको दोकानको दाम र छेउको अन्य दोकानका दाममा धेरै फरक हुन्छ ।"

सडक सतह भन्दा पनि तलको ठूलो तर अँध्यारो कोठामा दिउँसै बत्ति बालेर आठ वर्षिया बालिका पनि धागो काती रहन्छिन् । बालबालिकाहरू प्रायः धागो काल्ने र बुन्ने गर्छन । बाल बालिका पनि विहान आफ्नी आमा संगै ६ वजे काममा आउँछन तथा वेलुका ७ वजे घर फर्कन्छन् । हुन त नेपालको कानूनले बाल मजदूरीलाई निषेध गरेको छ । त्यसै अनुरूप ट्रेड युनियनको दवावमा परेर केही ठूला कार्पेट कारस्वानावाट बाल मजदूर हटाइएको छ । तर मध्यम तथा तल्लो तहका कारस्वानामा प्रसस्त बाल मजदूर देख्न सकिन्छ । बाल-बालिकालाई "नाइके" ले तवबमा राख्ने गर्दछन । जस बमोजिम रू. २०० देखि ५०० मासिक र वर्षमा एक जोर लुगा अनि स्वाना दिने व्यवस्था हुन्छ । तर उनीहरूले पनि ठूला समान १८ घण्टा काम गर्नु पर्ने हुन्छ । रिना लामा पनि भक्तपुरको कारस्वानामा नाइके अन्तर्गत वसेकी थिइन । कारस्वाना बदले पछि उनी पनि नाइके भइन । उनी भन्छिन - "मलाई नाइकेले पिट्ने गर्थे, नराम्रो स्वाना दिन्थे । तर मैले आफू नाइके हुँदा त्यसो गरिन ।" एक महिना अगाडि काठमाण्डौको एक गलैंचा कारस्वानामा कार्यरत प्रेम राइले एक १२ वर्षिय बालकलाई छुरा हाने । प्रेम राईले राखेका त्यस बालकले गलैचा तानको वुट्टा बिगारेको थियो । यसरी "तलव" मा वसेका बाल-बालिकहरू आफ्ना नाइके को ख्य्यभिलअभ का शिकार बन्दछन ।

हिजो आज राष्ट्रिय नीतिको कारण प्राय स-साना गलैचा कारस्वानाहरू बन्द भइरहेका छन । गलैचा कारस्वानाहरू बन्द भइरहेका छन । गलैचा मजदूरहरूलाई भर्ति तथा निष्कासन गर्न सजिलो छ । विद्यालय जाने उमेरका केटाकेटी देखि ठूलाहरू काम खोजी रहेका छन । कारस्वानाहरू अचानक बन्द भए । कत्तिले आफ्नो ज्याला लिन सम्म भ्याएनन । यसरी काम खोजी रहेका मानिसहरूलाई भारतमा मजदूरीको लागि लगिदै गरेका समाचारहरू प्रकाशमा आएका छन । यसले गर्दा चेलिवेटी वेचविस्वानको अर्को सजिलो उपाय खोलिएको छ ।

अहिले सम्म हामी गलैचा कारस्वाना मजदूरहरूको सामूहिक समस्याका वारेमा प्रस्तुत गरिरहेको थियौ । महिलाहरूले उपर्युक्त सबै समस्याहरूबाट गुज्रन पर्ने हुन्छ । उनीहरू माथि महिला भएकै कारणले थप समस्याहरू पनि आई पर्दछन । कारस्वानामा काम गर्न आउँदा प्राय युवतिहरू अविवाहित नै आएका हुन्छन । तर प्रायको कारस्वानामै दोस्रो तेस्रो पल्टसम्म विवाह हुन्छ । धेरैले त्यहीं बच्चा जन्माउँछन् । कारस्वानामा प्रसूतिको लागि कुनै प्रकारको सुविधाहरू छैनन् । त्यसैले सुत्केरी तथा विरामी हुनु भनेको कामबाट नै छुट्टी पाउनु सरह हुन्छ । गलैचा कारस्वानामा भएका बलात्कार तथा यौन दुराचारका घटनाहरू पत्रपत्रिकामा आइरहन्छन् । एक महिना अगाडि सामास्वुसीको गलैंचा कारस्वानामा ती गलैंचा बुनकर महिलाहरूको बलात्कार भयो । अपराधीहरू भागे । यस्ता घटनाहरू

भएपछि प्राय मालिकहरू युवतीलाई आफ्नो गाउँ फर्कन दवाब दिन थाल्छन् । गलैंचा कारखानातिर हुने विवाहमा युवतीहरू नै मार्कामा पर्दछन् । विवाह गरेर केही दिन वा महिनासँगै बस्यो र बच्चा भएपछि छोडी दिने ग़रेका घटनहरू पनि धेरै पाइन्छन् । एक मजदूर महिला भन्छिन् - "कमल पोखरीको एउटा कार्पेट कारखानामा म काम गर्थे । हाम्रो कारखाना छेउ प्रहरीहरूको कार्यालय थियो । त्यहाँका प्राय प्रहरीहरूको श्रीमती हाम्रा कारखानामा थिए । सबैले यहीं आएर विवाह गरेका थिए । गलैंचा बुन्नेहरूले कारखानाबाट नै कोठा पाउँछन् । त्यसैले सबै विवाहित पुलिसहरू कारखानामा आफ्नो श्रीमतीसंग बस्दथे । तर पछि थाहा लाग्यो कि उनीहरू पति भएको ढोंग मात्र गरिरहेका थिए । कारखानामा काम गर्ने पति भए, कोठा भाडा जोगिने हुनाले, काठमाण्डौ बसुन्जेलको लागि विवाह गर्दथे ।"

केही संघ संस्थाहरूले गलैंचा कारखानाबाट युवतीहरू बम्बई वेश्यालयमा बेचिएका तथ्यहरू प्रकाशमा ल्याएका छन् । प्राय अशिक्षित, सोझा युवतीहरू काठमाण्डौ हेर्न तथा कमाउन आएका पाइन्छन् । १४ वर्षीया गीता पनि काठमाण्डौ गलैंचा कारखानाबाट छुट्टीमा गएका आफन्तहरूको लहैलहैमा लागेर घरबाट भागी काठमाण्डौ आएकी थिइन् । तर यहाँ बाँच्नको निम्ति उनले १६ घण्टा काम गर्नु परिरहेछ । सरकारी छुट्टी हुने शनिवारको दिनपनि उनको बिदा हुँदैन । उनको कारखानाको नियम अनुसार प्रत्येक १५ दिनको शनिवार उनको एक दिनको निम्ति नुहाई, धुवाई गर्ने छुट्टी हुन्छ ।

अनुसूची - ३

जीवित देवी : कुमारी

नेवार जातिमा विद्यमान कुमारी प्रथामा ३देखि१२ वर्षसम्मका बालिकाहरूलाई भगवतीका रूपमा स्थापित गरिन्छ । नेवार जातिको शाक्य थर भएका परिवारमा कान्छी छोरीलाई कुमारी बनाइन्छ् । यसरी कुमारी छानिने शाक्य परिवार पनि अन्य शाक्य परिवारबाट छानिएको हुन्छ । कुमारीहरू जनतादेखि राजासम्मबाट पूजिन्छन् ।तर उनीहरू स्वतन्त्रताको आभाष भने गर्न पाउँदैनन ।

काठमाण्डौ उपत्यकामा मात्र आठ ठाउँमा कुमारी स्थापना गरिन्छ । ती मध्ये वसन्तपुरको कुमारीहरू प्रमुख मानिन्छ । उनलाई आफ्नो घरपरिवारबाट अलग्ग कुमारी घरमा मानिएको आमा बाबुसंग राख्विन्छ । उनको खान-बस्नको व्यवस्था हेर्न एक समूह खडा गरिएको हुन्छ । कुमारी गुडीया तथा नयाँ दाज्यू भाईसंग कुमारी घरभित्र रहेर खेल्न पाउँछिन् । कुमारी घरबाहिर जान वर्ष दिनको चाड इन्द्र जात्रा वा कुमारी हुने अवधि सकिएको दिन पर्खनु पर्छ । इन्द्र जात्राको दिन उनीहरूलाई सिंगारिएको रथमा बसाइन्छ र शहरको परिक्रमा गराइन्छ । जनताहरू धुप, अक्षयता फ्याँक्दै भगवतीको दर्शन गर्न दौडी रहेका हुन्छन् । यस प्रथाको चलन अनुरूप कुमारीको जीवनावृत्ती हेर्ने जिम्मा "कुमारी हित समूह" को हुन्छ । तर व्यवहारमा त्यो पाइँदैन । केवल वसन्तपुरका कुमारीलाई चाडवाडमा लुगा, पैसा दिइन्छ । यस प्रथामा पढ्नु हुँदैन भन्ने मान्यता छ । हालसालै वसन्तपुरमा कुमारीलाई पढाउन निजी शिक्षकको व्यवस्था गरिएको छ । तर अन्य ठाउँका कुमारीहरूलाई यो सुविधा छैन ।

नेवार जातिमा कुमारीले विवाह गर्नु हुँदैन भन्ने दृढ़ो मान्यता रहेको पाइन्छ । उनीहरूको विश्वास अनुसार कुमारीले विवाह गरे उनको पतिको मृत्यु हुन्छ भन्ने धारणा रहेको छ । तर हिजोआज प्राय कुमारीहरूले विवाह गरेको पनि पाइन्छ ।

आफ्नो वाल्यकाल काल्पनिक भगवती बनेर बिताएका कुमारीहरूलाई कुमारीबाट विदा भए पछि यथार्थतामा आउन गाह्रो पर्छ । केही कुमारीहरू पहिलाको जीवन नै रूचाउँछन् । त्यसैले कुमारीबाट हटिसकेपछि पनि कति महिलाहरू एकान्त रूचाउँछन् तथा भगवती बनेर आफ्नो मेचमा बसेपछि अरूले पूजा गरून् भन्ने चाहन्छन् ।

नेवार जातिमा घरमा कुमारी हुनु एक गर्वको विषय हुन्छ । उनीहरू यसलाई मुक्तिको बाटो ठान्छन् । भगवानको इच्छाले नै बालिका भगवती हुने सौभाग्य पाउँछिन् । उनीहरू यसको विरोध गर्दैनन् । त्यसरी भगवानको इच्छाको नाममा कुनै बालिकाको शिक्षा तथा विकासको अवसर खोस्ने अधिकार कसैलाई छैन । वर्षैसम्म कृतिम भगवती रूप धारण गरेर बसेकी कुमारीलाई वास्तविक जीवनमा आउन अति नै मुश्किल परेको कुरा कुमारीहरू नै बताउँछन् । यसरी यस प्रथाबाट कुमारीको आफ्नो जीवनमा प्रत्यक्ष असर पर्ने भएपनि उनीहरू यस प्रथालाई नराम्रो भन्ने पक्षमा छैनन् । नेवार समुदायका केही विद्वानहरू भन्दछन् - "कुमारी प्रथालाई केही वैज्ञानिकीकरण गर्न आवश्यक छ" ।

(पत्रपत्रिकामा प्रकाशित समाचार-कथाहरूमा आधारित)

अनुसूची - ४

सिमेन्ट कारखानाद्वारा पीडित महिलाहरु

समूह : मीना शर्मा, कविता अर्याल
अध्ययन क्षेत्र : चोभार सिमेन्ट कारखाना क्षेत्र काठमाण्डौ
समयावधि : ५ दिन

साधारणतया मानिसहरूको धारणा अनुसार कारखाना एक जादूको छडी हो । उनीहरू ठान्दछन् कुनै कारखाना आफ्नो गाउँमा आउनासाथ त्यसले त्यहाँको गरिबी, हटाएर एक सुखी जीवन प्रदान गर्ने छ । सायद यस्तै धारणा हुने हुनाले होला जब पनि हामी गाउँमा गएर गाउँलेसंग कुरा गर्छौं र कुराको सिलसिलामा गाउँमा आवश्यक कुराको चर्चा उठ्छ तब उनीहरू तयारी उत्तर दिन्छन् "कारखाना" । अब यस्तो उत्तरमाथि विचार गर्ने समय आइसकेको छ । के कारखानाहरू सँधैका जादूका छडी हुन् त ? अझ नेपालको परिप्रेक्षमा यो अझ सोच्नु पर्ने विषय हो । के हाम्रा कारखाना भएका गाउँघरमा मानिसहरू खुशीसाथ बसी रहेका छन् त ? यदि खुशी छैनन् भने उनीहरूले के कस्ता समस्याहरू भोगी रहनु परेको छ ?

यिनै कुराको अध्ययन गर्न हामी काठमाण्डौ दक्षिणमा पर्ने चोभार गाउँ गएका थियौं । त्यहाँ एउटा सिमेन्ट कारखाना छ । जुन जर्मनी सरकारको संयुक्त लगानीमा सन १९७४मा स्थापना गरिएको थियो । दक्षिण तर्फ अवस्थित हुनाले दक्षिणी हावाले कारखानाको धूलो संपूर्ण उठाएर काठमाण्डौमा ल्याउँछ । काठमाण्डौ उपत्यकाका प्रत्येक घर र मन्दीरहरू सिमेन्ट कारखानाको धूलोबाट प्रभावित भएका छन् । कारखानाले प्रदूषण नियंत्रण गर्ने औजारहरू जडान गरेको छैन । जुन कारखानाहरूमा अझ सिमेन्ट कारखानामा हुन अति आवश्यक हुन्छ । सन् १९८३ मा "सिमेन्ट कारखाना र जीवित वस्तुहरू" माथि गरिएको एक अध्ययन अनुसार प्रत्येक २४ घण्टामा कारखानाले ५/६ टन धूलो फ्याँक्छ । ती मध्ये १.२५ टन सूक्ष्म कणहरू हुन्छन्, जो हावामा नै घुमिरहन्छन् । ती कणहरूले श्वास-प्रश्वास प्रणालीमा नराम्रो असर पारिरहेका हुन्छन् । कारखानाले वातावरणलाई प्रदुषित गर्नुका साथै खेती योग्य जमीन नाश गर्दछ । उक्त कारखानाका कारण पौराणिक महत्वका वस्तुहरूका साथै जनजीवनको स्वास्थको अतुलनीय क्षति गरिरहेको छ । यसका विरूद्ध पटक पटक स्थानीय जनताहको जुलुस, तथा टोली प्रशासन समक्ष गएर प्रदूषण नियन्त्रकको माग गरेका छन् । गाउँले भन्छन् - "कारखाना प्रशासनले राख्ने वचन दिएको थुप्रै वर्ष भई सक्यो । तर आजसम्म राख्येको छैन ।" यस वर्षदेखि चोभार सिमेन्ट कारखानाले आफ्नो उत्पादन क्षमता बढाउँदै छ । कारखाना पहिला देखि नै २४ घण्टै दुईवटा मिसिन चल्थे । यसपाली देखि दुइ्ग टुक्राउने अर्को औजार जोड्दैछ ।

चोभार सिमेन्ट कारखाना पुग्नु केही कि.मि. अगावै देखि चोभारको पीडा शुरू हुन्छ । जमिन चूनढुङ्गाको निम्ति खनिएको छ । आफ्नो जवानीको चोभार गाउँ सम्झँदै, एक वृद्धा भन्छन् - "एकदम शान्त र हरियो थियो । तर कारखानाले यसको सुन्दरतालाई खाइसकेको छ ।" हो-हल्ला तथा उत्पादन मात्र देख्न पाइन्छ । दिन दिनै सयौं सिमेन्टका भारी बोकेका गाडीहरू हिंड्छन् । जाडो महिनामा धुलो र कुइरोले गर्दा बाटै नदेखिने हुन्छ र धेरै गाडी दुर्घटनामा पर्दछन् । वर्षभरी नै एक प्रकारको धुम्मिएको वातावरण हुन्छ । ढुङ्गा फुटाउन गरिने ब्लास्टिङ्गले घरहरू हल्लाउँछ । धेरै घरहरू ब्लास्टिङ्गको कारणले ढलेका छन् । तर कारखानाले क्षतिपूर्तिको नाममा केही बोरा सिमेन्ट दिन्छ । कारखाना क्षेत्रमा करिब सय परिवारको बसोबास छ । हामीसंगको कुराकानीमा सबैले बसोबास बदल्न चाहेको कुरा राख्ये । त्यहाँको घर जग्गा नबेची अर्को उपाय नभएको विवशता पनि छ । तर सरकार वा कारखानाले त्यहाँका मानिसलाई बसोबासको निम्ति अन्य ठाउँ दिएको छैन । त्यहाँ बसोबास गर्नेहरूको पूर्खा देखिको त्यहीं बसोबास भएको कुरा उनीहरू बताउँछन् । मेरो अध्ययन भ्रमण क्रममा नै मलाई त्यहाँ लामो समयसम्म बस्न मुश्किल भएको थियो । तर गाउँलेहरू बाह्रै मास धूलोले भरिपूर्ण वातावरणमा श्वास फेर्दै आइरहेका छन् । अनकम कर्माचार्य भन्नुहुन्छ - "जहाँ-तहीं धूलो छ । शास फेर्न नै मुश्किल हुन्छ ।" हिजोआज उहाँको बोली भासिएको छ । पहिला पनि एक पटक यस्तै विमारले उहाँलाई समातेको थियो । रूघा, खोकी, पिनासको अलावा उहाँलाई श्वास प्रश्वासको विमार छ ।

डाँडामा ढुङ्गा टुक्याउने तथा छान्ने औजार राखिएको छ । कामको समयमा त्यहाँबाट अत्यधिक धूलो बाहिर आउँछ । त्यसलाई छोप्ने वा धूलो नियन्त्रण गर्ने कुनै प्रकारको व्यवस्था छैन । जसले गर्दा गाउँलेको स्वाना, हावा, लुगा वा भनौं जीवन नै धूलै-धूलो पारिदिन्छ । यसरी सिमेन्ट कारखानाको प्रदूषणको मारमा पर्ने अर्को गाउँ सांगा हो ।

यसरी कारखानाले बढाएको प्रदूषण बाहेक त्यहाँका मानिसले अरू पनि थुप्रै समस्या झेल्नु पर्छ । एक अनुसन्धानबाट देखिएको छ कि सिमेन्ट कारखानाले दिनमा ७५ हजार मि. क्यूब फोहरहरू निकाल्छ । जसमा शिशा, पारो जस्ता धातुहरू रहेका हुन्छन् । ती फोहरलाई वागमतीमा फ्याँक्ने चलन छ । गाउँलेहरू भन्छन् - "हाम्रा गाईहरू वागमतीको पानी खाएर मरेका छन् ।"

गाउँमा भएका तीन वटा पानीका मुहानहरू ब्लास्टिङ्गले गर्दा सुकिसकेका छन् । गाउँलेहरूले लगातार दवाब दिए पछि कारखानाले वागमतीको पानी गाउँसम्म पुऱ्याइदिएको छ । तर गाउँलेहरू खानेपानी बोक्न घण्टौं लगाएर अर्को गाउँमा जान्छन् । कारखाना छेउ-छाउका चिया दोकानहरूको लागि मात्र यो उपयोगी भएको छ ।

सिमेन्टको प्रदूषणले गर्दा गाउँलेको वारीमा केही फल्दैन । अलि अलि भएका सागसब्जी ३/४ पानी पस्वाल्दा पनि वालुवा लागे झैं किर-किर गर्छ । वर्षा यामको शुरूवातमा पानी र सिमेन्टको धूलो मिसिएर सतह कडा बन्दछ । त्यसैले गाउँलेहरू साग-सब्जीको निम्ति अर्को गाउँमा भर पर्दछन् ।

घरहरू धूलोले भरिएका हुन्छन् । महिलाहरू भन्दछन् - "सबै झ्याल-ढोका बन्द गर्दा पनि कोठामा धूलो छिर्छ । अझ ढुङ्गा टुक्याउने औजार चलेको बेला त शास फेर्न नै मुश्किल हुन्छ ।" धूलोको कारण महिलाहरूमाथि थप काम आई परेको छ । एक पटक सफा गर्दा पुग्ने कोठाहरू तीन/चार चोटी बढार्नु पर्छ । लुगाहरू पनि त्यस्तै फोहर हुन्छन् ।

चोभारमा स्वास्थ चौकी छैन । कारखानाको स्वास्थ चौकी केवल मजदूरहरूको लागि मात्र छ । चोभारका जनता माझमा आजसम्म सामूहिक स्वास्थ परिक्षण गरिएको छैन । त्यसैले यकिन रूपमा सिमेन्टको प्रदूषणको कारण जनता कुन प्रकारका विमारहरूबाट पीडित छन् भन्ने सक्ने अवस्था छैन । यसरी काठमाण्डौका तथा केही धनाढ्य व्यक्तिहरूको सिमेन्टको घरमा बस्ने इच्छा पूरा गर्न जनता कै अर्को वर्ग सिल्सिरहेको छ ।

कारखानामा काम गर्ने मजदूरहरू प्राय बाहिरबाट ल्याइएका छन् । गाउँका केही सीमित व्यक्तिहरू मात्र काम गर्छन् । गाउँलेहरूमा कोही कारखानामा काम गर्न नै चाहँदैनन् भने कसैलाइ कारखानाले नै काम दिएको छैन । गाउँको बासिन्दा, सानु भन्छिन् - "गाउँलेहरूलाई केवल तल्लो तहका निम्ति लिइन्छ । कारखानामा तीन समूहमा काम हुन्छ । रातीको समूहमा गर्नुपर्ने कामको पालो घुमेर आउँछ । महिलाहरू भित्रको काम गर्न असक्त मानिन्छन् । त्यसै कारण उनीहरू दुङ्गा बोक्ने, जस्ता काममा संलग्न छन् । राती-राती मजदूरहरू मातेर होहल्ला मच्चाउने गरेको कुरा महिलाहरू बताउँछन् ।

कारखाना भएकोले तपाईलाई प्रत्यक्ष फाइदा के भएको छ भन्दा गाउँले भन्छन् "हामीलाई आपत पर्दा कारखानाको गाडी प्रयोग गर्न दिन्छन् । तथा विद्यालयको निम्ति केही चन्दा दिएको छ ।" के मानिसको अमूल्य जीवन आपत पर्दाको गाडी सुविधासंग साट्न सकिन्छ र ? कारखाना स्थापनाको निम्ति जग्गा दिने मानिसहरू प्राय मरी सकेका छन् । तर गाउँमा उनीहरूका सन्तानहरू रहेका छन् । आज उनीहरू सरकारसंग उनीहरूको बाँकी जमीन पनि किनी दिने वा अन्य ठाउँमा बसोबास गराइदिने माग गरिरहेका छन् । तर आजसम्म प्रजातान्त्रिक सरकार तथा विभिन्न संघ संस्थाहरू चोभारका गाउँलेहरूको बेदना मूक दर्शक भएर सुनी रहेका छन् ।

अनुसूची - ५

वादी महिलाहरु

समूह : मीना शर्मा, हद्विग भ्यान केम्पेन
अध्ययन क्षेत्र : बाँके-गगनगंज, वर्दिया-राजापुर
समयावधि : ५ दिन

नेपालको कूल जनसंख्यामा वादी जातिले करिब २ लास्व जनसंख्या ओगटेको छ। वादि जातिको जनसंख्या थोरै भए पनि यस जातिका चालचलन तथा रहनसहन विचरणीय छ। उनीहरूको भाषामा "वादी" भन्नाले सिंगै जातिको प्रतिनिधित्व गर्दछ भने "वादी" भन्नाले एक महिला भन्ने बुझाउँछ। उनीहरू फिरन्ते जातिमा पर्दछन्। हिजो-आज यो जाति पश्चिम, मध्य-पश्चिम तथा सुदूर पश्चिम अञ्चलमा पाइन्छ।

बाँके - कोहलपुर, गगनगंज
दाङ्ग - तुलसीपुर, घोराही, पारसेनी, बगाद, धिरकोट, आन्द्रा, भारैया, आर्जनखोला, चालुवाङ्ग, बाँगेसाला
वर्दिया - बनभुसरी, सती, पथरनोजी, राजापुर
कैलाली - टिकापुर, धनगढी
सुर्खेत - छिन्छु, सुर्खे
रूकुम - छाजुहारी, सुशिकोट, जाजरकोट, दैलेख

यो जातिको उत्पत्ति मध्य युगमा भएको पाइन्छ। पश्चिम नेपालका तत्कालीन ठकुरी राजाहरूको रखौटी राख्ने प्रचलन थियो। यिनै रखैलहरू तथा राजाका नाजायज सन्तानहरूबाट यो जातिको जन्म भएको मानिन्छ। उनीहरू नै नाचगान गरेर जीवीकोपार्जन गर्न थाले। त्यसैले यिनीहरू एक ठाउँबाट अर्को ठाउँमा समूह लिएर हिंड्न थाले। उनीहरूलाई सामाजिक कार्य जस्तैः पूजा, विवाह इत्यादिमा नाचगानको लागि बोलाइने गरिन्थ्यो। त्यसका साथै गाउँका धनाढ्य व्यक्तिहरूकोमा पनि आफ्ना नाच देखाउन जाने गर्थे। यसरी त्यस क्रममा उनीहरूले फाटफुट रूपमा महाजनहरूसंग हुने अनैतिक सम्बन्ध बाहेक वेश्यावृत्ती अंगालेका थिएनन्। अझ पनि पहाडी भेगतिर वादी जाति मागेर आफ्नो जीवीका आर्जन गर्छन्। तर अर्ध शहरी क्षेत्रहरू जस्तैः गगनगंज, राजापुर सति इत्यादी ठाउँमा खुलारूपमा यौन व्यापार हुन्छ। ती ठाउँहरूमा वादी जातिको बसोबासका क्षेत्रहरू रेडलाइट एरिया भनेर

चिनिन्छन् । त्यसैले गर्दा आज वादी जाति समाजमा एक बद्नामीका साथ उपस्थित छ ।

समाजमा टेलिभिजन, रेडियो, सिनेमाको आगमन भएपछि तिनीहरू नै मनोरञ्जनका साधन बन्न थाले । वादीहरूको नाचगानको महत्व घट्न थाल्यो । सधैं घुमफिर गरिरहेका वादी जातिले आफ्नो निश्चित घर-ठेगाना बनाएका थिएन । केही दशकसम्म एक ठाउँबाट अर्को ठाउँ गरिरहे । तर केही वर्ष यता देखि वादीहरू स्थायी बसोबास गर्न थालेका थिए । शैक्षिक तथा शीप् विकास तालिमहरूको अवसर नपाएका वादी जातिलाई आफ्नो पेशाको महत्व घटेपछि जीवन धान्न नै धौ-धौ पर्न थाल्यो । त्यसैले विस्तारै उनीहरू वेश्यावृत्ती तर्फ उन्मुख हुन थाले । नेपालका तमाम जातिहरूमा भन्दा भिन्न वादी जातिमा छोरीको जन्मलाई महत्व दिइन्छ, जो पछि गएर परिवारको मुख्य आय श्रोत बन्छिन् । जबसम्म छोरी उमेरदार बन्दिन तबसम्म आमाहरू पेशा संचालन गरिरहन्छन् । यसरी हेर्दा वेश्यावृत्ती पारिवारिक पेशाको रूपमा रहेको पाइन्छ । यस जातिका पुरूषहरूमा मादल, हार्मोनियम जस्ता संगीतका सामग्री बनाउने कला छ । तर संगठित उत्पादन तथा बजारको कमीले ती उत्पादन बिक्न सक्तैनन् र परिवारको लालन-पालन सम्भव हुँदैन ।

गगनगंज भारतको छेउमा पर्ने आधा शहरी क्षेत्र हो । भारतको छेउमा भएकोले पनि, त्यहाँ धेरै आमदानी हुन्छ । वि.सं. २०२२ देखि वादीहरू फाटफुट रूपमा त्यहाँ आएर बसोबास गर्न थालेका हुन् । जुन आज आएर एक देह व्यापारको महत्वपूर्ण केन्द्र बन्न पुगेको छ । त्यहाँको आमदानी देखेर देश भित्रकै अन्य क्षेत्रबाट युवतीहरू जाने क्रम बढ्दो छ । दाङ्ग, सल्यान, वर्दियाबाट गएका युवतीहरू त्यस क्षेत्रमा घर वा कोठा भाडामा लिन्छन् । आज आएर गगनगंजमा देह व्यापार गर्नेहरूमा वादी समूहका मात्र नभएर अन्य जातिका युवतीहरू पनि पाइन्छन् । अध्ययन क्रममा वादीहरूको बसोबास क्षेत्रभित्र केही व्यक्तिले केटीहरूलाई तलबमा राखेर पेशा संचालन गरेको पनि पाइयो । वादी आफैले आफ्नो रोहवरमा पनि केटीहरू राख्छन् र पेशा संचालन गर्दछन् । वादीले राख्ने केटीहरू प्राय उनका आफन्तहरू हुन्छन् । यसरी अन्तर्गतमा रहेर काम गर्ने केटीहरूले आधा आमदानी मालिक्नीलाई दिनु पर्ने हुन्छ । उनीहरूको लागि ग्राहक खोज्ने काम बाबु, दाज्यू, भाइले गर्दछन् ।

भारतीय र स्थानीय मानिसहरू नै उनीहरूको नियमित ग्राहक हुन् । एकदिनमा एक युवतीले ५-९ जनासम्म ग्राहक पाउन सक्छिन् । प्रति व्यक्ति रू ५०/- लिने गरेको पाइयो । त्यसैबाट बिजुली बत्ति, पानी, घर भाडा, खाना इत्यादिमा नै आफ्नो कमाई सकिने कुरा उनीहरू बताउँछन् । गगनगंजमा भारतीय ग्राहकलाई मान्यता दिइन्छ । एक युवतीले भनिन् - "उनीहरूले भा.रू. ५०/- तिर्छन् जुन ने.रू. ८० हुन्छ" उनीहरूको गुनासो छ - "नेपाली ग्राहकहरू थोरै पैसामा धेरै चाहन्छन् । स्थानीय दादा, पुलिस, मिलिटेरी विना पैसा मजा गर्न खोज्छन्" ।

युवतीको आमदानी उसको सुन्दरता तथा काम गर्ने ठाउँमा भर पर्छ । गगनगंजका युवतीहरू २४ घण्टा नै काम गर्छन् । विहान उठ्दादेखि नै आफूलाई श्रृंगार-पटार गरी तयार गर्छन् । त्यसैले सबैरै जाँदा पनि श्रृंगार-पटार गरेका युवतीहरूको चहल-पहल देखिन्थ्यो ।

गगनगंजका प्रायः सबै घरहरू सिमेन्ट र ढुङ्गाले बनेका छन् । कोठाहरू स-साना छन् । ती कोठाहरू पनि सिमेन्ट-ढुङ्गाले बाहिएका छन् । यी बाहिएका दुई कोठाले दुई ग्राहकका निम्ति काम गर्छ । गुम्म परेको चिसो कोठामा एकातिर कुनामा ओछ्यान राखिएको छ । उनीहरूका आफन्तहरू छेउको अर्को कोठामा बस्छन् ।

गगनगंजको तुलनामा राजापुर सानो ठाउँ हो । त्यसै अनुरूप त्यहाँ ग्राहकहरूको संख्या पनि थोरै हुने गर्छ । त्यहाँ पेशामा करिब २० युवतीहरू संलग्न छन् । एक युवती भन्छिन् - "हामी लाइनमा उभिन्छौं । ग्राहकले आफ्नो इच्छा बमोजिम युवती छान्ने गर्छ ।"

हाल आएर वादी जातिको आफ्नो पुरानो मर्यादा सबै हराई सकेको छ । समाजले तिनीहरूलाई हेलाको दृष्टिकोणले हेर्छ । राजापुरमा वाल सिंह विश्वकर्माले भने - "हामी तिनीहरू देखि दूर रहन चाहन्छौं । तिनीहरूको बोलीचाली र रहनसहनले हाम्रा केटाकेटी बिगार्छन्" । एकातिर उनी पनि ठीक छन् भने अर्को तिर वादी जातिको आफूलाई समाजले तिरस्कार गरेको गुनासो पनि ठीक छ । वादीहरू भन्छन् - "प्रशासनले समेत हाम्रा छोरा-छोरीलाई काम दिंदैन । भरस्वर नै मेरी साथीकी छोरी वादीकी छोरी भएकीले विद्यालयबाट निकालिई ।" उनीहरूको भनाई छ हामीलाई बिगार्ने समाज हो, हाम्रा कमजोर पुर्खाहरू हुन् ।

"हाम्रोमा आएर रात बिताउने ग्राहक अछुतो हुँदैनन् तर हामी अछुतो हुन्छौं । हामी मन्दिरमा जान पाउँदैनौं, अन्यको घरभित्र पस्नु हुँदैन । मानिसहरू तिरस्कारपूर्ण व्यवहार गर्छन् । हाम्रा छोरा-छोरी अन्यले पढ्ने विद्यालयमा पढ्न पाउँदैनन् । बाटामा हिंड्दा केटाहरू तल्लो स्तरका शब्दहरू प्रयोग गर्छन् । पुलिसले त्यस्तै दुःख दिन्छ ।" दुई महिना अगाडि एक वादी युवतीलाई नेपाल-भारत सिमाना भन्सारमा समातिएको थियो । उनी सर-समान किन्न नजिकैको भारतीय बजार रूपडिया जाँदै थिइन् । त्यसरी नै आफ्नी विमारी छोरीलाई लिएर सिमाना पार गर्दै गर्दा एक वादी युवती समातिइन् । पुलिसले छोरी बेच्न लान लागेको आरोप उनीमाथि लगायो । उनलाई थुनामा राख्यियो । अन्तमा आफन्तहरूले धरौटीमा उनलाई छुटाए । हामीसंगको कुराकानीमा वादी महिलाहरू भनिरहेका थिए "यदि हामीलाई अर्को आमदानीको उपाय देखाउने हो भने यो पेशा छाड्न तयार छौं ।"

अनुसूची - ६

चेलीबेटी व्यापार तथा एड्सका शिकार भएका महिलाहरु

समूह. : कविता अर्याल, मीना शर्मा, हद्विग भ्यान केम्पेन, रामशरण प्याकुरेल
अध्ययन क्षेत्र : नुवाकोट- समुन्द्रटार, नौविसे, कल्लेरी, बाँसवोटे, दुप्चे, बोलुङ्ग, शिस्वरबेशी
समयावधि : ५ दिन

करिब २ करोड जनसंख्या भएको नेपाल ७५ जिल्लामा विभाजित छ । अधिराज्य भरिका प्रायः सबै जिल्लाहरूबाट भारतमा वेश्यावृत्तीका लागि चेलीबेटीको ओसार पोसार हुन्छ । ती मध्ये पनि केही जिल्लाः काभ्रेपलानचोक, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग तथा रसुवाबाट अत्यधिक मात्रामा चेलीबेटीहरू भारत पुऱ्याइन्छन् । देशभित्र नै महिलाहरूको ठूलो समूह वेश्यावृत्तिमा संलग्न छ । त्यसरी नै समाजमा विद्यमान साँस्कृतिक तथा धार्मिक प्रचलनहरूले पनि थुप्रै महिलाहरूलाई देह व्यापारमा धकेल्दछ । भारतका प्राय सबै रेडलाइट क्षेत्रमा नेपाली वेश्याहरू पाइने कुरा अध्ययनहरूबाट बाहिर आएको छ । त्यसरी नै महिलहरू दुबई, हङ्गकङ्ग, बर्लिन, फ्र्यांकफर्टमा पनि रहेका कुरा छापाहरूमा प्रकाशित तथ्य हुन् ।

हुन त नेपालभित्र तथा विदेशमा वेश्यावृत्तिमा संलग्न महिलाहरूको तथ्याङ्क उपलब्ध छैन । तरपनि केही संघ संस्थाहरू भारतमा मात्र २ लाख महिलाहरू वेश्यावृत्तिका लागि बेचिएका कुरा राख्दछन् । त्यसरी नै काठमाण्डौमा मात्र ५ हजार युवतीहरू वेश्यावृत्तिमा संलग्न रहेको अनुमान गरिउको छ । काभ्रेपलान्चोक जिल्लाका राजा राम थापाले भारतमा बेचिएका नेपाली चेलीहरूको बारेमा अध्ययन गरेका थिए । उनी आफुले त्यस अध्ययन क्रममा १२ वर्ष बिताएको दावी गर्दछन् । उनी अध्ययन क्रममा भारतका ८५ वटा वेश्यालयको भ्रमण गरेको र ८६,७०३ नेपाली वेश्याहरूसंग अन्तरवार्ता लिएको बताउँछन् । उनको प्रतिवेदनमा ४,९९४ जना चेलीवेटी बेच्ने व्यक्तिहरूको नाम उल्लेख छ । जसमा विगत तथा हालका केही राजनीतिज्ञहरूको नाम पनि समावेश छ । उनले अन्तरिम शासन कालमा चेलीवेटी बेचबिखनमा संलग्न भएको व्यक्तिहरूलाई सजाय गरि पाउँ भनी भोक हडताल पनि गरेका थिए । तर न अन्तरिम सरकारले न जन निर्वाचित सरकारले यस तर्फ कुनै उल्लेख्य कदम चालेको छ ।

महिलाका समस्याहरूका विषयमा प्रकाशित हुने गरेको धेरै भएको छैन । आजभोली भारतमा बेचिएका चेलीहरूको धेरै समाचार प्रकाशमा आउँछ । भारत र नेपालबीच समाचारको आदान-प्रदानमा सुगमता, स्थानीय संघ संस्थाको नेपाली चेलीहरूलाई मुक्त गर्ने प्रयासहरू, तथा भारतमा नेपाली महिलालाई दिइने यातनाहरूका कारण नै होला अन्य ठाउँका तुलनामा भारतमा बेचिएका चेलीहरूले पत्रपत्रिकामा धेरै ठाउँ पाएका छन् ।

वि.सं. १९५० सम्म अथवा राणा कालमा गाउँका युवतीहरू राणाहरूका दरवारमा पठाउनु पर्थ्यो । त्यसका निम्ति विशेषतया तामाङ्ग जातिका युवतीहरूको माग रहन्थ्यो । त्यसैले तामाङ्ग जातिको बाहुल्यता भएका गाउँहरूबाट युवतीहरू राणा दरवारमा भित्र्याइन्थ्यो । २००७ सालमा देशमा प्रजातन्त्र आएपछि राणाहरू भागेर भारत गए । उनीहरूका साथ-साथ युवती पठाउने चलन पनि भारत गयो । समयान्तरमा राणाहरूको दरवारबाट साधारण जनताहरूलाई पनि युवतीहरू उपलब्ध हुन थाले ।

हामी चेलीबेटी बेचबिस्वनका बारेमा पढ्दै, सुन्दै आइरहेका छौं । उक्त विषयमा निकटतम अध्ययन गर्न हामी नुवाकोटका केही गाउँहरू गयौं । नुवाकोटका समुन्द्रटार, घ्याङ्गफेदी, गाउँस्वर्क, बेतिनी, राउतबेशी तथा बालकुमारी गयौं । ती ठाउँबाट अत्यधिक मात्रामा युवतीहरूको बेचबिस्वन हुन्छ । ती गाउँहरूका बासिन्दाहरूमा तामाङ्ग, कामी, दमाई, सार्की तथा बाहुन र क्षेत्री पर्दछन् ।

छोटो साडी र चोलो, नाक र कानमा ठूलठूला सुनका गहना लगाएकी, स्वाली स्वुट्टा स्वेतमा काम गरिरहेकी महिलालाई देस्वाएर हाम्रा साथीले भने - उनी भरस्वर भारतबाट फर्केकी हुन् । तर उनको पहिरन र काम गराईबाट त्यो कुराको अन्दाज गर्न नै गाह्रो थियो । तर पनि उनीहरूको टिनका छाना भएका ठूला ठूला घर, घरका सदस्यहरूको हातमा घडी, तथा स्वान लगाउन पुग्ने आर्थिक अवस्थाबाट बाहिरबाट जानेका बारेमा अनुमान लगाउन सकिने आधारहरू हुन् । गाउँलेहरू पनि यस्तै कुराहरूलाई हेरेर त्यस घरकी छोरी-बुहारी "तल" गएकी छ कि छैन ? भनेर अन्दाज लगाउँछन् । त्यस क्षेत्रको भाषामा "तल" भन्नाले बम्बई वा भारतमा वेश्यावृत्ति गर्न लगिएको बुझिन्छ । चौघडाका एक होटल म्यानेजर भन्दछन् युवतीहरू "तल" बाट फर्कंदा अरूले चिन्लान भनेर साधारण पहिरनमा आउँछन् । तर पनि उनीहरूको भाषा, लुगा फाटा तथा स्वर्च गर्ने बानीले चिनि हालिन्छ । "प्राय गाउँबाट तामाङ्ग जातिका युवतीहरू बम्बई गएका छन् । बाहुन, क्षेत्री इज्जतको डरले हतपत "तल" जाँदैनन्" - सपना क्षेत्री भन्छिन् ।

नुवाकोटवासीको प्रमुस्व पेशा कृषि नै हो । तर उल्लेस्वित गाउँहरूमा बाहुन-क्षेत्री कृषिमा निर्भर छन् । विगत देस्वि नै नुवाकोटको चामल प्रसिद्ध छ । बाहुन क्षेत्री तथा केही कामी, सार्कीहरू कृषि गर्छन् र आफ्ना छोरा-छोरीलाई विद्यालय पठाउँछन् । गाउँमा अन्य आय आर्जनका बाटाहरू छैनन् । कृषि गर्ने मानिसहरूका अनुसार बम्बईबाट फर्किएका युवतीहरूको आयका कारण गाउँमा प्रत्यक्ष असर पर्दछ । गाउँलेका कृषि उत्पादन वा कुनै प्रकारका चल-अचल सम्पत्ति स्वरिद गर्ने "तल" बाट फर्किएकाहरू नै हुन्छन् ।

भारतमा ४-५ वर्ष बिताए पछि एक महिला आफै वेश्यालय स्वोल्न लायक बन्छिन् । त्यस्ता महिलालाई गाउँका हुकिंदै गरेका युवतीहरूको संख्या पनि एउटै गाउँको भएकोले थाहा हुन्छ । त्यसैले प्राय युवतीहरूले केही वर्ष भारतका वेश्यालयमा बिताई सकेपछि वेश्यालय स्वोल्ने गरेको पाइन्छ । गाउँलेहरू भन्छन् - "केही गाउँका ठूला-वडाले भारतमा वेश्यालय स्वोलेका छन् । गाउँमा नै "युवती

भर्ना केन्द्र (गल्ला)" खोलेका छन् । समुन्द्रटारका एक राष्ट्रिय नेताकी भतिजी तथा गाउँमा अरूलाई शिक्षा दिई हिंड्ने पंडितका दुई छोरी भारतको बम्बईमा छन् । हिजो आज गाउँमा "तल" जाने रोगले अति ग्रस्त रूपमा समाती सकेको छ । तुप्चे मा.वि.का प्रधान अध्यापक खेतीमा काम गर्ने मानिस नै नपाइने गरेको बताउनु हुन्छ । केटीहरू १२ वर्ष उँभो लागेपछि तल पठाउनका लागि तयार हुन्छन् । भारतबाट छुट्टीमा आएका महिलाहरू वा गाउँ कै व्यक्तिहरूले युवतीहरूलाई भारत लिएर जान्छन् । भारतका वेश्यालयमा "नाइके" को प्रचलन पनि हुन्छ, जसले युवतीहरू लैजाने तथा छुट्टीमा पुऱ्याउन आउने काम गर्छन् । त्यति गरेको पारिश्रमिक वापत उसले भा.रू. ६,००० तथा एकसरो लुगा पाउँछ ।

प्राय अशिक्षित, सोझा युवतीहरूलाई झुक्काएर भारतका वेश्यालयमा बेचेका कथाहरू आउने गर्छन् । धेरै वर्ष अगाडि समुन्द्रटारकी एक १६ वर्षिया युवतीलाई त्यस्तै भएको थियो । उनका श्रीमान्ले झुक्काएर बम्बईमा लगेर बेचेका थिए । त्यसरी नै आजभोलि गलैचा कारखानाहरूबाट पनि युवतीहरू ललाई फकाईमा परी बेचिएका तथ्यहरू प्रकाशमा आइरहेका छन् । आजभोलि क्याम्पस पढेका शिक्षित युवतीहरू पनि भारततिर बेचिएका कथाहरू छापामा आउँछन् । तर नुवाकोटका ती गाउँहरूबाट आजभोली युवतीहरू झुक्याइएर बम्बई पुग्ने कुरा स्वयं गाउँलेहरू मान्न तयार छैनन् । शुरू-शुरूका समयमा झुक्काएर लगिएका भए पनि आजभोली युवतीहरू घर-परिवारको सल्लाह बमोजिम जान्छन् । गरिबी, उकाली-ओराली, गाई वस्तु, घाँस, दाउरा देखि वाक्क भई सकेका युवतीहरू त्यहाँबाट मुक्ति पाउन उत्साहित हुन्छन् । त्यसरी नै तल्ला घरकी दिदीले ल्याएको सुन, रूपैयाँ तथा लुगाफाटाले आकर्षित गर्छ । अझ ती गाउँहरूमा हेलिकप्टर चढेर आएका युवतीहरूको रहन सहन देखेर आमा बाबु आफ्नो पनि त्यही स्थिति चाहन्छन् । त्यसैले "छोरीको जन्म खुशियालीको विषय बन्छ । त्यही छोरीले पछि उनीहरूलाई "तल" गएर कमाई सुखी जीवन दिने छ भन्ने आशा संगालेर बसेका हुन्छन् । त्यसैले होला नुवाकोटबाट अत्यधिक युवतीहरू हराउने भए पनि मुद्दाहरू थोरै दर्ता भएका छन् । गाउँलेहरू नै भन्छन् "आफ्नो छोरीले डाँडा काटी सकेको निश्चित भएपछि मात्र पुलिस कार्यालयमा छोरी हराएको रिपोर्ट लेखाउन जान्छन्" । हालसालैको घटना हो गाउँखर्कका तीन युवतीहरूलाई तीनपटक पक्रिएर गाउँ फिर्ता पठाइयो । तर चौथो पटक उनीहरू सिमाना पार गर्न सक्षम भए । यसरी बम्बई पठाउन तथा लैजाने क्रममा व्यक्तिको वा अभिभावकको त्यस केटीसंगको नाता गौण कुरा बन्न जान्छ ।अरूले "तल" गएर आफ्नो आर्थिक अवस्था सुधारेको देखेर श्रीमानले श्रीमती पठाउने चलन पनि हुर्कन थालेको छ ।

गाउँबाट भारतका वेश्यालयमा बेचिसकेपछि उनीहरू आफुमाथि लागेको ऋण चुक्ता गर्न कम्तीमा पनि सात वर्ष बस्नु पर्छ । यसमा आफु माथिको ऋण भन्नाले गल्लावाली वा मालिकनीले उसलाई खरिद गर्दा तिरेको रकम हो । आफ्नो जवानीको सात वर्ष मालिकनीको ऋण तिर्दै बित्छ । फेरि ग्राहकले पैसा मालिकनीलाई तिर्ने प्रचलन हुन्छ । जसले गर्दा युवतीको हातमा लाग्छ शुन्य । आफुले ग्राहकलाई रिझाउन सके केही बक्सीस् पाउने सम्भावना रहेको बम्बईबाट फर्किएकाहरूले बताए । त्यसपछि मालिकनीले महिनावारी रूपमा दिइने तलब जो ज्यादै थोरै हुन्छ, नेपालबाट बेचिएका युवतीहरूको हातमा त्यत्ति नै पैसा हात लाग्छ । त्यसैले प्राय एकपटक बेचिइसकेका युवतीहरू पछि आफै केटीहरू राख्नेर काम गराउने कुरामा उत्साहित हुन्छन् । पहिलाका वर्षहरूमा युवतीहरूले पैसा कमाउन सक्दैनन् । तर पनि वर्षको दुईपल्ट आफ्नो घरबाट छोरीको कमाई लिन मान्छे जाने गर्दछन् ।

जसमा कोही बेला संपूर्ण गाउँकाहरूको प्रतिनिधित्व गरेर एक व्यक्ति जान्छ भने कोही बेला चेलीका आ-आफ्ना घरबाट आउँछन् । तिनीहरूको हातमा घरको खर्च पठाउन तथा आउनेलाई बाटो खर्च बचाउन नै युवतीहरूलाई हम्मे पर्दछ । यसरी भरखर नै बम्बई पुगेर आएको एक युवक भन्दै थिए "युवतीहरू रिसाउँदै थिए, चित्त दुखाउँदै थिए । मैले नै उनीहरूलाई बेचे जस्तोगाली गरे । अब देखि म त कमाई लिन जान्न" । नौबिसेकी एक युवती सात वर्ष पछाडि घर फर्केकी छन् । उनले साथमा एक लाख रूपैयाँ, केही तोला सुन र लुगाफाटो ल्याइन् । उनीहरू मामाको घरमा बस्दै थिए । युवतीले पैसा मामालाई दिइन् । मामा अति कृतज्ञ भए र अब त्यस रकमले जग्गा किन्ने भएका छन् । सुन्दर अनुहारकी २२/३३ वर्षीया ती युवती फेरी कमाउन बम्बई जाँदैछिन् । त्यसरी नै दुई वर्ष अगाडि बाँसवोटे - की एक महिला आफ्नो छोरीसंग गाउँ फर्किन् । उनलाई धेरै वर्ष पहिले आफ्नै गाउँको एक महिलाले डाक्टरका घरमा भान्छे लगाइदिन्छु भनेर लगेकी थिइन् । तर पछि बान्द्राको एक कोठीमा हाली दिइन् । उनले पैसा कमाउन सकिनन् । त्यसैले आज उनको स्थिति एकदम नाजुक छ । बम्बईबाट फर्किएकी एक महिला आफ्नो सुनको दाँत देखाउँदै भन्छिन् "पैसा कमाउन भाग्य र रूप चाहिन्छ" । त्यहाँ जाने महिलाहरू सबैको एक वा दुई वटा दाँत सुनको जलप लगाइएको पाइन्छ । सायद त्यो फेशन हो या सुन्दरता बढाउने अर्को उपाय ।

महिलाहरूलाई भारत लैजाँदा विरगंज तथा भैरहवाको बाटो भएर लैजाने गरिन्छ । काठमाण्डौको बुढानिलकण्ठबाट एउटा छोटो बाटोले समुन्द्रटारसंग जोड्छ । नुवाकोटबाट भारत जाने प्रायः सबै युवतीहरू तथा गल्लावालहरू त्यही बाटो प्रयोग गर्छन् । "पुलिसबाट बचिन्छ" भरखर विमार भएकोले २० वर्ष पछि फर्काइएकी एक महिला भन्छिन् । हामीसंग जानु भएको एक स्वास्थकर्मीले हेरेपछि उनलाई एड्सको लक्षण भएको अनुमान लगाउनु भयो । ती महिलालाई खान मन लाग्दैन, लगातार जीउ तात्दछ तथा जीउ आलस्य र थकित भई रहन्छ । तर उनी आफुलाई कुनै प्रकारको विमार लागेको कुरा स्वीकार्न तयार छैनन् । गाउँलेहरूको तिरस्कारपूर्ण व्यवहार देखि उनी डराउँछिन् । हालसम्म उनलाई केही औषधि गर्न लगिएको छैन । उनका माता-पिताले "खोलामा पानी नखन्याउने" विचार गरेका छन् ।

युवतीहरू शुरूको ४-७ वर्षसम्म बिताएर गाउँ फर्कन्छन् । तिनीहरूमध्ये केही गाउँमा नै बस्छन् । त्यस पटक गएर दोस्रो पटक गाउँ फर्कनेहरू पनि विभिन्न यौन रोगहरूबाट ग्रसित भइसकेका हुन्छन् । प्रथम पटक नै गाउँमा बसोबास गर्न चाहनेहरूको लागि पनि गाउँले परिवेश "फलामको चिउरा" बन्न जान्छ । त्यस्तै ९ वर्ष अगाडि स्थायी बसोबास गर्न गाउँ आएकी एक महिला आफ्ना दुःखपूर्ण यथार्थताहरू रूदै सुनाउँछिन् । आफुले ल्याएको सम्पत्ति देखेर एक गाउँकै मानिसले उनलाई विवाह गरेका थिए रे । तर समयक्रम अनुसार पैसा पनि सकिदै गयो र एउटा छोरा पनि जन्म्यो । त्यस पछि श्रीमानले पनि उनलाई छोडी दिए । प्राय भारतबाट फर्किएका युवतीहरूमाथि यस्तै हुन्छ । धेरैका श्रीमानहरूले पैसाको समाप्तीसंगै श्रीमतीसंगको नाता पनि समाप्त गर्छन् भने केही ठूला वडाले रखैलको रूपमा उनीहरूलाई उपभोग गर्छन् । गाउँका केटाकेटीहरूले पनि तिनीहरूलाई तमासेको रूपमा हेर्ने र बाटोमा जिस्काउने गरेको पाइयो ।

नुवाकोट जिल्लाका स्वयंसेवक रामशरण प्याकुरेलले आफ्नो प्रतिवेदनमा उल्लेख गरे अनुरूप त्यस जिल्लामा एक माध्यमिक, पाँच निम्न माध्यमिक र १३ प्रथमिक विद्यालयहरू छन् । तर

आर्थिक, सामाजिक, पारिवारिक कारणहरूले गर्दा विद्यार्थीहरूको संख्या अति न्यून छ । गाउँमा ओरेक भन्ने गैर सरकारी संस्थाले "बाँसको शिप" तालिम केन्द्र खोलेको छ । उसको लक्ष्य बम्बईबाट फर्किएका महिलाहरूलाई तालिम दिने भए तापनि गाउँकै अन्य महिलाहरूले पाइरहेको कुरा गाउँलेहरू नै भन्दै थिए । त्यहाँबाट तालिम प्राप्त महिलाहरूको गुनासो थियो "हामीलाई तालिम दिएर औजारहरू तथा बजारको व्यवस्था गरिदिए पो ।"

उनीहरू कोठीहरूमा कसरी बस्छन् ?

बम्बईबाट फर्किएकी एक महिलाले लजाउँदै भनिन् "मेरा ग्राहक दिनमा ७/८ जना हुन्थे । तर बंगलाको लागि छानिएपछि २/३ जना मात्र हुन थाले ।" उनको कुरा अनुसार त्यहाँ लगिएका युवतीहरूको पनि तह छुट्टाइएको हुन्छ - प्रथम, द्वितीय र तृतीय । उनीहरूलाई राख्ने ठाउँ मुख्यतया पिलो (साधारण) हाउस र बंगला टाइप हुन्छ । कसैलाई केही महिना पिलोमा काम गरेपछि बंगलामा स्थानान्तरण गरिन्छ भने कोही लामो घाँटी, सुडौल जिउ परेका सुन्दरीहरू शुरूमा नै बंगलाका निम्ति छानिन्छन् । तर दुबै ठाउँमा काम गर्न शुरूमा नेपाली युवतीहरू नमानेका र उनीहरूलाई दिने गरेका तड्पनहरू छापामा प्रकाशित भइरहेका हुन् । चलचित्र तथा काल्पनिक कथामा जस्तो लाग्ने "स्वान नदिने, चुरोटले पोल्ने, पिट्ने" जस्ता घटनाहरू यथार्थ हुन् । आफ्नो भन्दा भिन्न संसार, "काला पानीमा" परे जस्तो त्यहाँबाट बच्न सक्ने कुनै आशा नहुने कुरा महिलाहरू बताउँछन् । त्यसरी नै भारतमा बेचिइसकेकी भनेर गाउँलेहरू पनि हेला गर्छन् । यी सबका कारण तथा भोक र तिर्खाले गर्दा "बालक कालदेखि घृणा गर्न सिकाएको पेशालाई अंगाल्न बाध्य हुन्छौं" महिलाहरू भन्छन् । समयक्रमसंगै उनीहरूले पनि आफूलाई त्यहीको वातावरणमा ढाल्दै लैजान्छन् । त्यहाँ बसुन्जेल चलचित्र हेर्ने बाहिर जाने गरेका अनुभवहरू उनीहरू बाँड्छन् । उनीहरूका अनुसार विवाह गर्न इच्छुक कोही व्यक्ति भेटिए, उता नै बस्दा विवाह पनि हुन सक्छ, मेरा कैयौं साथीहर "विवाह गरेर उतै बसेका छन् ।"

युवतीहरू प्राय भा.रू २०,००० देखि भा.रू. ५०,००० सम्ममा बेचिने गरेका तथ्यहरू पाइन्छन् । गल्लावालाले आफूलाई छोडेर, लिएर गएको रकम भुक्तानी गर्न युवतीहरूले दिनरात काम गर्नु पर्ने हुन्छ । उनीहरूका अनुसार पिलो हाउसमा दिनमा भा.रू. २००/- सम्म हुने र बंगलामा अझ बढी हुने हुन्छ । तर पिलो हाउसमा ग्राहकले पैसा सिधै मालिक्नीलाई दिन्छ भने बंगलामा पैसा आफ्नै हातमा आए पनि आधा जति आमदानी विजुली, पानी कोठाको निम्ति दिनु पर्छ । अन्य आधाबाट आफ्नो खर्च घर पठाउने र मालिकनीको ऋण तिर्नु पर्छ । भारतबाट नै युवतीहरू खास समय वा केही दिन, महिना, वर्षका लागि अन्य देशमा लगिने गरेको कुरा उनीहरू बताउँदछन् । पेशाको शुरूवातका दिनहरूमा उनीहरूलाई निरोधकहरू दिने गरेको तथा डाक्टरले जाँच गरिरहने गरेको उनीहरू बताउँदछन् । तर पछि-पछि युवतीहरूलाई बच्चा जन्माउन नसक्ने तुल्याइन्छ । कल्लेरीकी एकजना महिललाई १८ वर्ष अगाडि बम्बईमा गरिएको पेटको अपरेशनको कारण पहिले थाहा थिएन । तर त्यसपछि देखि नै उनलाई विसन्चो हुँदै आएको छ ।

अनुसूची - ७

नेपालमा बाँधा महिला मजदूरहरु

समूह : मीना शर्मा, हाद्विक भ्यान केम्पेन
अध्ययन क्षेत्र : कन्चनपुर
समयावधि : ३ दिन

बाह्र वर्षिया आशाराम आफ्नो बाबुको मृत्यु भएकै दिन अचानक समातिए। उनलाई उनको जग्गा धनी, माझगाउँका विर बहादुर वोगटीकोमा लगियो। आशारामका पिताले लिएको रू. १४,००० सौंकी उनको टाउकोमा आयो। त्यस दिनदेखि उनी बँधुवा मजदूर बने। हुन त आफुलाई सम्झना भएदेखि नै उनी तिनै मालिककोमा काम गर्दै आइरहेका छन्। आशा रामलाई बुबाले हलो जोतेको र त्यही हलोले आफ्नो खुट्टा लगेको घटना सम्झना छ। तर सौंकी लिएको कुरा थाहा छैन। उनकोमा सौंकीको तमसुक पनि छैन। विगत दुई पुस्तादेखि वोगटीकोमै काम गर्दै आई रहेका आशारामका संपूर्ण परिवार आज पनि दिन-रात उनैकोमा काम गर्दछन्। उनकी ५५ वर्षिया आमा दुई भाइहरू (१० र ८ वर्ष), दिदी (२० वर्ष) र आफै पनि वोगटीकोमा नै छन्। संपूर्ण परिवारको मजदूरीको

वाँधा मजदूर परिवारको एक जोडी

वावजुद वोगटीले उनकी दिदीलाई आफ्नो ओछ्यानमा लैजान्छन् । आशारामका दाजु यी सब सहन नसकेर घरबाट भाग्छन् । आशाराम पनि त्यही गर्न चाहन्छन् तर पनि सकिरहेका छैनन् ।

आशारामको कथा नेपालको पश्चिम, मध्य-पश्चिम तथा सुदूर पश्चिमको बिद्यमान बँधुवा मजदूर प्रथाको वास्तविक चित्रण हो । इन्सेकले यस विषयमा गरेको खोजले बाँधा मजदूर व्यवस्था भित्र हुने शोषण तथा करिब ४० हजार कमैयाका दुःख र व्यथा बाहिर ल्याएको छ । पश्चिम नेपालका कैलाली, कञ्चनपुर, वर्दियाका गरी १७७२८ कमैयाहरूसंग प्रत्यक्ष सोधपुछ गरिएको थियो ।

कमैयाहरू प्राय खेतीको काममा संलग्न हुन्छन् । उनीहरू थोरै ज्यालाको निम्ति धेरै लामो समय काम गर्न वाध्य हुन्छन् । एक पूरा कमैया परिवारलाई ६ देखि ९ वोरा (१ वोरा - ७५ के.जी.) धान तथा केही नून र खोर्सानी दिने प्रचलन हुन्छ । कोहीलाई वर्षमा एक जोर लुगा दिने चलन छ । उनीहरूले पाउने सुविधा मालिकको उदारतामा भर पर्छ । कमैयाहरू भन्छन् कि पहाडी मालिक भन्दा थारू मालिकहरू असल हुन्छन् ।

एउटा मानिस जो खनजोत गर्न सक्छ तथा उसकी श्रीमती वा दिदी, आफन्त जो एकै परिवारमा बस्छन्, उसलाई कमैया भन्ने प्रचलन हुन्छ । अथवा एक पुरूष र महिलाको जोडीलाई एउटा कमैया गनिन्छ । उनीहरूका संपूर्ण परिवार कमैया परिवार भित्र पर्दछ । अविवाहित (१४ वर्ष भन्दा मुनिका) तथा बुढा, श्रमती मरिसकेकाहरू कमैयामा गनिदैन । कमैयामा गनिन पुरूष र महिलाको जोडी चाहिन्छ । उनीहरूले गर्ने काम वापत ज्याला पाउँछन् तर परिवारका अन्य सदस्यले आफ्नो कामको ज्याला पाउँदैनन् । एउटा परिवारले मालिकको संपूर्ण काम गरिदिनु पर्ने हुन्छ । मालिकले आफ्ना घर खेतका काममा आफुले राखेका कमैया परिवार बाहेक बाहिरका मानिस लगाउने चलन हुँदैन । आफ्ना मालिककोमा काम हुन्जेल परिवारका अन्य सदस्यले बाहिर काम गर्न पाउँदैनन् । संपूर्ण परिवार नै विहान सवेरै देखि राती अबेरसम्म काम गर्ने भए पनि कमैया र १४ वर्षमाथिका युवकले मात्र ज्याला पाउँछन् । महिला तथा केटाकेटीको कुनै गन्ती हुँदैन । याथार्थमा आधा काम यिनीहरूले गरिरहेका हुन्छन् । अनुसन्धानका क्रममा पाइएको थियो कि एक मालिकले ४५ परिवार कमैयाहरू पनि राखेका छन् । मालिकले कमैया छान्दा ठूलो परिवार तथा महिला र बालबालिकाको संख्या अधिक भएको परिवार छान्दछन् ।

कमैयाहरू बस्ने झुपडीलाई स्थानीय भाषामा बुकरा भनिन्छ । मालिकको ठूलो टिनको छानो भएको घरको एक छेउमा स-साना झुप्राहरूको समूह पाइन्छ । कमैयाहरू समूहमा बस्न रूचाउँछन् ।

इन्सेकको प्रतिवेदन अनुसार कमैया प्रथामा महिलाहरूको संख्या १५ भन्दा ज्यादा छ । उनीहरूलाई कमलारी भनिन्छ । उनीहरू अधिकतम कमलरिया (घर-गोठ), बुकरही (गोठ-खेतको काम), ओरगानी (घरधन्दा), घर बस्ने (मालिकको घरको संपूर्ण काम) जस्ता काममा संलग्न हुन्छन् । यी कामका साथसाथै मौसम अनुसार जंगल जानु, धान कुट्नु, धान काट्नु जस्ता कामहरू पनि गर्नु पर्ने हुन्छ । सारथी थारू सवेरै उठ्छिन् । दिनको खाना तयार गर्छिन् । त्यसपछि मालिकको घरमा अघिल्लो रातको चुलो सफा गर्न जान्छिन् । भान्छा पछाडि, घर-आँगन बढार कुडार गर्नु पनि उनको नै काम हो । घर सफा-सुग्घर भई सकेपछि खाना बनाउने तयारी गर्नु पर्छ । कहिले काहीं खाना बनाउन सघाउनु पनि पर्छ । मालिकको घरमा खाना तयार भई सकेपछि आफ्नो घर जाने अनुमती पाउँछिन् । घरमा गएर खाई सक्दा मालिकको भान्छा उठाउन बेर हुन्छ । उनीहरूको लुगा धोइदिनु, धान कुट्नु

उनको भागमा पर्ने काम हुन् । जहिले पनि अबेर सम्म काम गरिरहनु पर्ने हुन्छ । अझ वाली उठाउने समयमा रातारात नै खेत पनि जानु पर्ने हुन्छ । उनी भन्छिन् "उनीहरूको सेवा गर्न जति बेला पनि तयार रहनु पर्छ । उनीहरूले वित्तिकै म पुगिन भने गाली गर्छन् ।" सारथीको मालिकले कमैयाको ४ परिवार राख्वेका छन् । सारथीको साथीको आफ्नै समय तालिका छ । उनले गाई वस्तु हेर्नु तथा जंगल जानु पर्छ । त सबै महिलाहरू आफ्नो मेहनतको बदलामा केही पाउँदैनन् । काम जहिले पनि नभ्याउने हुन्छ । सारथीले मालिकको घरमा नै ज्यादा समय व्यतित हुने गर्दा आफ्नो बच्चालाई समय दिन सक्दिनन् । त्यसैले आफ्नो सानी बहिनीलाई राख्वेकी छन् ।

गोगी थारू : नेपालगंजको कार्यक्रममा आफ्नो दुःखद कथा सुनाउँदै

कमैयाहरू अशिक्षित भए पनि सोझा तथा नम्र मानिसहरू छन् । इनसेकको अध्ययनले देखाएको छ कि ९३.३ कमैयाहरू थारू जातिबाट आएका छन् । यो जाति नेपालको तराई क्षेत्रमा बसोबास गर्ने आदिवासी हुन् । उनीहरू संयमित, विनम्र छन् । जसले गर्दा जमिन्दारहरूलाई शोषण गर्न सजिलो भएको छ । इनसेकको प्रतिवेदनमा उल्लेख छ - कमैयाहरू बँधुवा मजदूर व्यवस्थालाई जन्मजात पाएको तथा मालिकहरूको अभद्र व्यवहार आफ्नो भाग्यमा लेखेको मान्दछन् । कमैया महिलाहरूसंग कुरा गर्ने क्रममा एक पटक मालिकको छोरी पनि उपस्थित थिइन् । हामीले यस व्यवस्थाप्रति उनको विचार जान्ने प्रयास गऱ्यौं । उनीले भनिन् - "मलाई यो कुनै दुःख मान्नु पर्ने चलन जस्तो लाग्दैन । सबै ठाउँ तथा क्षेत्रमा मालिक र नोकर हुन्छन्" । त्यसरी नै सुदा गाउँमा एक जमिन्दारले हामीलाई जवाफ दिएका थिए "ब्राम्हणहरूले खेत जोत्नु हुँदैन । नत्र यिनीहरूलाई के मतलब ?" उनले एक कमैया परिवार पाली राख्वेका छन् । त्यस परिवारको कमैयाको ३ महिना अगाडि मृत्यु भयो । विमारले थला परेका आफ्ना श्रीमानलाई छोडेर श्रीमती जानकी मालिकका घरको काममा जानु परेको थियो । पिताको मृत्युपछि १६,००० को सौंकी १२ वर्षिया छोरोमाथि आइपरेको छ । उ पिताको जस्तै खेत जोत्ने काम गर्न थालिसकेको छ । हाल जानकीका तीन छोरा (१२, १० र ८ वर्ष) खेतीमा काम गर्छन् । आमा मालिकको घरको संपूर्ण काम गर्छिन् । उनीहरूले पति हुँदा जति नै पारिश्रमिक पाउने हुन् कि हैनन् ? आफैलाई थाहा छैन । तर पनि मालिकको गाली, पिटाई दिनहुँ खानु पर्छ । कति दिन देखि नकोरिएको कपाल, च्यात्तिसकेको मैलो लुगा तथा आँखामा निराशा बोकेकी जानकीले भनिन् "मालिकले हाम्रो घर जलाई दिने धम्की दिएको छ ।"

प्राय जसो १५-३० वर्ष भित्रका कमलारीहरू मालिकहरूका वासनाका शिकार बन्दछन् । मालिक तथा उसका आफन्तबाट हुने बलात्कारका घटनाहरू दैनिक घट्छन् तर उजुर गरिँदैनन् । सोझा तथा अनपढ महिलाहरूलाई शोषण गर्न सजिलो छ । अपराधीहरूले फकाएर अनैतिक सम्बन्धहरू राख्नेको पनि पाइयो । जानकी थारू झोसपूरामा हुँदा एक वन कर्मचारीले उनलाई फकाएका थिए । कर्मचारीले उनलाई दिएको उनीको चोलो देखाउँदै भन्छिन् " उनीहरूले हामीलाई किनेका छन् र जसरी पनि प्रयोग गर्न सक्छन्" । उनी गर्भवती भएपछि मालिकले अर्को ठाउँमा बेची दियो । उसको श्रीमानले विना प्रश्न बच्चालाई स्वीकारे । त्यसको बदलामा उनीहरूले कुनै प्रकारको क्षतिपूर्ति पाएनन् । यस्ता अनगिन्ती घटनाहरू पाइन्छन् । कुनै मालिकले युवतीको इज्जत लुटेको गाउँलेहरूले थाहा पाउँछन् । तर घटनाको विरोध गर्ने आँट कोही गर्दैनन् । मालिकको कारखानातिर काम गर्ने जवान केटीहरूलाई चोख्खो बच्न गाह्रो हुन्छ । एक १७ वर्षिया युवती आफ्नै सासुको बदलामा मालिककोमा काम गर्न गएकी थिइन् । काममा गएको दोस्रो दिन मालिकको भाइले धानको बोरा स्टोर कोठामा राख्न भने । युवती धानको बोरा लिएर कोठामा पसेकी थिइन्, उसले ढोका लगायो । युवती भन्छिन् "म चिच्याएँ । तर कोही बचाउन आएन । म एक्लै उसका विरूद्ध संघर्ष गरिरहें । उसको हात टोकी दिएर म फुत्कन सकें ।" उनले काम गर्न जान नै बन्द गरिदिइन् । तर मालिकले काममा बोलाइरहेको छ । यो त्यहाँका युवतीहरू मध्येको एक साहसिलो कथा हो । प्राय युवतीहरू त्यसरी बच्न सकेका पाइदैनन् । आजसम्म बलात्कारका घटना विरूद्ध मुद्दा परेको छैन । तर यस्ता घटनाले केटीको जीवनमा धेरै असर पार्छ । बलबहादुर चौधरी भन्नु हुन्छ "गाउँमा यस्तो खबर फिजियो भने केटीलाई हेला गर्छन् । उनीहरू ठान्छन्, केटीले नै त्यसलाई निम्त्याएको हो ।" मालिक विरूद्ध जानु पर्नेमा युवती विरूद्ध खडा हुन्छन् । यसरी हेर्दा उनीहरूमा एकताको कमी भएको महशुस हुन्छ । एकातिर यो छ भने अर्कोतिर मालिकको विरूद्ध खडा हुने मान्छेलाई मारिदिने गर्छन् । कञ्चनपुर अस्पतालमा एक गर्भवती युवती ल्याइएको थियो । उनको त्यहीं मृत्यु भयो । उनलाई मालिकले बलात्कार गरेका रहेछन् । आफ्नो कर्तुत बाहिर आउने डरले, अस्पतालका डाक्टरलाई घुस दिई युवतीलाई विष खुवाएर मारेको कुरा हल्ला चल्यो । गाउँका प्राय सबैलाई सत्य थाहा छ । तर आजसम्म यसका विरूद्ध मुद्दा हालिएको छैन । एक महिला भन्छिन् "हामीले मुद्दा दायर गरे पनि सुनुवाई हुँदैन । मालिकले पुलिस र प्रशासनलाइ किनी दिन्छ ।

कञ्चनपुरमा बसोबास गर्ने पार्वती चौधरीले हामीलाई कमैया बारे थप जानकारी दिनु भएको थियो । उहाँ इनसेकको जिल्ला सक्रिय सदस्य हुनुहुन्छ तथा सरकारको "मातृ-शिशु कल्याण" अन्तर्गत कमैयाहरू माझमा काम गर्नु भएको थियो ।

कमैया प्रथाको मुख्य विषय सौंकी नै हो । सौंकी भन्नाले कमैयाले मालिकबाट लिएको ऋण हो । सौंकीमा धेरै ब्याज लगाइएको हुन्छ । यसका वावजुद कमैयाले चलाउँदा कुनै कुरा माच्चिए, टुटे त्यस वस्तु बराबरको रकम सौंकीमा जोडिन जान्छ । त्यसैले सौंकी घट्नुको सट्टा बढ्दै जान्छ । उनीहरूको परिवारको दिन-रातको मेहनतको कुनै महत्व हुँदैन । यसका वावजुद उनीहरूले बाहिरबाट कमाएर ल्याएको रकम पनि मालिकलाई नै दिनु पर्ने हुन्छ । यदि घरमा केटा मानिसहरू छैनन् भने तथा सौंकी धेरै छ भने मालिकले कमैयाका छोरीहरू बेच्ने गर्दछ ।

कमैया परिवारहरूमा बाल विवाहको चलन पाइन्छ । यो पनि कमैयाको सौंकीमा भर पर्दछ । उनीहरूको प्रचलनमा छोरी बेच्ने चलन हुन्छ । जस अनुसार दुलाहा पक्षले केटी पक्षबाट मागे जति

रकम तिर्नु पर्ने हुन्छ । शैद्धान्तिक रूपमा केटीको बाबुले रकम लिनु पर्ने नियम भए पनि, यथार्थमा मालिकले नै त्यो रकम राख्ने गर्दछन् । यस्ता विवाहहरू पनि मालिकले नै टुङ्गो गरि दिने गरेका पाइन्छ । त्यसरी नै त्यहाँ विद्यमान जारी व्यवस्थामा पनि मालिक नै मोटाउने गरेका छन् । केटीले पहिलाको श्रीमान छोडेर दोस्रो विवाह गरे नव विवाहितले पहिलाको श्रीमानलाई रकम तिर्नु पर्ने हुन्छ । जसमा मालिकहरूले नै रकम तोकी लिने गर्दछन् । कमैया माझमा साटा-साट विवाहको पनि चलन छ । जस अन्तर्गत कमैयाकी छोरी, आफ्नी बुहारीसंग साटिन्छे । अर्थात छोरीको विवाह बुहारीको माइतमा हुन्छ ।

प्रसुतीको बेला कमलरीले सात दिनको छुट्टी पाउँछिन् । यो समयलाई स्थानीय भाषामा "गोठ बस्ने" भन्दछन् । साँच्चै नै त्यो बेला महिलालाई एक्लै छोडिन्छ । श्रीमान वा घरका अन्य परिवारले उनको निम्ति समय निकाल्न पाउँदैनन् । वास्तवमा ब्राम्हण नियम अनुसार बाह्र दिनसम्म प्रसुतीले भान्छा वा घर छुनु हुँदैन । तर कमैया राख्ने ब्राम्हणहरूले कमलरीलाई प्रसुती भएको आठौं दिन देखि काममा बोलाउँछन् । तर उसले बाह्र दिन हुञ्जेलसम्म बाहिरका काम गर्नु पर्छ ।

अनुसूची - ८

नेपालमा देउकी प्रथा

समूह : हद्विक भ्यान केम्पेन, मीना शर्मा, केदारचन्द्र भट्ट, दशरथ बुढाथोकी
अध्ययन क्षेत्र : वैतडीको मेलौली गा.वि.स.
समयावधि : ५ दिन

मन्दिर तथा भगवतीको नाममा चढाइने महिलाहरूलाई देउकी भनिन्छ। तर यस प्रथामा नेवार जातिको कुमारी प्रथा जस्तो महिलाको पूजा गर्ने चलन पाइँदैन। देउकी प्रथा सम्बन्धी विभिन्न दन्त्य कथाहरू पाइन्छ। जसमध्ये राजा नागि मल्लसंग सम्बन्धित दन्त्य कथा बढी प्रचलित छ। उक्त कथा अनुसार कुनै बखत नागी मल्ल नामका शक्तिशाली तथा घमण्डी राजा थिए। त्यसै समयमा डोटी छेउ डडेलधुरामा भगवान भागेश्वरले राज्य गर्थे। उनी पनि एक शक्तिशाली भगवान थिए। दुबै बीच टक्कर पर्न थाल्यो। भगवान भागेशवर रिसाए र राजालाई श्राप दिए। जसले गर्दा डोटीमा प्राकृतिक प्रकोप बढ्यो। राजालाई आफ्नो गल्ती महसुश भयो। त्यसैले उनले भगवान भागेश्वरलाई आफ्नै छोरी दिने बचन दिए। भगवानले राजाकी छोरी आफ्ना

मेलौली भगवती : जहाँ निर्दोष बालिकाहरू भगवानका नाममा चढाइन्छन्।

बहिनीहरूको सेवाका निम्ति चढाउनु भन्ने आदेश दिए। त्यसपछि भगवान भागेश्वरका सात दिदी-बहिनी वा भगवतीहरूलाई छोरी चढाउने प्रचलन शुरू भयो।

विगतमा प्राकृतिक प्रकोप तथा अनिष्टबाट बच्न छोरी चढाउने गरिन्थ्यो भने हिजो आज आफ्नो मनको इच्छा पूरा गर्न छोरीहरू चढाइन्छ। स्थानीय धनाढ्य तथा शक्तिशाली व्यक्तिहरू भगवतीलाई खुसी पारी आफ्नो मनको इच्छा पूरा गर्न अर्काका छोरीहरू खरीद गरी चढाउने गर्छन्।

पश्चिम नेपालमा सातवटा मन्दिरमा देउकीहरू चढाइन्छन्। ती मध्ये मेलौली गा.वि.स.को मेलौली भगवती मन्दिर मूख्य मानिन्छ। अधिकांश युवतीहरू मेलौलीमा नै चढाइन्छन्। मन्दिरमा चढाइएका युवतीहरूलाई स्थानीय भाषामा देउकी भनिन्छ। उनीहरूको मुख्य काम दैनिक मन्दिर जानु, पूजाका सर-सामग्री तयार गरिदिनु तथा मन्दिरको हेरचाह गर्नु हुन्छ। तर आजभोलि एक देउकी भन्छिन् "हामी स्वाली चाडवाडमा जान्छौं।" पहिला पहिला जस्तो स्थानीय मन्दिरमा स्थानीय युवती चढाउने प्रचलन घटिरहेको छ। देउकीले आफु चढाइएको मन्दिरमा नै काम गर्नु पर्छ।

मेलौलीको देहीमाण्डु देउकीहरूको गाउँ हो। त्यहाँ विशेष जातिको बसोबास छ। त्यहाँ रहेका जातिहरू - देवकाश, नेगी, नायक देशका अन्य क्षेत्रहरूमा उतिपाइन्दैनन्। केहीको भनाइ छ - "यी देउकीहरूका सन्तान हुन्"। यसै सम्बन्धमा पाइने दन्त्य कथा पनि समय सान्दर्भिक नै देखिन्छ। स्थानीय वासिन्दाहरूका अनुसार प्रचीन समयमा भारतबाट राजनैतिक शरण लिन एक राजा डोटी आए। डोटीका तत्कालिन राजाले उनलाई लुकाउन मन्दिरको नायक बनाइदिए। उनको देउकीसंग अनैतिक सम्बन्ध बस्यो र सन्तान भए। अनि तिनीहरूले नायकथा लेख्न थाले। मेलौलीमा देउकीहरूका छोराछोरीले पिताको थर राख्न नपाउने रहेछन्।

देउकी प्रथाको विश्वास अनुसार देउकीको भगवानसंग विवाह भएको मानिन्छ। त्यसैले देउकीले फेरी विवाह गर्नु हुँदैन भनिन्छ। तर देउकीहरूको यौन शोषण भने हुने गरेको छ। देउकीहरूका अनैतिक सन्तानले यही कुराको पुष्टि गर्छ। साधरणतया देउकीकी छोरी नै फेरि देउकी भएको पाइन्छ। दार्चुलामा भएको खुट्टे देवी र वीर बल सिंह धामीको कथाले देउकी प्रथामा समाजको भूमिका रहेको पुष्टि गर्दछ। आजभोलि दार्चुलामा देउकीहरूको दुई परिवार मात्र बस्दछ। त्यसमध्ये एक परिवारकी कुल देवी केही वर्ष अगाडि मन्दिरमा चढाइएकी थिइन्। उनकी अनैतिक छोरी खुट्टे देवी पनि पछि चढाइन्। उनलाई वीरवल धामीले उनका भइसकेका बिना बाबुका छोराछोरी सहित स्वीकारे। वीरवल सिंह खुट्टे देवीको छोरी मुनालाई देवी हुनबाट बचाउन चाहन्थे। त्यसैले उनले पूरै परिवारलाई कञ्चनपुर लिएर जाने विचार गरे। तर गाउँलेहरूले मानेन। उनीहरूको तर्क थियो "मुनालाई लग्यौ भने खुट्टे देवी पछि कसलाई देउकी बनाउने ? मन्दिरको हेरचाह कसले गर्छ ?" तर विभिन्न बाधा अड्चनका वावजुद पनि उनीहरूको परिवार कञ्चनपुर आयो।

प्राय मन्दिरमा चढाइने देउकीहरू नायक, नेगी, राउत, धामी, देवकाश जातिहरूबाट किनिन्छ। फेरी युवतीहरू पनि प्राय मेलौलीबाट नै किनिन्छन् र अर्को गाउँमा लगेर चढाइन्छन्। एक युवतीलाई दस हजार भन्दा बढी मूल्यमा किन्ने गरेको पाइन्छ। युवतीको मूल्य परिवारको मोलमोलाइ गर्ने शक्तिमा पनि भर पर्छ। युवतीहरू क्रेता वा चढाउनेको इच्छा पूरा गर्न चढाइन्छन्। खरीदकर्ताका त्यस्ता मनोकांक्षा जे पनि हुन सक्छन्। जस्तैः विमारी निको पार्ने, मुद्दा जित्नु, सन्तान पाउने, प्राकृतिक प्रकोप निर्मूल पार्ने यसता यस्ता अनेकौं। विगतमा माता-पिता स्वयं नै आफ्नी छोरीलाई आफ्ना इच्छा

पूरा गर्न चढाउने गर्थे । तर आजभोलि छोरी बेच्ने अर्को भरपर्दो आर्थिक उपार्जन भएको छ । छोरी विक्री गरिएको भए पनि आफुसंगै रही हाल्छे तथा घरको काम गरी हाल्छे । अनि दहो रकम किन हात नपार्ने ? उसको पछिको जिन्दगी जेसुकै होस्, के मतलब ? गाउँका धनी, जमिन्दार तथा शक्तिवान मानिसहरू क्रेता छन् । उनीहरू गाउँ मै जान्छन् वा केटीका आफन्त मार्फत संपर्क गर्छन् । उनीहरू प्राय नगद नै दिन्छन् । केटीका अभिभावक आफ्नै कामदार छन् भने अन्य वस्तुहरूमा पनि सहमती हुन्छ । क्रेताले केटीलाई आफ्नै घरमा ल्याएर राख्ने चलन थियो । तर आजभोलि केटी घरमा ल्याएर राख्नाले समस्या खडा हुन सक्ने हुनाले मौखिक रूपमा नै स्वीकार गरिन्छ । आजभोलि पहिला जस्तो युवती चढाउने संपूर्ण विधि गरिंदैन । पहिला पहिला युवतीलाई विशेष श्रृंगार पटार तथा बाजागाजा सहित मन्दिरमा लगिन्थ्यो । मन्दिरमा पण्डितले आवश्यक पाठ गरेपछि केटीको टाउकोमा तातो तेल लगाइन्थ्यो । तर आजभोलि मानिसहरू पण्डितको पाठ आफैं गर्छन् । खेली रहेकी युवतीको टाउकोमा तातो तेल हालिदिन्छन् । त्यसपछि उ देवी हुन्छे । केटीहरू ४ देखि १२ वर्ष भित्रमा चढाइन्छन् । उनका नयाँ आमा-बाबु (जसले उनलाई किनेको हुन्छ) ले उनको पछिको जीवन हेर्न वाचा बाँधेका हुन्छन् । तर व्यवहारमा त्यो पाइँदैन । देउकीहरूलाई चाडवाडमा केही खर्च र लुगा मात्र दिने गरेको पाइन्छ । आफू देउकी भइसकेपछि पनि उनी आफ्नै परिवारमा रहन्छिन् । उनका साथीहरू तथा गाउँलेलाई पनि उनी देउकी भएको कुरा जानकारी गराइएको हुँदैन । जब देउकी विवाह योग्य हुन्छिन् उनका आएका विवाहका प्रस्तावलाई आफ्ना आमा बाबुले अस्वीकार गरेको देखेपछि सत्य थाहा हुन्छ । एकपटक चढाइ सकिएकी देवी फेरी चढाउन नहुने मान्यता रहेको छ ।

देउकी प्रथालाई कायम राख्न धामी तथा पूजारीको महत्वपूर्ण भूमिका छ । यस क्षेत्रमआ डाक्टरमाथि भन्दा पनि धामी उपर जनतालै धेरै विश्वास गर्दछन् । आफूलाई कुनै पनि गाह्रो अप्ठ्यारो पर्दा धामीकहाँ नै जाने चलन पाइन्छ । त्यसपछि मात्र उनीहरू स्वास्थ चौकीलाई सम्झन्छन् । सर्वसाधारण त के कुरा केही शिक्षित मानिसहरूमा पनि यही प्रवृत्ति रहेको छ । धामीले कुनै रोग निको पार्न वा समस्याको समाधान गर्न देवीलाई खुशी पारे हुने सल्लाह दिन्छ । जस बमोजिम अर्की युवती देउकी बन्न पुग्छिन् ।

मेलौलीमा एक सरकारी विद्यालय, एक निजी विद्यालय, कृषि विकास बैङ्क तथा स्वास्थ चौकी छ । पाटनबाट एक दिनको बाटो हिंडेपछि मेलौली पुग्न सकिन्छ । तर मेलौलीबाट भारतको गाउँ पुग्न केवल दुई घण्टा मात्र लाग्दछ । गाउँमा काम गर्ने उमरका मानिसहरूको उपस्थिति प्राय शून्य नै छ । बाल बच्चा र महिलाहरू मात्र देख्न पाइन्छ । केही व्यक्तिहरूले बताए । -"अधबैंसे मानिसहरू जाडोमा कामको खोजीमा भारत जान्छन्" । अर्को सत्य पनि छ कि अधिकांश देउकीहरू बाल बच्चा तथा आफ्ना आमासंग बस्छन् । प्रायले जग्गा अधियामा कमाउने गरेको पाइन्छ । तर त्यसको उब्जनीले खान पुग्दैन । उनीहरूको गरिबी देख्न र अनुभव गर्न सकिन्छ । आमदानीको अर्को उपाय छैन । त्यसैले स्थानीय रूपमा नै वेश्यावृत्ति रहेको कुरालाई नकार्न सकिंदैन । उनीहरू आफ्ना दैनिक आवश्यकताका कुराहरू जस्तैः नून, तेल, लुगा इत्यादिका लागि पनि वेश्यावृत्ति गर्छन् । मन्दिरका पूजारीको नै देउकीहरूसंग अनैतिक सम्बन्ध रहने कुरा चर्चामा आइरहेको हो । तर देउकीहरूको कुराकानीमा उनीहरूले यस विषयमा बोल्न चाहेनन् । यद्यपि उक्त कुराको खण्डन गरेनन् तर आफैंमाथि त्यस्तो व्यवहार भएको कुरा कसैले नस्वीकार्न मानेन् ।

विगतमा देउकीलाई मन्दिरमा चढाइसकेपछि उनीहरू मन्दिरमा नै बस्नु पर्थ्यो । तर आजभोलि उनीहरू आफ्ना आमा बाबुसंग बस्न पाउँछन् । यदि आमाले चाहेमा उनी विद्यालय जान

पाउँछन् । यौन स्वतन्त्रता छ । देउकी प्रथा अमानवीय चलन हुँदा हुँदै पनि हाद यस प्रथामा केही खुकुलोपन आएको छ । देउकीहरू अशिक्षित छन् र उनीहरूको आफ्नो खेती छैन । त्यसै कारणले पनि उनीहरू वेश्यावृत्ति तर्फ लाग्दछन् । मेलौली जहाँबाट मुख्य रूपले चेलीबेटी बेचबिखन तथा चढाउने काम हुन्छ, त्यहाँ मुश्किलले ३०/३५ देउकीहरू रहेका छन् । स्थानीय बासिन्दाहरूको भनाई अनुसार प्राय देउकीहरू जिवीका उपार्जनको निम्ति बम्बई, महेन्द्रनगर तथा नेपालगंज जाने गर्दछन् । गाउँले भन्छन् - "यहाँ बस्ने केहीको मुख्य आय श्रोत वेश्यावृत्ति नै रहेको छ ।" एक जना स्थानीय पसले भन्छन् - "केही वर्ष अघि एक अनुसन्धानकर्ता देउकी सम्बन्धी अनुसन्धानका निम्ति आएका थिए । तर राती उनी केटी खोजी रहेका थिए ।

सरकारी कर्मचारीहरू आफू मेलौली बसुन्जेलसम्म रखौटीको रूपमा देउकीहरूलाई राख्छन् । भारतीयहरूले पनि देउकीहरूलाई केही महिना वा वर्षको लागि लैजाने गरेको पाइन्छ । स्थानीय धनाढ्यहरू पनि दोश्रो वा तेश्रो पत्नीका रूपमा देउकीहरूलाई राख्छन् । यस्तै एक स्वास्थ कर्मचारीले आफू मेलौली बसुन्जेल तथा सरूवा भएपछि पनि केही महिनासम्म एक देउकीलाई राखेका थिए । उनका पाँच छोरीहरू भए । तर ती कर्मचारीले कुनै खर्च वर्च समेत नदिई उक्त देउकीलाई छोडी दिए ।

आजकाल मेलौलीका युवाहरू विद्यालय जान्छन् । उनीहरू देउकी प्रथाको बारेमा कुरा गर्न पनि चाहँदैनन् तथा आमा-दिदिहरूले गरेको पनि मन पराउँदैन । यस्तै एक देउकीसंग कुरा गरिरहेको बेला युवाहरू स्थानीय भाषामा देउकीलाई कुरा नबताउन जोड दिइरहेका थिए । युवाहरू भन्छन् - "हामी हाम्रा दिदी बहिनी देउकी बनाउने छैनौ । तर विडम्बना के छ भने आफ्ना दिदी बहिनी देउकी बनेको उनीहरूले थाहा नै पाउँदैनन् । उनीहरू देउकी प्रथाका बारेमा बभन्न आउने मानिसहरू देखि वाक्क भएका छन् । सबै मानिस कुरा सोध्न र बुझ्न मात्र आउँछन् । "हाम्रा दिदी बहिनीका फोटाहरू सहित लेख छाप्छन् । तर हामीले के पाउँछौं ?" आजसम्म मेलौलीमा सहयोग गर्ने वचन दिदै छ वटा टोली गइसक्यो । तर उनीहरूको अवस्था पहिले कै स्थितिमा छ ।

सरकारले घरेलु कारखानाको स्थापना गरेको थियो । तर त्यो पनि बन्द भइसकेको छ । घरेलु कारखानाले सिलाई बुनाई सिकाउने गर्थ्यो । तर उनीहरूको उत्पादनका निम्ति बजारको व्यवस्था थिएन । जसले गर्दा कार्यक्रम सफल हुन सकेन । हालसम्म तीन जना देउकी पुलिस सेवामा कार्यरत छन् । केही वर्ष अघि देउकीका आठ जना छोरीहरूलाई शिक्षा दिक्षाका निम्ति श्री ५ को सरकारले काठमाण्डौ ल्याएको थियो । तरआजभोलि देउकीहरूका निम्ति कार्यक्रम न सकारले न गैर सरकारी संस्थाहरूले नै योजना बनाएका छन् । अनुसन्धानका निम्ति गएका केही ठूलावडाले उनीहरूका छोराछोरी काठमाण्डौमा पढाइदिन्छु भनेर ल्याउँछन् । यस्तै एक वर्ष अगाडि त्यहाँ गएका एक डाक्टरले एकजना देउकीको आठ वर्षीया छोरी पढाइ दिन्छु भनेर काठमाण्डौ ल्याएकी थिइन् रे । गाउँलेका अनुसार ती वालिका तिनै डाक्टरको साथीको घरमा काम गर्छिन् । तर विद्यालय पढाइएको छैन ।

विगतमा देउकीहरू निकै सम्मानित थिए । तर समयको क्रमसंगै यस प्रचलनमा आएका नराम्रा चलनले यसको गरिमा स्वयं उनीहरूका दृष्टिमा पनि खस्केको छ । तर यहाँका मानिसहरू देउकीहरूलाई घृणा गर्छन् । तर समाजमा विद्यमान प्रचलनलाई होइन । पश्चिम नेपालमा देउकी प्रथा पछाडि रहेको अमानवीय तथा शोषण थोरैले मात्र बुझेका छन् जस्तो लाग्छ । देउकी प्रथाका पक्षपाटीलाई कार्वाही गर्ने कुनै नियम कानून छैन । तर मानिस बेचबिखन र देह ब्यापार विरूद्ध ऐन अन्तरगत अपराधीहरूलाई कारवाही हुन सक्छ । आजसम्म ८ जना मानिस देउकी चढाएको आरोपमा समातिएका छन् । तर त्यो पनि ३९ वर्ष अगाडिको घटना हो । देशमा प्रजातान्त्रिक सरकार आइसकेको भए पनि महिलाहरूको यस उत्पीडन तर्फ कुनै ध्यान दिएको छैन ।

अनुसूची - ९

राजनीति पीडित महिलाहरु

जनआन्दोलन पीडितका रूपमा हामीले ती महिलाहरूलाई समावेश गर्न खोजेका छौं जसले आफ्नो जवानी, प्रियजन, पारिवारिक सदस्य, जिन्दगी, शरीरका अंगहरू गुमाए अथवा आफ्नो सर्वस्व गुमाए।

नेपालमा १०४ वर्षसम्म राणा शासन थियो। वि.सं. २००७ सालको आन्दोलनले राणा शासन त हटायो। तर १० वर्ष पनि नबित्दै देशमा पञ्चायत शासन प्रणाली शुरू भयो। तत्कालिन राजा महेन्द्रले निर्वाचित सरकारलाई अपदस्थ गरी पञ्चायती व्यवस्था लागु गरे। तर त्यसको भोलि पल्ट देखि नै पञ्चायत विरोधी अभियान शुरू भयो। देशमा प्रजातन्त्रको स्थापना गर्न जनताको ठूलो पंक्ति संघर्षमा उत्रियो। नेपालीले वि.स. २०४६, चैत्र २६ गते देशबाट निरंकुश पञ्चायति व्यवस्थालाई हटाई प्रजातान्त्रिक सरकार स्थापना गर्न सफलता प्राप्त गरे।

जनआन्दोलनमा धेरैले प्रजातन्त्र र मानवअधिकारका निम्ति आफ्नो प्राण आहुती गरे। कोही जुलुशमा, कोही आफ्नो काममा बाटोमा हिंड्दै गर्दा भने कोही झ्यालबाट चियाइरहेको अवस्थामा गोली लागि दिवंगत भए। यसरी २०४६ को आन्दोलनमा जनता प्रजातन्त्र तथा मानवअधिकार रक्षाको निम्ति लडेका थिए, उनीहरूले आफ्नो प्राण आहुती गरेका थिए।

गृह मन्त्रालयले २०४६ को जनआन्दोलनमा २६ जना शहीद भएको तथ्याङ्क देखाएकोछ। तर मानवअधिकार सम्बन्धी संघ संस्थाहरू ८५ जना शहीद भएको तथ्याङ्क अगाडि सार्दछन्। तर यस तथ्याङ्कमा पञ्चायत कालको ३२ वर्ष भित्र राजनैतिक कारणबाट मारिएका मानिसहरूको संख्या समावेश छैन। पञ्चायतकालमा राजनैतिक वा सचेत नागरिकलाई जेलमा थुन्ने, यातना दिने तथा जेल सरूवा गर्ने वाहानामा मारिदिने जस्ता घटनाहरू धेरै नै भएको पाइन्छ। २०४६ को जन आन्दोलन पश्चात गठित "हराएका व्यक्ति खोजवीन समिति" ले २०१७ साल यता ३०० जना व्यक्तिहरू हराइरहेको प्रतिवेदन पेश गरेको छ। तर त्यसमा शहीदको संख्या समावेश गरिएको छैन। आन्दोलन पश्चात सरकारले मल्लिक आयोगको गठन गऱ्यो। जसले जनधनको क्षति तथा त्यसका निम्ति जिम्मेवार व्यक्तिहरूका विषयमा छानवीन गर्ने जिम्मेवारी लिएको थियो। मल्लिक आयोगले आफ्नो प्रतिवेदन पनि बुझाई सक्यो। तर त्यस उपर कुनै कारवाही भएको छैन। जनताको माग तथा दवावका बाबजुद पनि सरकारले आयोगको छानवीन प्रतिवेदन बाहिर ल्याएको छैन।

२०४६ साल चैत्र २४ गतेको घटना पश्चात पनि विभिन्न व्यक्तिहरू मारिएका छन्। चैत २६ गते राती नै बहुदलीय व्यवस्थाको घोषणा भएपछि विजय उत्सव मनाउन निस्किएका निर्दोष जनता समेत गोलीको शिकार बने। तत् पश्चात पनि राजनीतिक गतिविधिमा लाग्ने नागरिकहरूको प्रहरीको

गोलीद्वारा मृत्यु भइरहेकै छ। तर सरकारले प्रजातन्त्रको स्थापना पश्चात राजनीतिक अधिकारको उपभोग गर्ने क्रममा पुलिसको गोलीबाट मर्नेहरूलाई शहीद घोषणा गरेको छैन।

जनआन्दोलनको सफलतापछि देशका प्रत्येक नागरिकले आ-आफ्नो बुताले भ्याएसम्म शहीद तथा घाइतेका परिवारको सहयोगका निम्ति अर्थ संकलन गरे। शुरू शुरूमा सहयोग रकमहरू विभिन्न संघ संस्थामा जम्मा भएको भए पनि पछि उठेका सबै रकम सरकारी कोषमा समावेश गरियो। जसबाट प्रत्येक शहीद परिवारका निम्ति १ लाख रूपैयाँ बैंकमा राखिदिने निर्णय गरियो। ०४६ चैत्र २६ गते पछि प्रहरीको गोलीद्वारा मारिएका व्यक्तिहरूका निम्ति उपरोक्त बमोजिमको रकम उपलब्ध छैन।तर तिनीहरूको परिवारलाई पनि आर्थिक सहायता आवश्यक छ। बालाजुमा मण्डलेहरूद्वारा मारिएका पुष्प नापित आफ्नो श्रीमती तथा तीन छोरा छोरी छोडेर गएका छन्। उनीहरूको न आफ्नो ओत लाग्ने छानो छ न उनीहरूको परिवारमा आर्थिक उपार्जनमा लागेका अन्य सदस्य नै छन्। एकदिन अगाडि मारिएको व्यक्तिले विभिन्न आर्थिक सहयोग तथा सम्मान पाएको छ। तर भोलि पल्ट मारिनेको लागि त्यो सुविधा उपलब्ध छैन। जब कि दुबैले समान स्वार्थको लागि आफ्नो प्राण आहुती गरेका थिए।

हामीलाई स्वतन्त्र नागरिक बनाएरविदा भएका शहीदका परिवारहरू कसरी बाँची रहेका छन् ? के हामी उनीहरूको योगदानको उचित मूल्याङ्कन तथा कदर गरिरहेका छौं ? शहीद दिवसको नाममा गरिने भाषण, जुलुसहरू तथाअन्य कार्यक्रमले उनीहरूलाई के फाइदा पुऱ्याएको छ ?

पुलिसको यातना वा गोलीबाट परिवारको प्रमुख आयकर्ताको देहवसान भयो भने वा घाइते भई असक्त भयो भने एउटा परिवारकै विचल्ली हुन पुग्दछ। दैनिक गुजारा चलाउन तथा आफ्ना बालबच्चालाई शिक्षा दिन नै मुस्किलको सामाना गरिरहेका शहीद परिवारहरूलाई यथार्थ रूपमा व्यवहारिक सहायताको आवश्यकता छ।

आफ्ना पतिलाई राजनैतिक संलग्नताको निम्ति पारिवारिक समस्याबाट मुक्त गरिदिने महिलाहरूको योगदान पनि सानो छैन। देशमा प्रजातन्त्र ल्याउन त्यस्ता महिलाहरूको पनि प्रत्यक्ष तथा परोक्ष संलग्नता थियो। उनीहरूको मूल्याङ्कन पनि सम्बन्धित पार्टीहरू तथा सरकारबाट हुन आवश्यक छ।

"उत्पीडित महिला मंच" को आयोजना विविध क्षेत्रमा अन्याय स्वपेर बसिरहेका वा बस्न वाध्य गराइएका महिलाहरूको समस्यालाई राष्ट्रिय जीवनको प्रकाशमा ल्याउने उद्देश्यले भएको थियो । परम्परागत मान्यता र संस्कार, सामाजिक अन्याय, अर्थतन्त्र र शहरीकरण तथा असंतुलित विकास र बिग्राएको वातावरणले समेत नेपाली महिलाहरूको जनजीवनलाई प्रभावित तुल्याएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा आयोजित उत्पीडित महिलाहरूको नेपालगंजमा भएको जमघटले ती महिलाहरूको समस्यालाई नजिकबाट बुझ्न पत्रकार, दातृसंस्था एवं अन्य जिज्ञाशुहरूका निम्ति एउटा राम्रो मौका प्रदान गरेको थियो ।

यद्यपि नेपालगंज जमघट इन्सेकको त्यस क्षेत्रमा एउटा सुरूवात मात्र हो तथापि भविष्यमा राष्ट्र भित्र र दक्षिण एशियाली क्षेत्रमा समेत महिला उत्पीडनका लुकेर रहेका तथ्यहरूलाई दृष्यमा ल्याउने उद्देश्यका निम्ति भने यसले राम्रो सघाउ पुऱ्याएको छ । उचित मौका पाए भने उत्पीडनको जाँतोमा पिसिएका निरिह महिलाहरूले पनि आफ्ना धेरै कुराहरू प्रष्टसंग भन्न सक्दा रहेछन भन्ने कुराको उदाहरण पनि उक्त कार्यक्रमले देखाएको छ ।

आफ्नै पतिको उत्पीडनका कारण शारीरिक असक्तता र मानसिक पीडा वोकेर वाँच्ने आइमाईहरूको गणना गर्ने हो भने सीता देवी यस देशमा एक्लै पर्दिनन । र यो देशमा कमैया एवं सुकुम्वासी जीवन विताइ रहेका थुप्रै-थुप्रै जुग्रीं थारूहरू पनि छन् । नेपालगंजको कार्यक्रमले त्यस्तै असंख्य सितादेवी र जुग्रीं थारूहरूको प्रतिनिधिका रूपमा उनीहरूलाई आ-आफ्नो समूदाय वा वर्गको समस्या निर्धक्क रूपमा प्रस्तुत गर्ने मौका दिएको थियो । चेलीवेटी व्यापारको घृणित पंजाबाट जसोतसो उम्कन सफल भएका महिलाहरूले मात्र होइन वर्षैं देखि देहव्यापारको खाडलमा जाकिएका वादीहरूले पनि कार्यक्रममा मर्मस्पर्शी तथ्यहरू खुलस्त भएर फिंजाएका थिए । प्रस्तुत प्रतिवेदनमा राष्ट्रिय जीवनका विविध पक्ष मध्ये केही पक्षका उत्पीडित महिलाहरूको त्यस्तै खुलस्त र न्यायका निम्ति अपील गरिएको आवाजलाई समाहित गर्ने प्रयास गरिएको छ । महिलाहरूका निम्ति काम गर्ने स्वदेशी एवं विदेशी संघ संस्था र महिलाहरू माथि भइरहेको उत्पीडनका विरूद्ध लडिरहेका संस्थाहरू वा त्यस विषयमा अभिरूची राख्ने जो सुकैलाई यस संक्षिप्त प्रतवेदनले केही मात्र भए पनि सघाउ पुऱ्याउन सक्यो भने इन्सेकले आफ्नो पहिलो जमर्को फेरी सफलताको अर्को खुड्किलोमा पुगेको मान्नु पर्ने हुन्छ ।